जिल्ला प्रशासन कार्यालय रूपन्देही द.नं. १४३/०७०/०७१

वर्ष ७ अंक २, मंसिर २०७६

ओझेल भित्रका वास्तविक सचेतना अभियान
हाम्रो गोरेटो
राष्ट्रिय मासिक

**संरक्षक**
नेपाल मगर संघ, ५ नं. प्रदेश समिति
देवराज खनाल
लीला राना मगर
सूर्य श्रीस मगर
**सल्लाहकार**
सांसद तुलाराम घर्ती मगर (वसन्त)
लोकबहादुर थापा
बालकृष्ण काउछा मगर
डि. बि. पुन मगर
गणेशमान महतो
**कानूनी सल्लाहकार**
अधिवक्ता सुरेन्द्र थापा मगर
**प्रबन्धक**
तारा पुन मगर
**संवाददाता**
सुरज थापा
संगीता थापा
श्रीधर पोखेल
नरबहादुर गुरूङ
शिव थापा मगर
तेज बहादुर थापा मगर
दायना मकवानी मगर
किशोर गुरूङ
सिंह बहादुर ढेंगा मगर
प्रशान्त घर्ति मगर
**अतिथि सम्पादक**
गणेशमान गुरूङ
**सह-सम्पादक**
सीता गाहा मगर
**कार्यकारी सम्पादक**
चन्द्रा थापा मगर
**प्रधान सम्पादक/प्रकाशक**
तुलबहादुर दर्लामी मगर (अरूण)
**कम्प्युटर रूपाङ्कन**
बिरेन्द्र सिंजाली मगर

**मुद्रण**
सत्यशिला अफसेट प्रेस, ९८४७४७५९१३
बुटवल-१०, रूपन्देही
**प्रधान कार्यालय**:
बुटवल-६, ट्राफिक चोक, रूपन्देही
फोन नं.: ९८४७४६१७७०, ९८४६०४६४६७
E-mail: hamrogoreto@gmail.com

# यस भित्र . . .

| | |
|---|---|
| हाम्रो गोरेटो ७ औं वर्ष प्रवेश तथा अनलाईन न्यूज मन्त्री बरालद्वारा उद्घाटन | ५ |
| पार्टी एकता, राजनीतिक कार्यदिशा र जनवादी केन्द्रियताः एक चर्चा | ७ |
| बढ्दो प्रविधिको प्रयोग र यसका असरहरू | ११ |
| चिया गफमा राष्ट्रिय राजनीतिको चर्चा | १५ |
| हाम्रो गोरेटो र सहकारी मोडल | १७ |
| देश विकासको लागि उद्योग व्यवसाय जरूरी | २१ |
| भारतीय मगर जनजातिमा सूचिकृत गराउन माग गरिरहेका छौं | २२ |
| लैङ्गिक हिंसा विरूद्ध उत्रेको १६ दिने अभियान | २४ |
| लोक संगीत जर्गेनाका लागि मौलिकपन हुन जरूरी | २७ |
| मर्निङवाकले दिएका सन्देशहरू | २९ |
| वैवाहिक जीवनमा रूप महत्वपूर्ण कि गुण | ३२ |
| ग्रेटर नेपाल | ३५ |
| एम.जि. क्लवद्वारा समाजसेवी सरूलाई सम्मान | ३७ |
| वही छत पे वही जुते ? | ३९ |
| विश्वकै सबैभन्दा कान्छी प्रधानमन्त्री | ४० |
| तेह्रौं साग खेलकूदमा नेपाललाई अभूतपूर्ण उपलब्धि | ४१ |

## पाठकवर्गमा अनुरोध

**हाम्रो गोरेटो** राष्ट्रिय मासिक पत्रिका छैठौं वर्ष सफलताकासाथ पूरा गरी **सातौं** वर्ष प्रवेशसँगै **अनलाईन न्यूज** सहित निरन्तर प्रकाशन भइरहेका सुखद अवसरमा आदणीय लेखक, पाठकवर्ग, विज्ञापनदाता एवं शुभेच्छुकहरूमा धन्यवाद एवं हार्दिक आभार व्यक्त गर्दै यहाँहरूको निरन्तर लेख, रचना, विज्ञापन एवं सहयोग साथै स्वस्थ्य प्रतिक्रियाको लागि हार्दिक अनुरोध गर्दछौं।

ओझेल भित्रका वास्तविक सचेतना अभियान
हाम्रो गोरेटो
राष्ट्रिय मासिक

Online News:
**hamrogoreto.com**

**प्रधान कार्यालयः**
**बुटवल-६, ट्राफिकचोक, रूपन्देही**
**मो. ९८४६०४६४६७,**
९८५७०२९२६७, ९८४७४६१७७०
Email:hamrogoreto@gmail.com

## सम्पादकीय

# समृद्धिको नारा र जर्जर राज्य !

नेपाली नागरिकको मानसिकतामा अहिले समृद्धिको नाराको विज विजारोपण भएको छ। समृद्धिको विज उन्नत जातको हो वा परम्परागतको हो वा कुहिँएको, मक्किएको हो भन्ने कसी लगाउन नै बाँकी छ। यो विषयमा नेपाली नागरिकहरुले स्वः मूल्याङ्कन गरिरहेका छन्। उन्नत एवम् विकासे विजलाई विजारोपण गर्नु पर्ने समयमा सरकार आन्तरिक भागबन्दा र नीतिगत अस्पष्टतामा अल्झिएको छ। यति बेला मुलुकमा दुई तिहाईको सरकार छ। नेकपाका अध्यक्ष एवम् प्रधानमन्त्री के.पि. शर्मा ओली र अर्का अध्यक्ष पुष्पकमल दाहाललाई मुलुकको स्वाधिनता र स्वाभिमान जोगाउन सक्ने र मुलुकलाई आमूल परिवर्तन गरी विकसीत एवम् समृद्ध राज्यको रुपमा स्थापित गराउन सक्ने अवसर र समय आएको छ।

मुलुकको राज्य शक्ति बाँडफाँडमा तीन तह बीच जटिलता आइरहेको छ। शासकीय स्वरुपमा जटिलता देखिएको छ। कुन तहले के कति अधिकार ग्रहण गर्ने भन्नेमा स्पष्टता देखिएको छैन। शासकीय स्वरुप र शासन प्रणाली स्पष्ट नभएसम्म राज्यको स्थिति जर्जर हुने नै भयो। नागरिक समाज तथा बुद्धिजिवीहरुले समेत सरकार समृद्धिको बाटो तर्फ हिड्न नसकेको कटु आलोचना गरेका छन्। मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापित भएता पनि लोकतान्त्रिक मूल्य र मान्यता अनुरुप शासन अघि बढ्न सकेको छैन। गाउँगाउँमा समेत नेताका भरौटे, आशेपासेहरु लुटी खाने लाइसेन्सधारी राजनीतिक मुखिया बनेका छन्। पैसा खर्च गर्दा मुर्ख विद्धान हुने र गुण्डा पनि असल व्यक्तिको लेपन लगाउने निच कार्य भइरहेका छन्। त्यस्तै भ्रष्टचार, घुसखोरी जताततै बढेको छ। सरकारी जग्गा हड्प्ने भू-माफियाहरु समाजमा सम्मानीत बनि रहेका छन्। हत्या, बलत्कारको घटना दिनानुदिन बढिरहेको छ। जनप्रतिनिधिहरुको डोजर आतंक, पजेरो संस्कृति मौलाइरहेको छ। एनसेल काण्ड ज्यूकात्यूँ छ। नेपाली भूमी नांगो रुपमा भारतले कब्जा गरिरहेको छ। राज्य जर्जर अवस्थामा पुग्दा पनि सरकार मुकदर्शक भई हेरिरहेको छ। अहिले समाजसेवाको नाममा विकृति मौलाइरहेको छ तर सरकारले समृद्धिको नारा मात्र जपिरहेको छ। अन्ततः समृद्धि नारा भाषणमा मात्र सिमित रहने देखिन्छ।

मुलुकमा व्यवस्था फेरियो तर सोंच फेरिएन सोंच र अवस्था जस्ताको तस्तै परम्परावादी नै रह्यो। सामन्तवादी संस्कार र चाकडिवाजको भरमा देश चल्न थाल्यो। जसका कारण सर्वसाधारण नागरिकले यति ठूलो परिवर्तन हुँदा पनि परिवर्तनको आभास गर्न पाएका छैनन्। नागरिकहरुले जवाफदेही सरकारको अपेक्षा गरेका थिए। भोकमरी, गरिबी, अपहेलित र उत्पीडनमा पिल्सिएका नागरिकले एउटा सुन्दर समावेशी र समृद्ध नेपाल खोजेका थिए। तर संघीय लोकतान्त्रिक गणतन्त्रको उदयसँगै कानुनी राज्यको उपाहाँस भएको छ। जतिसुकै समृद्धिको माला जपे पनि संघीयताको मर्म र भावना अनुरुप शासन प्रणालीमा परिवर्तनको संरचना लागु हुन सकेको छैन। अझै पनि उत्पीडित र विपन्न वर्ग प्रति राज्यको नजर क्रुर प्रकृतिको देखिएको छ।

अतः सरकारले समृद्धिको नारा रटान गरिरहँदा सत्ता पक्षको लागि सबैभन्दा बाँधक सिद्धान्तविहीन राजनीतिज्ञहरु बीच समाजसेवाको नाममा व्यापार हुनु हो। करोडौं खर्च गर्नेहरु एकाएक नेता बन्नु हो। नीति सिद्धान्त र स्पष्ट दृष्टिकोण नहुनेहरु सत्तामा पुग्नकै लागि जति पनि पैसा खन्याउन पछि नपर्नु नै हो। अहिले उनीहरुकै नामबाट विभिन्न नामधारी भ्रष्टहरु जन्मिएका छन्। त्यस्तै राजनीतिक दलमा विभिन्न गुट, उपगुटको धन्दा चलाइरहेका छन्। दल भित्र इमान्दार, निष्ठावान नेताहरुको नाम निसान मेटाइदिएका छन्। मुलुकलाई सधैभरी सक्रमणकाल एवम् सधैको जर्जर अवस्थामा राखेमा उनीहरुको निहित स्वार्थ पुरा गर्न सकिने सम्भावना देखिन्छ। तसर्थ सरकारको "समृद्ध नेपाल र सुखी नेपाली" को नारा नारामै सिमित हुन नदिइ व्यवहारमै लागु हुने गरि अवस्थामा परिणत गर्नलाई दलगत स्वार्थ भन्दा माथि उठ्न सक्नु पर्दछ। राजनीतिमा गुटको धन्दा त्याग्न सक्नु पर्दछ। दल, समाज र मानिस-मानिस बीचमा एकता, सद्भाव र भाइचाराको सम्बन्ध स्थापित गर्नु सक्नु पर्दछ। तब मात्र सरकारको समृद्धिको नारा पूरा हुन सक्दछ हाम्रो गोरेटो परिवार यही शुभकामना व्यक्त गर्दछौं।

# हाम्रो गोरेटो ७ औं वर्ष प्रवेश तथा अनलाईन न्यूज मन्त्री बरालद्वारा उद्घाटन






प्रदेश नं. ५ का प्रदेश सरकारका सामाजिक विकास मन्त्री सुदर्शन बरालज्यूबाट हाम्रो गोरेटो ७ औं वर्ष प्रवेश एवम् अनलाईन शुभारम्भको उद्घाटन गर्दै

बुटवलबाट प्रकाशित हाम्रो गोरेटो मासिक पत्रिका ७ औं वर्ष प्रवेश तथा अनलाईन न्यूज शुभारम्भ समारोहको ५ नं. प्रदेशका सामाजिक विकास मन्त्री माननीय सुदर्शन बरालले उद्घाटन गर्नु भयो । मन्त्री बरालले उद्घाटन मन्तव्यमा बोल्ने क्रममा हाम्रो गोरेटो सातौं वर्षमा प्रवेश र अनलाइन शुरुवातको अवसरमा शुभकामना व्यक्त गर्नु भएकोछ । यस पत्रिकाले उत्पीडित समुदायको भाषा संस्कृतिको पक्षमा वकालत गर्दै वैचारिक धरातलमा उभिएर निरन्तरता दिन सकेकोमा वधाई ज्ञापन गर्दै उत्पीडित समुदायले गर्व गर्नु पर्ने बताउनु भयो । मगर समुदायलाई रंगरसले र खानपिनले प्रभाव परेकाले समाज सुधार तथा सचेतनाको कार्यमा चासो नदिने हुँदा पत्रपत्रिकामा कमै रुची भएकाले यहाँ पनि कम उपस्थिति भएको बताउनु भयो । यदी यहीँ कार्यक्रममा ज्योती मगर आएर नाचेको भए हल खचाखच हुन्थ्यो भनेर मगर समुदायप्रति कटु आलोचना गर्नु भयो । उहाँले उत्पीडित समुदायलाई सचेत गराउँदै समाज सुधारको ऐतिहासिक कार्यको थालनी यो पत्रिकाबाट गर्नु भएकाले यात्रा कठिन तथा चुनौती पूर्ण छ तर एक दिन सफल भइने पक्का छ । पत्रिकालाई स्थापित गर्ने श्रृङ्खला पार गरिसकेकोले यस पत्रिकालाई आगामी दिनमा बचाई राख्न र टिकाई राख्न पनि सहयोग गर्ने बताउनु भयो । मन्त्री बरालले विद्यार्थी भाईबहिनी, युवाहरु समेत समेट्ने खालको लेख रचनाको साथमा ऐतिहासिक खोज, अनुसन्धानमूलक रचनाहरु राखेर उच्चस्तरका व्यक्तिहरुका साथै नयाँ पीढिलाई समेट्ने खालको लेख रचनाहरु राख्न सल्लाह दिनु भयो । त्यसै गरी मन्त्री बरालले राजनैतिक विषय




हाम्रो गोरेटो ७ औं वर्ष प्रवेश एवम् अनलाईन शुभारम्भको उद्घाटन समारोहमा ड्यासमा आशिन अतिथि वर्गहरु



प्रदेश नं. ५ का प्रदेश सरकारका सामाजिक विकास मन्त्री सुदर्शन बरालज्यूलाई हाम्रो गोरेटोका प्रकाशक/प्रधान सम्पादकबाट मायाको चिनो प्रदान गर्दै

भन्दा सामाजिक, सांस्कृतिक, आर्थिक विषयलाई प्राथमिकता दिई सबै खालका मातृ भाषि थारु, मगर, गुरुङ, नेवार आदिलाई पनि स्थान दिन सके मिडियामा फरकपन आउने बताउनु भयो।

त्यसैगरी प्रदेश न.ं ५ का सांसद माननीय तुलाराम घर्ती मगर (वसन्त) ले मोफसलको क्षेत्रमा स्वाभिमानी सञ्चार अभियानको रुपमा हाम्रो गोरेटो सञ्चालन गरेको प्रसङ्ग उठाउँदै नेपालमा पत्रकारीतामा ऐतिहासिक, राजनैतिक बिकासक्रमले हेर्दा दुई थरी प्रवृति अघि बढेको बताउनु भयो। एक थरी दलाली प्रवृति जुन जंग बहादुर राणाको नेतृत्वमा थियो। उनले अग्रेजको दलाली गरेर शासन चलाउथे भने अर्को भीमसेन थापाको प्रवृति जन चाहना अनुरुप सामाजिक, राजनीतिक, सांस्कृतिक प्रविधिको छ। जुन स्वाभिमानी धाराको न्यायपूर्ण आवाज बोकेको छ जसको प्रतिनिधित्व हाम्रो गोरेटो पत्रिकाले गरेकोले पत्रिकाको सह्राना गर्नु भयो।

त्यस्तै अर्का ५ नं. प्रदेशका सांसद पुष्पा थरुनीले शुभकामना मन्तव्य दिर्दैं जनजाति विद्यार्थीहरु कक्षामा पढ्न बस्दा सबै भन्दा पछि बस्छौं तर होटलमा बस्दा सबै भन्दा अगाडि बस्छौँ तसर्थ हाम्रा जातिहरुलाई सचेतना फैलाउने अभियानमा आवाज उठाउनै पर्ने अवस्था थियो। त्यस्को शुरुवात हाम्रो गोरेटो पत्रिकाले आवाज उठाई समानुपातिक बनाउने अभियानमा अग्रपंक्तिमा छ। र, आजबाट अनलाईन पनि शुभारम्भ भएकोले देशको कुना कुनासम्म पनि पुग्न सक्ने भएकोले खुसि व्यक्त गर्दै सफलताको शुभकामना व्यक्त गर्नु भयो।




हाम्रो गोरेटो ७ औं वर्ष प्रवेश एवम् अनलाईन शुभारम्भको उद्घाटन समारोहमा हाम्रो गोरेटोका बुटवल स्थित उर्जावान पत्रकार टिम

अहिलेसम्म प्रकाशित पत्रिकाको शुभकामना एवम् समिक्षा गर्ने क्रममा विश्लेषक एवम् दैनिक पत्रका प्रबन्ध सम्पादक ऋषि आजादले हाम्रो गोरेटो पत्रिकाले समावेशी र समानुपातिक प्रतिनिधित्वको वकालत गरेको र संघीयता प्रति दृढ अडान राखी स्वतन्त्रता प्रति स्पष्ट धारणा राखेको बताउनु भयो।

त्यसै क्रममा पत्रकार एवम् लेखक रीमा बि.सी.ले पत्रिका प्रकाशनमा हाम्रो गोरेटोले आफ्नो गोरेटो कोर्दै आवाज विहिनहरुको आवाज बुलन्द पार्दै अघि बढेकोमा शुभकामना व्यक्त गर्नु भयो उहाँले आजदेखि अनलाईन पनि शुरुवात भएकोमा अप्ठ्यारो आरोह अवरोहहरुलाई सामना गर्दै हाम्रो गोरेटोले निखारिदै तिखारिदै अगाडि बढ्नको लागि शुभकामना दिनु भयो। त्यसै गरी पत्रिकाकै संरक्षक लीला राना, गणेशमान महत्तो, संल्लाकार डीबी पुन, नेपाल मगर सघं ५ नं. प्रदेश समितिका उपाध्यक्ष धनी आले, नेपाल महिला मगर संघ ५ नं. प्रदेशकी अध्यक्ष प्रतिक्षा सिंजाली, फोनिजका सल्लाहकार एवंम् हाम्रो गोरेटोका पूर्व सह-सम्पादक तिलक पुन लगायतले शुभकामना तथा आगामी दिनमा पनि साथ र सहयोगका लागि प्रतिबद्धता व्यक्त गर्नु भएको थियो।

कार्यक्रम हाम्रो गोरेटो पत्रिकाका सम्पादक/प्रकाशक अरुण दर्लामी मगरको सभापतित्वमा भएको थियो। त्यसैगरी पत्रिकाका कार्यकारी सम्पादक चन्द्रा थापाले स्वागत मन्तव्य राख्नु भएको थियो भने कार्यक्रमको सञ्चालन पत्रिकाको संवाददाता संगिता थापाले गर्नु भएको थियो।

# पार्टी एकता, राजनीतिक कार्यदिशा र जनवादी केन्द्रियताः एक चर्चा



तुलाराम घर्ती मगर (वसन्त)

**विषय प्रवेश**

नेपाल कम्युनिष्ट पार्टी नेपाली सर्वहारा श्रमजीवि जनताको सच्चा राजनीतिक प्रतिनिधि पार्टी हो । नेपाली समाजको राजनीतिक आर्थिक र सामाजिक अन्तरविरोध लगायत समग्र अन्तरविरोध हल गर्न समाजमा कम्युनिष्ट पार्टीको आवश्यक पर्दछ। नेपाली कम्युनिष्ट आन्दोलनको सत्तरी वर्ष लामो वर्गसंघर्षका पेचिला वैचारिक र राजनतिक संघर्षका साथै सशस्त्र र शान्तिपुर्ण युद्ध र आन्दोलनमा निर्णायक अगुवाई गर्न सफल दुई शक्तिशाली कम्युनिष्ट पार्टी नेकपा एमाले र नेकपा माओवादीको ऐतिहासिक एकता पश्चात बनेको शक्तिशाली कम्युनिष्ट पार्टी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) निर्माण भएको घटनाले राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमै राजनैतिक तरङ्ग पैदा गरेको छ । सर्वहारा श्रमजीवि जनता ईमान्दार र स्वाभिमानी कार्यकर्तामा खुशी र मनोवैज्ञानिक तागत पैदा भएको छ भने देश भित्र प्रतिक्रियावादी र प्रतिगामी शक्तिहरु, देश बाहिर साम्राज्यवादी र विस्तारवादी शक्तिहरु त्रसित र आशंकीत भैरहेको अवस्था छ । यसै सन्दर्भमा पार्टी एकता, राजनीतिक कार्यदिशा र संगठन व्यवस्थापन र परिचालन सम्बन्धि जनवादी केन्द्रियताको सिद्धान्तबारे केहि चर्चा गर्न सान्दर्भिक ठान्दछु ।

**१– पार्टी एकताको आवश्यकता र महत्वबारे**

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) समकालीन नेपाली राजनीतिमा नेपाली समाजको समग्र नयाँ वर्गविश्लेषण सहित नेपाली शासन व्यवस्थाको समयानुकुल जनमुखी रुपान्तरणमा एक कोशेढुङ्गा सावित हुँदैछ । किनकी एकताको रणनीतिक र कार्यनीतिक आवश्यकता र महत्व एकताका घटक शक्ति दुबैले मसिनोसंग बुझेर नै पार्टी एकता सम्भव भएको हो । नेपाली कम्युनिष्ट आन्दोलनको सत्तरी वर्ष लामो विभाजनको पीडा दुबै शक्तिले आफ्नै जीवनकालमा स्वयंले गहिरो गरी भोग्दै आएको सच्चाई देश र दुनियाँलाई अवगत भएकै छ । प्रतिकृयावादी र प्रतिगामी शक्तिहरु विशेष गरी साम्राज्यवादी र विस्तारवादी शक्रिहरुको राजनीतिक रणनीति भनेकै फुटाउ र शासन गर हो । जनताका वर्गवैरीहरु हरदम कम्युनिष्ट शक्ति बलीयो र शक्तिशाली नहोस् भनी निरन्तर विभाजनको षडयन्त्रमा लागिरहेका हुन्छन् । यसको ताजा उदाहरण : शक्तिशाली संगठन र बलीयो जनाधार भएको तत्कालीन नेकपा एमालेको विभाजन २०५४ र नेपाली वर्गसंघर्षको उच्चरुप महान जनयुद्धको माध्यमबाट नेपाली राज्यकत्ता कब्जा गर्ने रणनीतिक राजनीतिक वैचारिक कार्यदिशा अनुरुप समानान्तर जनसत्ता संचालन गरी पुरानो सत्तासंगको शक्तिसन्तुलन सम्म पुगेर विस्तृत शान्तिसम्झौता मार्फत शान्तिप्रक्रियामा आई संसारलाई चकित पार्दै २४० सितमा १२० सित ल्याउन सफल नेकपा माओवादी २०६४ को विभाजनको दुखद पीडा र मर्म सम्बन्धित सबैलाई अवगत भएको सत्यतथ्य हाम्रा सामु जगजाहेरै छ ।

कम्युनिष्ट शक्ति जनताको दिल दिमागमा गहिरोसंग बस्न सक्ने जनवादी शक्ति हो । समाजको सहि वर्गविश्लेषण गरी समाजमा विद्यमान शोषण, उत्पीडन, अन्याय, असमानता र विभेदका जरो पत्ता लगाई त्यसलाई जरै देखि उखेल्न सक्ने वैचारिक र भौतिक दम भएको शक्ति नै कम्युनिष्ट शक्ति हो । जुन दमदार शक्तिलाई मार्क्सवादी विचार दर्शन भनेर विश्वका गर्ववैरीले आजसम्म चेतै खुल्ने गरी बुझिसकेका



छन् । मार्क्सवादी विचार दर्शनलाई जब सर्वहारा श्रमजीवि जनताले आफ्नो दिल दिमागमा राखेर स्वतन्त्रता र स्वाधिनताको लागि मृत्यु वा मुक्तिको कसम खान्छन् र त्यो मार्क्सवादी विचार दर्शनको वैचारिक शक्ति सर्वहारावर्गीय भौतिक शक्तिमा रुपान्तरण हुन्छ तब संसारका साम्राज्यवादी विस्तारवादी बादशाहहरु बेहोश भएर आफै घोडाबाट हाम फाल्छन् र जनता सामु आत्मसमर्पण गर्दछन्।

नेपाली समाजका सर्वहारा श्रमजीवि स्वाभिमानी जनताहरु आज यसै शक्तिशाली वैचारिक र भौतिक शक्तिबाट ओतप्रोत हँदैछन् । जसको नेतृत्व आज वैज्ञानिक समाजबादको रणनैतिक राजनीतिक लक्ष्य र समाजवाद उन्मुख संविधान र संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको समृद्धीका लागि राष्ट्रिय औद्योगिक पूँजीको विकास र राष्ट्रिय स्वाधिनताको कार्यनीतिक लक्ष्य सहित नेपाल कम्युनिष्ट पार्टी (नेकपा) शासन व्यवस्थाको हकदार बनेको छ। अरु स-साना टुक्रामा रहेका कम्युनिष्ट शक्तिहरुलाई पनि गोलबन्द गर्दै अगाडि बढ्ने योजना र कार्यक्रममा हाम्रो पार्टी निरन्तर अगाडि बढिरहेको छ। जनताको भरोसा र विश्वास सहित जनअभिमत प्राप्त वैधानिक कम्युनिष्ट पार्टीको रुपमा तिब्र गतिमा अगाडि बढिरहेको छ। यसै बढोत्तरी शक्तिलाई जनताको साथ र सहयोग निरन्तर रहन सक्ने खत्तरा वर्गवैरीले बुझ्न थालीसके तर हामी आफैले बुझ्न सकेनौ भने हामी र हाम्रो राजनीतिक भविष्य धरापमा पर्ने संभावना प्रबल देखिन्छ।

एकताको महत्व हाम्रा वर्गवैरीले बुझेर हामी र हाम्रो वर्ग विरुद्ध योजनाबद्ध रणनीतिक चाल चाल्ने गम्भीर संकेत उनैले दिईसके विचरा हामी आफैले बुझनै सक्दैनौ कि भन्ने गम्भीर चिन्ता र चासो जनतामा देखिई सकेको अवस्था हाम्रो सामु आउँदै छ । यसकारण जनताले भन्न शुरु गरे कि तिमीहरु बिग्रदै त छैनौ ! हाम्रा शिर्ष नेत्तृत्वहरु गम्भीर भएनन् भने खत्तरनाक साम्राज्यवादी विस्तारवादी जालमा पर्ने सन्नीकट घटनाहरु सतहमा भर्खरै देखिदै छन् क्रमशः ! यो चिन्ता र चासो मात्र हैन खबरदारी सार्वभौम र स्वाभिमानी नेपाली जनताको हो ।

यसर्थ हामी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता कार्यकर्ताहरु हामी सबैले सबै तहबाट आजै देखि बुझौं र बुझाऔं की पार्टी एकताको महत्व दूरगामी र युगान्तकारी छ। जनताले भन्दैछन् र अवश्य भन्ने छन्- यो एकता कुनै नेता विशषको पद र प्रतिष्ठाको लागि कदापी होइन। नेताहरु विशेष गरी शिर्ष नेत्तृत्वहरुले एकतालाई आफ्नो निहित स्वार्थ र व्यक्तिगत हितमा प्रयोग नगरुन् ! एकताको तागतलाई आग्रह र पुर्वाग्रहमा दुरुपयोग नगरुन् ! एकताको दम्भ नेता र कार्यकर्ताले नदेखाउन्, जनता सामु फलेको हाँगा सरी निहुरिउन्, देश र जनताको हितमा साहसिक र दुरगामी महत्वको निर्णय गर्न अलमल नगरुन् र राष्ट्रको राष्ट्रियता र जनताको स्वाभिमानलाई निरन्तर बचाएर राखुन् भन्ने जनादेश हाम्रा सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको हो । स्वाभिमानी र ईमान्दार कार्यकर्ताको पनि यसै स्पीरिटमा गम्भीर चिन्ता र चासो छ एकता हाम्रो नडगमगाओस् ! ईतिहासमा पश्चाताप गर्न नपरोस् ।!

पार्टी एकताको महत्व र आवश्यकता सार्वभौमसत्ता सम्पन्न नेपाल र स्वाभिमानी नेपाली जनताको हितमा छ नकी सबैखाले प्रतिक्रियावादी र प्रतिगामी दलाल तथा नोकरशाही शक्तिको हितमा । एकता पार्टीका वास्तविक सिपाही एवं पार्टीका सच्चा पहरेदार ईमान्दार र स्वाभिमानी नेता कार्यकर्ताले बचाउने हो, सार्वभौम सम्पन्न नेपाली जनताले हामीलाई निरन्तर साथ दिएकै छन् र दिईरहने छन् किनकी हामी कम्युनिष्ट शक्तिको तागतको परिक्षण र वैचारिक र भौतिक शक्तिको आंकलन नेपाली सर्वहारा श्रमजीवि जनताले विगत सत्तरी वर्ष देखि निरन्तर गर्दै आएका छन् । नेपालको राष्ट्रियता र स्वाभिमानको रक्षक कम्युनिष्ट शक्ति नै हो । यसको व्यवहारिक परिक्षण नेपालका कम्युनिष्टहरु २००६ साल देखि २०७६ सम्म अथक प्रयास र पहलमा छन् भन्ने तथ्य नेकपा माओवादीको नेत्तृत्वमा चलेको भिषण वर्गसंघर्ष अर्थात महान जनयुद्धको १० वर्षको राष्ट्रियता, जनतन्त्र र जनजीविकाको आँधिबहरी र राष्ट्रियताको लागि लडेको भारतीय विस्तारवाद विरुद्धको सुरुङ्गयुद्ध देखि सम्मानीय प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा रहेको अघिल्लो सरकारको विरुद्ध विस्तारवादी भारतले लगाएको ६ महिने नाकाबन्दी र त्यसको देशभक्तिपुर्ण प्रतिरोध । यसको साथै अरु साना शक्तिमा रहेका कम्युनिष्ट पार्टीहरुको पनि निरन्तर राष्ट्रिय स्वाधिनताका आन्दोलनका ज्वारभाटाहरु पनि हाम्रो सामु जगजाहेरै भएको तथ्य हो । यसबाट यो पुष्टि हुन्छ कि कम्युनिष्टहरु ईमान्दार र स्वाभिमान हुन्छन् नकी दलाल र षडयन्त्रकारी ।!

**२– राजनीतिक कार्यदिशाबारे**

कुनै पनि कम्युनिष्ट पार्टीको कार्यदिशा वर्गसंघषकै कार्यदिशा हुन्छ नकी वर्गसमन्वयको । हाम्रो पार्टीको कार्यदिशा पनि वर्गसंघर्षकै हुन्छ । कुनै पनि मुलुकको कम्युनिष्ट पार्टीको कार्यदिशा सम्बन्धित मुलुकको समाज विकासको चरण र चरित्रसंग सम्बन्धित हुनुपर्दछ र हुन्छ नै । हाम्रो मुलुकमा पनि नेपाली समाज विकासको चरण र चरित्रलाई सहि वर्गविश्लेषण गर्दा नेपाली समाज आधारभुत रुपमा सामन्तवादी चरण र चरित्रबाट पूँजीवादी चरण र चरित्रमा प्रवेश गरिसकेको छ र हाम्रो पार्टीको निश्कर्ष पनि यहि हो । यसै समाज विकासको तथ्य र पार्टीको निश्कर्षको आधारमा हाम्रो पार्टीको कार्यदिशा मरणासन्न सामन्तवादको विरुद्धको चरणबाट अगाडि बढेर उदीयमान पूँजीवादको विरुद्ध परिलक्षित हुनुपर्दछ र हुन्छ नै । हिजो जसरी सामन्तवादी शासन प्रणाली विरुद्ध जनताको जनवादी शासन व्यवस्था स्थापना गर्न जनवादी गणतन्त्र नेपाल स्थापना

गर्ने जनवादी क्रान्तिको कार्यदिशा आवश्यक हुन्थ्यो, ठीक त्यसैगरी आज त्यसबाट अगाडि बढेर पूँजीवादी शासन व्यवस्था हाम्रो सन्दर्भमा दलाल तथा नोकरशाही पूँजीवादी शासन प्रणाली र प्रवृत्तिको विरुद्ध समाजवादी शासन व्यवस्था स्थापना गर्न समाजवादी क्रान्तिको कार्यदिशा आवश्यक हुनगयो र हुनुपर्दछ। यसलाई हाम्रो पार्टीले समाजवादी आम राजनीतिक कार्यदिशा र समाजवादी विशिष्ट राजनीतिक कार्यदिशा भनेर परिभाषित गरेको छ। हेर्नुस् राजनीतिक प्रतिवेदन २०७६। यसलाई पार्टी एकताको संक्रमणकालीन परिस्थितिलाई मध्यनजर गर्दै यसको मौलीक परिभाषा नेपाली जनवादी क्रान्तिः समाजवाद उन्मुख जनताको जनवाद भनिएको छ। हेर्नुस् उही राजनीतिक प्रतिवेदन ...। यसमा अझ स्पष्टताको लागि हेरौं राजनीतिक प्रतिवेदन २०७६ को वाक्यांश- सामन्तवादको मुलतः अन्त्य भई नेपाली समाज पूँजीवादको चरणमा प्रवेश गरेको र जनवादी क्रान्ति आधारभुत रुपले सम्पन्न भएको हाम्रो निचोडले नयाँ ऐतिहासिक चरणमा सामन्तवाद विरोधी जनवादी क्रान्ति वा जनताको जनवादी क्रान्ति सम्पन्न गर्ने रणनीति वा आम राजनीतिक कार्यदिशामा परिवर्तनको माग गर्दछ। त्यसै गरी प्रगतिशील शक्ति र राष्ट्रिय पूँजीको विकास कम्जोर अवस्थामा रहेको र दलाल तथा नोकरशाही पूँजीवाद यतिबेलाको नेपाली पूँजीवादको मुल प्रवृत्ति बनेको कारणबाट तात्कालीक रुपमा समाजवाद होइन, समाजवादको आधार तयार पार्ने समाजवादउन्मुख राष्ट्रिय औद्योगिक विकास अनिवार्य कार्यभार हुनजान्छ। त्यसले तात्कालीक रुपमा दिशानिर्देशीत गर्ने विशिष्ट राजनीतिक कार्यदिशाको माग गर्दछ। यस विशिष्ट राजनीतिक कार्यदिशाको कार्यन्वयनले आम कार्यदिशा कार्यन्वयनको आधार तयार पार्नेछ। (हेनुस् राजनीतिक प्रतिवेदन पृष्ठ १८)

हाम्रो पार्टीको रणनीतिक राजनीतिक कार्यदिशा समाजवादी कार्यदिशा नै हो। ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण अनुसार समाज विकासको चरण पूँजीवादबाट समाजवादमा पुग्न समाजवादी क्रान्तिको कार्यदिशा आवश्यक पर्दछ। आजको हाम्रो नेपाली समाज सामन्तवादी चरण पार गरी पूँजीवादी चरणमा प्रवेश गरिसकेको भए तापनि देशमा राष्ट्रिय औद्योगिक पूँजीको विकास भैसकेको छैन। पूँजीको विकास त भयो तर वित्तीय पूँजीको विकास भयो, आधुनिक र परिस्कृत सुदखोरी धन्दाको रुपमा ठूला र मझौला वित्तीय संघ सस्थाहरु जसमा विकासे बैंकहरु पर्दछन्। जुन अन्तराष्ट्रिय मुद्राकोष, विश्व बैंक र एशियाली विकास बैंक जस्ता साम्राज्यवादी एवं एकाधिकार पूँजीवादी बजार व्यवस्थाका शाखाको रुपमा नेपालमा विशेषतः नेपालको गाउँवस्तीहरुमा पूजी लगानी गर्ने काम गर्दछन्। यस्तो पूँजीको बृद्धि र विकास प्रक्रियाले पूँजीवाद राष्ट्रिय हुँदैन परनिर्भर र दलाल हुन्छ। राष्ट्रिय औद्योगिक पूँजीले मात्र राष्ट्रिय पूँजीवादको विकास गर्दछ, वित्तीय पूँजीले त परनिर्भर र दलाल पूँजीवादको विकास गर्दछ। यसकारण नेपाली पूँजीवादको चरित्र राष्ट्रिय पूँजीवाद हैन दलाल पूँजीवादको भैरहेको छ। जस्तो कि नेपालमा उद्योग धन्दा कलकारखानाको विकास तिब्रगतिमा भैदिएको भए नेपाल आत्मनिर्भर अर्थतन्त्रको दिशामा अगाडि बढथ्यो। नेपाली सर्वहारा श्रमीक जनता आफनो श्रम बेच्न साहुको चर्को व्याजको रिणको भारी बोकेर विदेशमा भरिया, मजदूर र चौकीदार बन्न जानु पर्ने थिएन। नेपाली जनताको उपभोग्य वस्तु विदेशबाट आयात गर्न नेपाली पूँजी विदेशीलाई बझाउनु पर्ने थिएन। नेपाली समाजमा उपभागतावादी सोंच र संस्कारको विकास हुने थिएन। नेपालले विकास गर्न अरु धनी राष्ट्रको मुख ताक्नु पर्ने थिएन, विश्व बैङ्क, एशीयाली विकास बैङ्क, युएसएआइडी जस्ता आइएनजीओहरुलाई नेपाल सरकारले अन्न दाता मान्नु पर्ने थिएन। अमेरिका, बेलायत, जापान, युरोपीयन युनियन र भारत जस्ता साम्राज्यवादी र विस्तारवादी शक्ति राष्ट्रहरु सामु झुक्नु पर्ने थिएन, हुन्थ्यो त केबल नेपालको चाहनामा आपसी सदभावपूर्ण साथ र सहयोग।

विडम्बना ! आज नेपालको अर्थतन्त्र विदेशी रिणमा आधारित, दयाकृपामा आधारित भई परनिर्भर मात्र हैन बाध्यताले दलाल बन्नुपर्ने !? अवस्था सिर्जना हुँदैछ। जबसम्म नेपाली अर्थतन्त्र आत्मनिर्भर बन्दैन तबसम्म नेपाली पूँजीवाद पनि परनिर्भर र दलाल बनिरहन्छ। किनकी आर्थिक उत्पादन सम्बन्ध आत्मनिर्भर भए मानिसको सोंच र विचार पनि आत्मनिर्भर हुन्छ, आर्थिक उत्पादन सम्बन्ध परनिर्भर भए मानिसको सोंच र विचार पनि परनिर्भर नै हुन्छ, यो ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण अनुसार समाज विकासक्रमको सामान्य सिद्धान्त हो। यसर्थ नेपाली समाजको पूँजीवादलाई दलाल पूँजीवादबाट राष्ट्रिय पूँजीवादमा बदल्न सर्वप्रथम आर्थिक उत्पादन सम्बन्धलाई आत्मनिर्भर बनाउनैपर्छ, अनि मात्र नेपाली समाज र यसबाट पैदा हुने नेता र जनताको सोंच आत्मनिर्भर बन्दै जान्छ। जबसम्म हामी सोंचाई र बुझाईमा आत्मर्भिर बन्दैनौं तबसम्म हाम्रो भनाई र गराई परनिर्भर बरिहन्छ। यो समाज विकासक्रमको सामान्य नियम नै हो। हाम्रो उद्देश्य र दायित्व मुलुकमा आर्थिक उत्पादन बृद्धि गर्ने र जनताको परम्परागत निर्वाहमुखी उत्पादन प्रणालीलाई आधुनिक, वैज्ञानिक र व्यावशायीक बनाउँदै जनताको जीवनमा परिवर्तन ल्याउने नै हो र हुनुपर्दछ। यसर्थ हाम्रो पार्टीको समाजवाद उन्मुख राजनीतिक कार्यदिशा एवं जनताको जनवाद अनुरुप सरकारको आर्थिक नीति तथा कार्यक्रम नै समृद्धिको रहेको छ। समृद्ध नेपाल सुखी नेपाली संघीय सरकारको

नारालाई नेपाली समाजमा विशेषतः युवा शक्ति माझ जवरजस्त स्थापित गर्न जरुरी छ। आफ्नै देशका समग्र जनसंख्याको करिब ४५% शिक्षित र उर्जाशील युवा शक्तिहरु जो समृद्ध नेपाल निर्माण अभियानका वास्तविक निर्माता हुन् ती युवा जनशक्ति आफ्नो देशमा काम र अवसर नपाएर विदेशीनु पर्ने दुखद अवस्था र स्थितिमा सरकारले परिवर्तन ल्याउन साहसिक पहल गर्नुपर्दछ। "आफ्नो देशमा खाएको भाँडा नमाझ्ने तर विदेशमा टवाईलेट सफा गर्ने काम पाउँदा पनि खुशी हुने" पाखण्डी र ढोंगी नेपाली समाजको सोंच र संस्कारको विरुद्ध पार्टी र सरकारले निर्ममता पुर्वक संघर्ष र रुपान्तरणको अभियान संचालन गर्नु जरुरी छ। युवाशक्ति माझ मौलाउँदै गइरहेको "बसेर खाने आदत लाई गरेर खाने आदत" मा बदल्नु पर्दछ। यो नै हाम्रो समाजवाद निर्माण अभियानको आधार हो र हुनुपर्दछ। समाजवादी राजनीतिक कार्यदिशाको कार्यन्वयन यसै स्टेपबाट शुरु गर्नुपर्दछ, जसलाई सांस्कृतिक रुपान्तरण भन्न सकिन्छ।

**३ जनवादी केन्द्रियताको संगठनात्मक सिद्धान्तबारे**

हाम्रो पार्टीको संगठनात्मक सिद्धान्त लेनिनवादी संगठनात्मक सिद्धान्त नै हो। यसबारे पार्टीको अन्तरिम विधान-२०७५ मा स्पष्ट उल्लेख गरिएको छ। जसमा पार्टी पद्धति र परिचालनबारे प्रष्ट भनिएको छ

..पार्टीका सिद्धान्त, नीति र कार्यक्रमहरुको निर्माण तथा सबै तहका कमिटी र सदस्यहरुको संचालन जनवादी केन्द्रियताको संगठनात्मक सिद्धान्तको आधारमा गरिने छ। पार्टीले सामुहिक नेत्तृत्व र व्यक्तिगत जिम्मेवारी तथा केन्द्रिकृत नेत्तृत्व र विकेन्द्रिकृत एवं श्रृंखलाबद्ध कमिटी प्रणाली अबलम्बन गर्नेछ। महाधिवेशन पार्टीको सर्वोच्च संस्था हुनेछ र दुई महाधिबेशनको बीचमा केन्द्रिय कमिटी सर्वोच्च संस्था हुनेछ। यो पार्टी सबैखाले प्रतिक्रियावाद, अवसरवाद र संकृणताका विरुद्ध तथा सामाजिक सदभाव र राष्ट्रिय एकताको पक्षमा रहनेछ। आम जनसमुदायसंग घनिष्ट सम्बन्ध राख्दै सबै प्रकारका शोषण, उत्पीडन, विभेद, अन्याय र असमानता समाप्तीका लागि संघर्ष गर्नु र निस्वार्थ रुपमा देश जनता र क्रान्तिको सेवामा समर्पित हुनु यस पार्टीका सदस्यहरुको कर्तव्य हुनेछ। (हेनुस् विधानको प्रस्तावना)

उपर्युक्त हाम्रो पार्टीको अन्तरिम विधान २०७५ अनुसार हाम्रो नेत्तृत्व सामुहिक र जिम्मेवारी व्यक्तिगत नै हो यसको साथै आवश्यकता र अवस्था हेरी केन्द्रिकृत नेत्तृत्व र विकेन्द्रिकृत एवं श्रृंखलाबद्ध संगठनात्मक प्रणाली रहने स्पष्ट रहेको छ। जनवादी केन्द्रियता पार्टीको संगठनात्मक सिद्धान्त हो। पार्टीको संगठनात्मक जीवनमा व्यक्ति कमिटीको मातहत, अल्पमत बहुमतको मातहत, तल्लो कमिटी माथिल्लो कमिटी मातहत, सबै सदस्य तथा कमिटीहरु कन्द्रिय कमिटीको मातहत, केन्द्रिय कमिटी महाधिवेशन मातहत, र महाधिवेशन प्रतिनिधि मार्फत संगठीत सदस्हरुको मातहत हुनेछ। पार्टीको सम्पुर्ण अधिकार संगठीत सदस्यमा निहित रहने छ। निर्णय प्रक्रियामा जनवाद र निर्णय कार्यन्वयनमा केन्द्रियता प्रभावी हुनेछ। निर्णय प्रक्रियामा मत राख्ने स्वतन्त्रता र निर्णय कार्यन्वयनमा एकरुपता हुनेछ। (हेनुस् विधानको धारा ५५)

यसै गरी पार्टीको विधानको धारा ५६ मा स्पष्ट रुपमा पार्टी अनुशासन र कार्यवाहीको व्यवस्था गरिएको छ। पार्टी संगठनात्मक सिद्धान्त भनेको अनुशासन र कर्तव्यको सिद्धान्त हो। पार्टी संगठनात्मक सिद्धान्त भनेको नैतिकता र आचरणको सिद्धान्त हो। जीवनशैली र कार्यशैलीको सिद्धान्त हो। कम्युनिष्ट पार्टीमा लौह अनुशासन र सरल जीवन व्यवहार नै हो। नेतामा नैतिकताको सिमा हुनुपर्दछ। जनताले बुझ्ने भाषामा वास्तविक कम्युनिष्ट कसरी चिन्ने !? वास्तविक कम्युनिष्ट छुट्टाउने कसी बोली होइन व्यवहार हो, कुरा होइन काम हो। यसरी कम्युनिष्टलाई वास्तविक कम्युनिष्ट वनाउने एक मात्र सहि र वैज्ञानिक सिद्धान्त भनेको लेनिनवादी संगठनात्मक सिद्धान्त हो, जसलाई कम्युनिष्ट जीवनमा जनवादी केन्द्रियताको सिद्धान्त भनेर बुझिन्छ। यो सिद्धान्त सोभियत समाजवादी क्रान्तिका प्रणेता विश्व सर्वहारावर्गका महान गुरु भि आई लेनिनले आज भन्दा ठीक १०० वर्ष अगाडि प्रतिपादन गरेका थिए। जुनबला सर्वहारावर्गका महान दार्शनिक कार्ल मार्क्सले विश्वका सर्वहारा श्रमीक वर्गका लागि अजेय वैचारिक हतियार मार्क्सवादी विचार दर्शन प्रतिपादन गरेका मात्र थिए सत्ता प्राप्तीको व्यवहारिक अनुभव र संगठनात्मक पद्धति र परिंचालनको सिद्धान्त बनाइ सकेका थिएनन् जुन करिब सत्तरी वर्षपछि महान लेनिनले यो संगठनात्मक सिद्धान्त प्रतिपादन गरी संसारका कम्युनिष्टहरुलाई बाटो देखाए।

अन्त्यमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को राजनीतिक र वैचारिक कार्यदिशालाई जीवन व्यवहारमा प्रयोग गर्ने शक्तिशाली हतियार संगठन नै हो, यसलाई परिचालन गर्ने संगठनात्मक सिद्धान्त जनवादी केन्द्रियताको सिद्धान्त नै हो। यसै सिद्धान्तलाई पार्टीका नेता कार्यकर्ताहरुले ईमान्दारिता पुर्वक आफ्नो राजनैतिक जीवन व्यवहारमा लागु गर्ने नै हो। आजसम्मको कम्युनिष्ट आन्दोलनको ईतिहासमा कम्युनिष्टहरु फुट र विभाजनको जति पनि शिकार भए ती सबैले पार्टीको संगठनात्मक सिद्धान्त माथी पार्टीका नेता एवं शिर्ष नेत्तृत्ववर्गले बेईमानी गरेर नै हो। विचार र सिद्धान्तमा भन्दा कम्युनिष्टहरुको कुरा नमिल्ने संगठनमा नै हो। यसै ऐतिहासिक सच्चाईलाई आत्मसात गरौं समाजवाद उन्मुख जनताको जनवाद जीवन व्यवहारमा लागु गरौं।

# बढ्दो प्रविधिको प्रयोग र यसका असरहरू




**राम बहादुर गरंजा** (एसकुमार)

आजको युग टेक्नोलोजी र विज्ञानको युग हो। अबको समय अन्धविश्वास, कुरिती, विकृति र विसंगतीलाई दाहसंस्कार गर्दै रकेट भन्दापनि तेज गतिमा समृद्ध समाज निर्माण गर्नु हो। समयको गतिसंगै भन्दापनि मानव गतिसँगै समय हुनुपर्‍यो अर्थात मानवको अधिनष्टमा समय सञ्चालन हुनुपर्‍यो। हाम्रो बाजेको पालामा यस्तो हुन्थ्यो, हाम्रो बजैको पालामा उस्तो हुन्थ्यो भनेर बस्ने बेला होइन। किनकी विज्ञानको नियम हो अगाडि बढ्नु। हिजो नेपालका समकक्षी मुलुकहरु आज विश्व र विज्ञानलाई चुनौती दिदै प्रविधि र विकासमा छुट्टै परिचय बनाउन सफल बनेका छन्। आज नेपालमा तिनै मुलुकबाट आयातित उपभोग्य बस्तु तथा सामाग्रीहरुले मुलुक निर्भर बनेको छ। जापान, चीन, भारत, थाइल्याण्ड लगायतका देशमा ५ कक्षा पढ्ने विद्यार्थिहरुले घडी, रेडियो, मोवाइल, टिभि कम्प्युटर बनाउदै विश्वका मुलुकहरुमा राज गरिरहेका छन्। त्यतिमात्र नभएर विभिन्न ग्रहमा पुग्ने, चन्द्रमामा पुग्ने रकेट, विमान र विश्वलाई ध्वस्त पार्ने क्षेप्यास्त्र समेत निर्माण गरेका छन्। तर हामी र हाम्रो अवस्था कहाँ छ ? भन्ने कुरा मेसो पाउन नसकी अन्योलको भूमरीमा फसिरहेका छौ। जीवन र जगतलाई बुझ्न नसकी पशुझै घृणित र गन्तव्यविहिन जीन्दगी जीउदै छौ। विश्वका नागरिकहरु अहिले मान्छेसँग लड्न छाडी विपत्ती र प्राकृतिक प्रकोपसँग भिड्दैछन्। त्यतिमात्र नभएर कम्प्युटरबाटै विश्वलाई ध्वस्त पार्ने समेत विज्ञानको विकास गरिरहेका छन्। भाईरसलाई मार्ने एन्टीभाइरस निर्माण गरेका छन्। तर एन्टीभाइरसलाई चुनौती दिदै केही समय अगाडी कोरियामा सरकारका महत्वपूर्ण डकुमेन्टहरु भाईरसद्वारा ह्याकरहरुले ह्याक गरेका कुरा हामी सबैले सुनेका थियौ। त्यस्तैगरी विभिन्न देशका कम्प्यूटर पनि ह्याक गरेका कुरा र नेपालमा पनि ह्याकको डर बेला-बेलामा फैलिने गर्छ। तर हामी भने एकले अर्कोलाई सराप्न तल्लीन छौं, मान्छेसंग लड्ने अनि मान्छे मार्ने बहादुर सावित हुँदैछौं। भरिसके अरुभन्दा आफू कसरी अगाडि जाने र आफ्नो स्वार्थ कसरी पूर्ति गर्ने ? भन्नेतिर हरदम लागेका छौ।

**१. सामाजिक सञ्जाल र यसका फाइदाहरु–**

यो प्रविधिको दुनियामा म सामाजिक सञ्जाल त्यसमा पनि विशेषगरी फेसबुकको बारेमा केही कुरा लेख्न गैरहेको छु। प्रविधिको नयाँ आयाम फेसबुक, ट्वीटर, ह्वाटसएप, इन्स्टाग्राम, भाइवर, इमो, युट्युब, लिङइन, पिनटरेस्ट, मेसेन्जर जस्ता सामाजिक सञ्जालहरु अहिले प्रयोगमा आएमा छन्। सामाजिक सञ्जालमा फेसबुक, ट्वीटर, युट्युब अग्रस्थानमा रहेका छन्। आज विश्व एउटा कुनामा बसेर हेर्न, बुझ्न र जान्न सकिने भएको छ। विश्वमा भएका घटनाको सुचना तथा जानकारी थाहा पाउने विज्ञान र प्रविधिको विकास भएको छ। विश्वकै सबैभन्दा पुरानो सामाजिक सञ्जाल भनेको सिक्सडिग्रिज डटकम जुन सन् १९९७ मा उद्घाटन गरी २००० मा बन्द भएको थियो। सामाजिक सञ्जालमा विशेषगरी फेसबुकको प्रयोग बढी छ। जुकरबर्गले सन् २००४ मा अमेरिकाको हार्वड विश्वविद्यालयका विद्यार्थिको सहयोगको लागि सञ्जालका रुपमा जोड्न फेसबुक शुरु गरेका थिए जुन आज विश्वभर फैलिएको छ। यसबाट नेपाली समाज पनि अछुतो रहन सकेको छैन। बच्चादेखि बृढसम्म, विद्यार्थि देखि शिक्षक अनि प्रधानाध्यापक सम्म, बिरामी देखि डाक्टरसम्म, ड्राइभर देखि पाइलट सम्म, कार्यकर्ता देखि नेतासम्म, पिउन देखि हाकिमसम्म सबैमा फेसबुकको लत बसेको छ। केहीले फेसबुकको सहि प्रयोग गरी राम्रै फाइदा उठाएका छन् भने केहीलाई बेफाइदा भएको छ। फेसबुकले दुनियालाई



यति बिजी बनायो कि कसैलाई केही गर्न फुर्सद छैन। छोरी वर्षदिनमा आमा-बुवासँग भेट हुन्छे तर सन्चो-बिसन्चो को कुरा गर्ने फुर्सद छैन। श्रीमान-श्रीमती ४/५ वर्षमा विदेशबाट फर्किएर भेट हुन्छन् तर उनिहरुलाई जीवनयापन र भविश्यको बारेमा गफ गर्ने फुर्सद हुँदैन, दुबै आ-आफ्नो तालमा मोवाइल लिएर बिजी हुन्छन्। दिदी-बहिनी बर्ष दिनको तिजमा भेट हुन्छन् तर भलाकुसारी गर्ने समय हुँदैन।

त्यस्तैगरि दाजुभाई, इष्टमित्र, छरछिमेक दशै तिहारमा भेट हुन्छन् तर परिवार र गाउँका कुरा गर्ने फुर्सद हुँदैन, अचेल। पहिला-पहिला हलो, जुवा, कोदालो र गोरु लिएर खेतबारीमा बिजी हुन्थ्यौ। हँसिया खुर्पेटो र दोको साथमा लिएर बनजंगल र मेलापात धाउनेहरु आजभोली मोबाइल लिएर आ-आफ्नै संसारमा रमाइरहेका छन्। बिहान उठेदेखि राती अवेरसम्म फेसबुकमा व्यस्त छ जिन्दगी। हामीलाई फेसबुकले जोड्दैन, दुइजना बिच सञ्चारमात्र गराउँछ। त्यसैले नियमित भेटघाट र कुराकानी जस्तो भावनात्मक र प्रेमिल हुँदैन, भेट हुँदाजस्तो सामिप्यता र आत्मियता कायम रहन्न। किनभने मान्छे फोटोमा जस्तो सुन्दर र स्टाटस लेखेजस्तो भद्र नहुन सक्छ। त्यसैले सबैले यो यथार्थलाई बुझ्न जरुरी छ। अहिले नेपालमा कुल जनसंख्याको दुई तिहाई नेपाली मोवाइल र इन्टरनेटको पहुँचमा छन्। भने फेसबुक प्रयोगकर्ता १ करोड भन्दा बढी भएको कुरा विभिन्न अनुसन्धानले देखाउँछ। यसले मानिसको शारिरीक दुरीलाई भुलाउन मद्धत गर्छ। ४/५ वर्ष अघिदेखि फेसबुकमा लहसिएका नेपालीहरु यो सामाजिक सञ्जाल विना केही गर्न नसक्ने अवस्थामा पुगेका छन्। देश बाहिर बस्ने थुप्रै नेपालीहरुलाई फेसबुक, इमो, भाइवर, ट्वीटर जस्ता सामाजिक सञ्जालले नै दैनिक रुपमा परिवार, आफन्त, साथीसँगी र आफ्नो देशसँग सञ्जाल मार्फत बाल्यकालका साथी र वर्षौंअघि विछोडिएका आफन्त भेटेका



छन्। अनि देश भित्र पनि एउटा ठाउँको कुरा अर्को कुनामा जानकारी लिन पाइने भएको छ। जाडोमा शितलहरवाट पिडित नेपालीका लागि फेसबुक बाटै न्यानो कपडा संकलन गरेर हेल्प नेपाललाई बुझाई रविन्द्र मिश्रको अभियानलाई सघाएँ। संविधान निर्माणमा भएको ढिलाईको विरोधमा अभियान चलाउन फेसबुक अभियानले सहयोग गऱ्यो। अहिले पनि गंभिर प्रकृतिका रोग लागेका बिरामीलाई सहयोग गर्न देश-विदेशमा रहनुभएका आम नेपालीलाई फेसबुक अभियानले सजिलो बनाएको छ। त्यस्तैगरि भूकम्प, बाढीपहिरो, हावाहुरी लगायतका विपद्का घटनामा पनि एकले अर्कोलाई सहयोग र भावनामा मलम लगाउने काममा सामाजिक सञ्जालले जोडेको छ।

**२. यसका असर र बेफाइदा :–**

आजभोली हाम्रो जीवनशैली दैनिक कार्यतालिका यस्तो छ। मान्छेबाट इन्टरनेट चल्नुपर्थ्यो तर इन्टरनेटद्वारा हामी चलाइयौ। थकित ज्यानलाई ढल्काएर एसो वाइफाई कनेक्ट गर्छौ फेसबुक खोल्छौ, कसले के म्यासेज गरेछ, कसले कस्तो पोष्ट गरेछ ? कति नोटिफिकेशन आएछन् ? दिनभर के-के भएछ ? कति फ्रेण्ड रिक्वोइष्ट आए ? आफूले अपलोड गरेको स्टाटसमा कति लाइक, कमेन्ट र शेयर भए ? अनि युट्युबमा के-के नयाँ भिडियो अपलोड भए ? भनेर खोतल्न थाल्छौ। कुनै घत लाग्दो समाचार, फन्नी, जोक्स, कुनै गंभिर टिप्पणी हेर्दाहेर्दै मुड पनि परिवर्तन भइसक्छ। खाना तयार हुँदासम्म हाम्रो ध्यान मोबाइल बाट हटेकै हुँदैन। त्यस्तैगरि रातीमा पहिला-पहिला कहिलेकाँही विउझिँदा पानी पिउने बानी थियो।

तर आजभोली समय फरक छ, विउझिँएर फेसबुक, मेसेन्जर खोलिन्छ नोटिफिकेशन र म्यासेज लगायत गतिविधिको जानकारी लिइन्छ। राती अवेरसम्म फेसबुकमा समय व्यतित गरेपछि ढिलो सुत्छौ। अनि बिहान ढिलो उठ्दा टाउको भारी र आलस्य हुन्छ। उठ्ने वित्तिकै फेरी के-के भएछ भनेर फेसबुक, युट्युब, म्यासेन्जर, इमो खोल्छौ, फेरी त्यसैगरि समय बित्छ। अनि खाना खायो, अफिस गयो, त्यसपछि बेलुका घर फर्केपछि त्यही दैनिकी दोहोरिन पुग्छ। यसका राम्रा पक्षसँगै अर्कोतिर बिकृतीहरु देखा पर्न थालेका छन्। कतिपयले सामाजिक सञ्जाल उनिहरुको व्यक्तिगत भावना पोख्ने स्थानका रुपमा प्रयोग गरिरहेका हुन्छन्। उनिहरु आफ्ना प्रेमी वा प्रेमिकालाई फकाइरहेका, संझाइरहेका र धम्काइरहेका हुन्छन्। अझ कतिको त विहान उठेदेखि गुडमर्निङ बाट शुरु भई गुट नाइटसम्म गएर अन्त्य हुन्छ। सामाजिक सञ्जालमा हामी यति धेरै लिफ्त हुन थालेका

छौ कि पारिवारिक मुल्य मान्यताहरु ओभेmल पर्न थालेका छन् । सामाजिक सञ्जालमा अशिष्ट र अमर्यादित मात्र होइन, अश्लिल, फोहरी शब्द र बिम्वहरुको प्रयोग हेर्दा यस्तो लाग्छ कि हाम्रो शिष्टता, भद्दा र सहिष्णुता खस्किसकेको छ । अझ भनौ आँपको फोटो फेसबुकमा राख्यो र लेख्यो हाम्रोमा यसलाई केरा भन्छन् । अव साथीको पालो आयो, उसले कमेन्टमा लेख्छ हाम्रोमा त नास्पाती भन्छन् । अर्कोले लेख्छ हाम्रोमा मकै भन्छन्, अर्कोले लेख्छ हाम्रोमा स्याउ भन्छन्, अर्कोले लेख्छ हाम्रोमा भुइकटर भन्छन् । अर्कोतिर गोपनियता र सुरक्षाको कुरा केही छैन । आज काठमाण्डौ उडेको अवस्था, यहाँ यसो गरेको अवस्था, उसो गरेको अवस्था, पर्सि २ बजे बुटवल बसपार्कमा पुग्ने जानकारी ।

त्यस्तैगरि हाम्रो सपरिवार दार्जिलिङ घुम्न गएको अवस्था आदि इत्यादी भन्दै फोटो र लोकेसनको अवस्था बताइरहेका हुन्छन् । एकातिर यि र यस्तै स्टाटसले अपराधिक क्रियाकलाप बढाउन सहयोग गरेको छ भने अर्कोतिर सामाजिक सद्भाव भड्काउन सहयोग पुगेको छ । कहिले काँहि त यस्तो मेसेज पनि आउछ, 'यो मेसेज श्री महादेवले पशुपतिनाथवाट प्रसाद स्वरुप पठाउनु भएको हो । पचास जनालाई पठाउनु, वास्ता गर्नुभएन भने नराम्रो हुनेछ ।' २१ औं शताब्दीमा आइपुग्दा पनि अन्धविश्वासलाई गर्ने हाम्रो संस्कार नै छ भन्दा फरक नपर्ला । समय यस्तो परिवर्तन भैसक्यो, मानिसहरुमा मानवता हराउन थालिसकेको छ । बस दुर्घटना हुन्छ, आगलागी भएको हुन्छ, बाढीपहिरो गएर मान्छे विपद्मा परेका हुन्छन्, हत्या, हिंसा र बलात्कार हुन्छ सहयोगी हातहरु हुँदैनन् । लाइभ आउछन्, प्रत्यक्ष प्रसारण गर्छन् । फोटोहरु पोष्ट हुन हतार हुन्छ । मानौ कि तिनीहरु कुनै ब्रेकिङ् न्युजका समाचारदाता हुन्, जो आफ्नो कर्तव्य पुरा गर्दैछन् । अझ आजभोली च्याउ उम्रेजस्ता युट्युब च्यानलहरु समाचार प्रसारणको लागि संचारको माध्यमको भूमिकामा नभएर कुनै व्यापार व्यवसाय गर्ने निकाय जस्तै छन् । कस्तो इन्टरभ्यू लिए भिउज बढ्छ ? भन्नेतिर मात्र केन्द्रित हुन्छन् । उनीहरुलाई अरु केही सरोकार हुँदैन मात्र हुन्छ कसरी आफ्नो च्यानल बढिले हेर्छन् र कसरी बढी पैसा कमाउन सकिन्छ ? अझ युट्युबमा त 'अहिले सम्मकै उत्कृष्ट भिडियो ३ करोड नेपालीले हेर्नैपर्ने' यस्तै- यस्तै हेडलाइन । त्यस्तैगरि फेसबुकमा कतिपयले आफ्नो वास्तविक फोटो र नाम राख्दैनन् । यदि राखेमा नाम र फोटो स्टाइलिस वा सही नराख्ने प्रबृति देखिन्छ । पंक्ति अक्षर वा हिज्जे बिगारेर आफ्नो नाम राख्नुलाई उनिहरु स्टाइलिस वा सफलता ठान्छन् । यस्ता सामाजिक सञ्जाल जोबाट मानवता हराउन सहयोग पुग्छ, जसले राष्ट्रिय एकतामा प्रभाव पार्छ, जसले समाजमा विकृती ल्याउन सहयोग गर्छ, जसले समाजमा देखासिकी गर्न र तडक-भडक युक्त जीवनशैली अपनाउन मान्छेलाई प्रेरित गर्छ । इन्टरनेटमा आजभोली केटाकेटीहरु निश्चिन्त देखिन्छन् भने आफ्ना अभिभावक, शिक्षक र आफूभन्दा पाकाहरु सामाजिक सञ्जालवारे जानकार छैनन् वा भएपनि आफ्नो प्रोफाइलमा उनिहरुको ध्यान पुग्दैन ।

हामी हाम्रा वालवालिकाले डिभाइस वा एप्लीकेशन चलाउन जान्यो भनेर उसलाई स्मार्ट सोच्छौ । तर बच्चा होइन डिभाइस स्मार्ट हो । एउटा उदाहरण जतिबेला हाम्रा हातमा मोवाइल थिएनन्, त्यतिवेला हामीलाई धेरै फोन नम्बरहरु याद हुन्थ्यो, अहिले आफ्नै नम्बर पनि याद नहुने अवस्था छ । डिभाइस तथा एप्लिकेशनहरुले हाम्रो मस्तिष्कको प्रयोग घटाइदिएको छ । मोवाइल र सामाजिक सञ्जाल प्रयोगमा नेपालीले भारतियलाई जितेको कुरा हालैको एक तथ्यांडकले बताएको छ । प्रतिशतको आधारमा हेर्दा सामाजिक सञ्जालको प्रयोगमा भारतियभन्दा नेपालीको संख्या बढी छ । त्यसमा पनि १८-२४ वर्ष उमेर समुहको संख्या सबैभन्दा धेरै रहेको कुरा उल्लेख गरिएको छ । अहिले नेपालमा सार्वजनिक र सामाजिक परिचय बनाएका कतिपय 'सेलिब्रेटी' हरुलाई फेसबुकले अफ्ठ्यारोमा पार्न थालेको उदाहरण हामीले बाराम्वार सुनिरहेका छौ । केही समय अघि बेलायतमा पढेका काठमाण्डौका एक युवाले आपत्तिजनक तस्विरहरु राखिदिएपछि प्लस टु पढेकी एक युवती आमा-वुवा लिएर जि.प्र.का. काठमाण्डौ उजुरी गर्न पुगिन । केही महिना अघि काठमाण्डौ ७ बस्ने एक २४ वर्षिया युवतीको फेसबुक तस्विर मुनी 'मेरो कुमारित्व बेच्न चाहन्छु, किन्न चाहनेले यो नम्बरमा फोन गर्नुहोला ।'.............भनेर लेख्ने राजु डंगोललाई प्रहरीले नियन्त्रण गऱ्यो । त्यस्तैगरि भक्तपुर १६ की २६ वर्षिया एक युवतीको फेसबुक प्रयोग गरी उनको तस्विरको टाउको अश्लिन तस्विरमा जोड्ने काठमाण्डौ १२ टेकुका कुमार श्रेष्ठ पनि पक्राउ परेका थिए । त्यस्तैगरि एकजना १३/१४ वर्षकी बालीका ११ वर्षको हुँदा उनको साथीले फोटो इडिट गर्न प्रयोगको रुपमा जोडेर फेसबुकमा पोष्ट गरिदिएछ ।

त्यसपछि बालीकालाई फोटोमा अनेक कमेन्ट आएछ । जसले गर्दा उनले म खराबै मान्छे रहेछु भन्ने महसुस गरी शरिरभरी काट्ने अनि के-के गर्ने पछि डिप्रेशनको शिकार भएको सुनियो । केही समय अघि भिडियोहरुमा ट्रोल बनाएर प्रधानमन्त्री केपी ओली, राष्ट्रपती विद्यादेवी भण्डारी, नेकपा अध्यक्ष पुष्पकमल दाहाल, कांग्रेसका सभापती शेर बहादुर देउवालाई जनावरको शरिरमा टाउको जोडी, कतै नग्न तस्विरमा उनिहरुको टाउको जोडिएको थियो । अमर्यादित तस्विरहरु बनाएर फेसबुक र ट्विटरमा शेयर गरियो । त्यस्तैगरि डा. गोविन्द केसी अनसन बसेका बेला कांग्रेसका गगन थापा लगायतका नेताहरुको टेबुलमा वियरका वोत्तल र बियर भरेको गिलास लिएर बसेको फोटो एकाएक भाइरल भयो । त्यो चिया पिउदाको फोटो इडिट गरेर बनाएको रहेछ । त्यस्तैगरि हेलिकप्टर दुर्घटनामा परि निधन

भएका संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रि रविन्द्र अधिकारीबारे मजाक गर्दै अन्यन्त घृणित, संवेदनाहिन र अमानवीय तवरबाट सामाजिक सञ्जालमा फोटो र स्टाटसहरु शेयर भए। त्यस्तैगरी पशुपति शर्माको 'लुट्न सके लुट कान्छा' गितको प्रकरण। अस्तिभर्खर केपी ओली र विद्यादेवी भण्डारीको फोटो विगारेको आरोपमा एक जना प्रधानाध्यापक पक्राउ परे। यि त प्रतिनिधिमूलक घटना मात्र हुन। यस्ता घटना समाजमा कति छन् कति। हत्या, हिंसा, बलात्कार, चोरी, डिभोर्स लगायतका घटनाहरु सामान्य जस्तै भएका छन्। सामाजिक सञ्जाल प्रयोगकर्ता नेपालीहरुले जानेर वा नजानेर यस्ता घृणित काम गरिरहेका छन्। जसलाई सदुपयोग भन्दा दुरपयोग भैरहेको छ। कतै हाम्रो कुण्ठा पोख्न, कसैको चरित्र हत्या गर्न, अपराधिक क्रियाकलाप गर्न मान्छे उद्धेलित छन्। अभिव्यक्ति स्वतन्त्रताको नाममा हामीलाई जे मन लाग्यो त्यही गर्न छुट छैन। हामी तथ्य खोज्न भन्दापनि हल्लाको पछि दौडेर समय खेर फालिरहेका छौ। अहिले साइवर क्राइम केशमा विशेषगरि युवा युवतीहरुको बढी मात्रमा उजुरी आएको कुरा नेपाल प्रहरीको दावी छ। फेसबुक भनेको के हो भन्ने कुरा राम्रोसँग थाहाँ नभएको कारणले उनिहरु बढी हिंसाको शिकार भएका छन्। अझ बिशेषगरी बच्चा-बच्चीको हकमा १३ वर्ष अघि एकाउण्ट खोल्न पाइदैन तर उमेर बढाएर एकाउण्ट खोल्ने धैरै छन्। फेसबुकको लतको परिणाम बारे चाइनिज एकेडमी अफ साइन्सले केही मान्छेमा मस्तिष्क स्क्यान मार्फत गरिएको अध्ययनको निष्कर्ष यस्तो थियो :-

१. अभिभावकसँग दुरी बढ्ने, आक्रोष र झिंझ्याट मान्ने।

२. साथीसँग झैझगडा र भेटघाट पातलो।

३. प्रेमी प्रेमीकासँग छिटो विश्वास, छिटो धोका।

४. असामाजिक र एकलकाटेपन।

५. तनाव र डिप्रेसन।

६. अध्ययन र एकाग्रतामा अभाव।

३. अन्त्यमा

इन्टरनेट र फेसबुको लत बसेका केटाकेटीको मस्तिष्कमा ड्रक्स प्रयोगकर्ता कै जस्तो असर देखापरेको उक्त अध्ययनले दखाउछ। अनियन्त्रित रुपमा इन्टरनेट प्रयोग गर्ने बानीलाई चिकित्साको भाषामा इन्टरनेटको कुलत अर्थात 'इन्टरनेट एडिक्सन डिसअर्डर (आइएडी)' भन्ने गरिन्छ। पाकिस्तान, चीन, उत्तरकोरिया, क्युवा, इरान, बंगलादेश भियतनाम, मरिसस, इजिप्ट, सिरिया, साउदी अरेविया, टर्की लगायत देश सामाजिक सञ्जालको प्रयोगमा कडा मानिन्छन्। सन् २०१७ को संसदीय निर्वाचनमा साइबर आक्रमण हुन सक्ने भन्दै पाकिस्तानमा निर्वाचन आयोगले कार्यालयहरुमा सामाजिक सञ्जाल चलाउन रोक लगाएको थियो। चीनमा सन् २००९ मा उहीगुर आन्दोलन हुँदा सामाजिक सञ्जालमा रोक लगाएको हो। क्युबामा राजनीतिज्ञ, केही पत्रकार र मेडिकल क्षेत्रका विद्यार्थीले मात्रै सामाजिक सञ्जाल प्रयोग गर्ने गरेका छन्। त्यस्तैगरी इरानमा बन्द छ। नेपालमा आधिकारिक रुपमा सामाजिक सञ्जाल दर्ता नभएका कारण उनीहरुले नेपालबाट लैजाने रकमको परिमाण थाहा हुन नसकेको हो। एक अनौपचारिक तथ्याङ्क अनुसार फेसबुकले नेपालबाट रु.१२ अर्व ७५ करोड बरावरको रकम लैजाने गरेको कुरा बताएको छ। तसर्थ ७० भन्दा बढी भाषा प्रयोग हुने फेसबुकमा अंग्रेजीमा लेखिएका अश्लिल शब्द, वाक्यलाई मात्र अश्लिल मान्छ, फेसबुकले। यसको अर्थ नेपाली युनिककोर्डमा जतिसुकै आपत्तिजनक कुरा लेखिएपनि फेसबुकको नियमन शाखाले अश्लिल ठान्दैन। एकपटक सोसल मिडियामा राखेका कुरा त्यति नै बेला एप्लिकेशनको सर्भरमा गएर बसेको हुन्छ। त्यो हटाएपनि सेफ भएको हुन्छ।

त्यसैले अब फेसबुक चलाउदा सबैले ध्यान पुऱ्याऊ :-

१. अपरिचितलाई साथी नबनाउने।

२. आफ्नो गोप्य सुचना, तस्बिर, भिडियो सबैले हेर्नसक्ने नबनाउने।

३. पासवर्डमा अंक र अक्षर मिसाउने।

४. समय-समयमा पासवर्ड चेन्ज गरिरहने।

५. अश्लिल फोटो, भिडियो, क्लिक नगर्ने।

६. 'फेक' पेज नबनाउने, अर्काको तस्विर नविगार्ने र अपशब्द प्रयोग नगर्ने।

प्रविधि आफैमा खराब वा असल हुँदैन। यसको प्रयोग कसरी गरिन्छ, त्यही अनुसार यसको असल र खराब प्रभाव देखिने हो।

हाल नेपालमा सामाजिक सञ्जालको असर तथा प्रभावहरुको वारेमा विभिन्न अनुसन्धानले यस्तो देखाउँछ :-

१. सार्वजनिक रुपमा पचाउन समेत मुस्किल पर्ने सुचना सामाजिक सञ्जालमा प्रयोग हुने गरेको छ।

२. राजनितिक नेतृत्व देखि कलाकार र सामान्य नागरिकलाई समेत बेइज्जत गर्ने प्रवृति पछिल्लो समयमा बढीरहेको छ।

३. मानसिक तनाव दिने, व्यक्तिगत सम्वन्ध बिगार्ने तथा सामाजिक रुपमा अपाच्य बिषय समेत सामाजिक सञ्जालमा सम्प्रेषण हुने गरेको छ।

४. घृणा र द्वेष फैलाउने खालका आपत्तिजनक विषयहरुले पनि पश्रय पाइरहेको छ।

५. जातिय भेदभाव वा छुवाछुतलाई प्रोत्साहन दिने, श्रमप्रति अवहेलना गर्ने, अपराध गर्न उक्साउने, शान्ति सुरक्षा भङ्ग हुने कार्यलाई बढावा दिने।

६. सामाजिक सञ्जालमा फरक मत राखेकै आधारमा विना तथ्य वा प्रमाणको आधारमा कसैको चरित्र हत्या गर्ने प्रवृति मौलाएको छ।

# चिया गफमा राष्ट्रिय राजनीतिको चर्चा



पुरन प्रसाद चौधरी

शहिद विष्णु पाण्डे सहादत प्राप्त गरेको ठाँउ बुद्धचोक देखी करीब दुई सय मिटर उत्तर सुनवल रोड लोकतान्त्रीक चोक नजीकै रहेको सन्तोषी माँ सिनेमा हल अगाडी रहेको बजै चिया पसल आज भोली राजनितीक अखडा भएको छ। नित्यादिन विहानै धेरै जसो राजनितीक दलका नेताहरु बजैको चिया पसलमा भेला हुन्छन। साथै विभिन्न संघ संस्थाका नेता, वकील, व्यवसायी र पत्रकारहरु पनि बजैको मिठो चियाको चुस्की संगै देश र समाजमा भई रहेको गतिविधीको विषयमा विभिन्न कोबाट चर्चा परिचर्चा र टिका टिप्पणी गर्दछन। हाल उद्योग वाणिज्य सघ नवलपरासीले आयोजना गरेको औधोगिक व्यापार मेलाले सर्वाधीक चर्चामा रहेको छ भने उक्त मेलालाई प्रभावीत पर्ने गरी सुनवल उद्योग वाणिज्य संघले पनि औद्योगिक व्यापार मेला आयोजना गर्दाको अवस्थालाई अस्वस्थ प्रतिस्पर्धा र मेलामा पनि बिकृती फैलीन लागेको टिप्पणि पनि हुने गर्दछन।

परासी औद्योगीक व्यापार तथा पर्यटन मेलामा प्रमुख अतिथी भएर आउनु भएका ने.क.पा. का अध्यक्ष पुष्प कमल दहाल (प्रचण्ड) ले मधेश संग परेको लव अहिले आएर डिप लवमा परिणत भएको भन्ने दिनु भएको अभिव्यक्ती पनि विशेष चर्चामा परेको छ भने ने.क.पा. का अर्का अध्यक्ष नेपाल सरकारका प्रधानमन्त्री के.पी. शर्मा ओलीले आफ्नो मन्त्रीमण्डल पुनर्गठन गर्दा यस जिल्लाका क्षेन नं. १ का संघिय सांसद मा. हृदेश त्रिपाठीलाई मन्त्री बनाई सरकारमा सामेल गराउदा निकै चासो र चर्चाको विषय बनेको छ मा. हृदेश त्रिपाठी र मा. रामेश्वर राय यादवलाई मन्त्री मण्डल (परिषद) मा ल्याई सरकारले समावेशी चरित्र देखाउन खोजे पनि ने.क.पा. अध्यक्ष पुष्पकमल दहाल (प्रचण्ड) जी को मधेश संग परेको डिप लवको उपहारको रुपमा व्याख्या पनि हुने गर्दछ र अर्को तर्फ प्रधानमन्त्री के.पी. शर्मा ओलीको मधेश र मधेशवादी राजनितिक दलहरुलाई कमजोर बनाउने रणनितीको रुपमा पनि टिप्पणी हुने गर्दछ। मधेशवादी दलका नेताहरु यस घटनाले आफुहरुलाई धेरै सचेत बनाएको छ भन्ने टिप्पणी गर्दछन।

सरकारमा सहभागी समाजवादी पार्टीका राष्ट्रीय अध्यक्ष उपेन्द्र यादवलाई जानकारी नै नगराई २ जना क्यावीनेट मन्त्री र एक जना राज्य मन्त्री मध्ये राज्य मन्त्रीलाई बरखास्त गरी अध्यक्ष उपेन्द्र यादव संग रहेको स्वास्थ्य मन्त्रालय खोसी कानून मन्त्री बनाएकोमा समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवको घोर अपमान भएको भन्ने कुरा देशकै राजनितीक बृतमा टिप्पणी भएको छ। तर समाजवादी पार्टीको पदाधीकारीहरुको इमर्जेन्शी बैठक बसी सरकारबाट अहिल्यै नबाहीरीने संविधान संसोधनको लागी वार्ता समिति बनाई सरकार संग संविधान संसोधनको लागी छलफल गर्ने भन्ने निर्णयलाई रणनितीक निर्णयको रुपमा लिएको निर्णय हो भन्ने धेरैको बुझाई रहेको छ।

सुखी नेपाली समबृद्ध नेपालको नारा लिएर अगाडी बढी रहेको दुई तिहाई नजिक रहेको ने.क.पा. को ओली सरकारले निर्मला पन्तको जधन्य अपराधी र ३३ किलो सुन काण्ड संग जोडिएको सनम शाक्य हत्या काण्डका अपराधीहरलाई पक्राउ गरी सार्वजनीक गर्न नसक्दा सरकारको लाचारीपन देखिएको छ भने देशकै सम्मानिय पदमा रहनु भएको पुर्व सभामुख कृष्ण बहादुर महराले आफ्नै मातहतका कर्मचारी रोशनी शाही संग यौन दुरव्यवहार गरी देशलाई संसारमै बेइज्जती गराएको पनि त्यतीकै चर्चामा रहेको छ।

पछिल्लो समयमा मित्र राष्ट्र भारतले आफ्नो देशको नया नक्शा जारी गर्दा हाम्रो देशको ऐतिहासीक भुमी कालापानी लिपुलेक र लिम्पीयाधुरा मिची भारतले आफ्नो देशको नक्शामा देखाए पछि जो कोही स्वाभीमानी नेपालीको मन कम दुखी बनाएको छैन भन्ने टिप्पणी गर्दै गर्दा मित्र राष्ट्र भारत र चिनले हाम्रो देशको ऐतिहासिक भुमी कालापानी, लिपुलेक, लिम्पोथाधुरा, सगरमाथा र सुस्ता लगायतका भुमी मिचेको पिडा एकातिर छ भने अर्को तर्फ आफ्नै देशका भुमाफीयाहरुले देशकै मुटु मानीने बालुवाटार, ललीता निवास, टुडीखेल र जनकपुरको जानकी मन्दीरको गुठी जग्गा लगायतका हजारौ विगहा (रोपनी) जग्गा व्यक्तीको नाममा अनियमीत ढंगबाट दर्ता गराई विक्री वितरण गरेको खबरले देशको जिम्मेवार

नागरिकलाई थप पिडा दिएको थप चर्चा हुने गर्दछ।

सरकारी गैरसरकारी तथा गुठीका जग्गा हडप्ने, दर्ता गराई अनियमीत तरीकाबाट बेच बिखन गर्ने भु(माफियाहरुलाई सरकारले जान्दा जान्दै कार्यवाही गरी कानूनको कठघरामा ल्याउन नसक्नु सरकारको चरम लापरवाही र कमजोरी पक्ष मानिन्छ । शुसासनको कुरा गर्ने सरकारले कतिपय कुरामा व्यक्तीको प्रभावमा परी संविधान र कानून विपरीत काम गर्ने कार्यहरु सरकारकै निती तथा कार्यक्रम विपरित निर्देशन तथा बजेट विनियोज गरेको सजिलै देख्न सकिन्छ र भै रहेको विकास निर्माणको कार्यमा कुनै पनि ठोस अनुगमन नियमन र कार्यवाही भएको देखिदैन, काम गर्ने निर्माण व्यवसायीहरुको चरम लापरवाही भएको पाइन्छ।

स्थानीय तहका सरकारहरुको कुरा गर्ने हो भने कृषी विकास पर्यटन क्षेत्र, समाजिक विकास, निजी क्षेत्र र स्वास्थ्य, शिक्षामा जती जोड दिएर काम गर्नु पर्नेमा भएको देखिदैन र जन्ताको आवश्यक्ता भन्दा बढी जनप्रतिनीहरुले आफ्नै सुख सुविधा भोग विलासिता तिर केन्द्रित रहेको देखिन्छ यतीका कुरा गर्दै गर्दा रौतहटबाट निर्वाचीत संघिय सांसद एवं पुर्व मन्त्री मोहम्मद आपताव आलमले आजको १२ वर्ष पहिले बुथ कब्जा गरी निर्वाचन (चुनाव) जित्ने प्रयोजनको लागी बम बनाउन लगाउने क्रममा विस्फोटक पदार्थ विस्फोट भई १२ जना मानिस विस्फोटमा परी घाइते भएकाहरुलाई इट्टा भट्टीमा जिउदै जलाई मारेको अभियोगमा छानविन गरी कानूनको दायरामा ल्याई कार्यवाही प्रकृया अगाडी बढाएको अवस्थालाई हेर्ने हो भने सरकारले केही आट गरेको प्रतिकृया सुन्नमा आउछ। तसर्थ सरकारले आफ्नो २ तिहाई बहुमतको शाखा बचाउनलाई पनि यि दुई अपराधीहरु पुर्व सभामुख कृष्ण बहादुर महरा र पुर्मन्त्री तथा सांसद मोहम्मद अफताव आलमलाई निश्पक्ष छानविन गरी दोषी ठहरिएमा कडा भन्दा कडा कारवाही गर्नु पर्छ भन्ने आम नेपाली जन्ताको बुझाई रहेको छ।

यसरी राजनितिक अखडाको रुपमा विकसित हुदै गै रहेको बजैको चिया पसलमा दैनिक करिब २ घण्टाको बहसमा देश र दुनियाको दशा र दिशाको अवस्था बारे सजिलै निस्कर्ष निकाल्दै चिया गफ विसर्जन गर्ने गरिन्छ।

लेखक रा.ज.पा. नेपालका केन्द्रिय सदस्य हुनुहुन्छ।


७ औं वर्ष प्रवेशमा
हार्दिक शुभकामना

"ओफेल भित्रका वास्तविक सचेतना अभियान" का साथ
प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिकाले** छैठौं वर्ष
सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना
गर्दै आगामी दिनमा अझ निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं
समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न
सफल होस् हार्दिक शुभकामना !

**प्रो. गम्बर सिङ्ग दर्लामी मगर**



# फ्रेस बेकरी

ईट्टाभट्टी, बुटवल-९, रुपन्देही
मो. ९८६७७१८३७८
हामीकहाँ अडर अनुसार विभिन्न प्रकारका केकहरु पाइन्छ।



७ औं वर्ष प्रवेशमा
हार्दिक शुभकामना

"ओफेल भित्रका वास्तविक सचेतना अभियान" का साथ
प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिकाले** छैठौं वर्ष
सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना
गर्दै आगामी दिनमा अझ निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं
समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न
सफल होस् हार्दिक शुभकामना !

# राना बोडी बिल्डर्स

बुटवल उ.म.न.पा., मैनाबगर, रुपन्देही
हामीकहाँ नयाँ गाडिको बोडि बनाउनुका साथै
सुपथ मूल्यमा मर्मत पनि गरिन्छ ।

# हाम्रो गोरेटो र सहकारी मोडल

• अरुण दर्लामी मगर

**पृष्ठभुमि**

पत्रकारिता जगतमा मोफसलको राजधानी बुटलबाट २०७० सालमा रुपन्देही जिल्ला प्रशासन कार्यालय, रुपन्देहीमा दर्ता भई "ओझेल भित्रका वास्तविक सचेतना अभियान" साथ सुरुकै वर्षदेखि मासिक रुपमा हाम्रो गोरेटो राट्रिष्य मासिक प्रकाशन भइरहेको छ। सत्य, तथ्य, निष्पक्ष र निर्भिक रुपमा समाज, राज्यमा भएका कमि-कमजोरीमा सम्वधित निकायहरुलाई खबरदारी गर्दै जवाफ देहीता बनाउँदै आएको कारण हाम्रो गोरेटो पहिलो पटकमै २०७३ सालमा प्रेस काउन्सिल नेपालद्धारा क्षेत्रीय स्तरको 'ख' वर्गमा सूचीकृत भएको थियो।

सुरुवातमा सञ्चार सहकारीताको आवश्यकता महसुस गरी प्रकाशन गर्न बुटवल स्थित एशियन टेक्निकल इन्ष्टिच्युटका सञ्चालक स्व. दुर्गा श्रीस मगर र म स्वयं अरुण दर्लामी मगरले परिकल्पना गरेता पनि हाम्रो यात्रा लामो समयसम्म अघि बढ्न सकेन। उहाँ क्यान्सर बिरामी भएको कारण दोस्रो अंक पछि उहाँको निधन भयो। पछिल्लो समयमा २०७४ सालदेखि झण्डै एक वर्ष जति प्रबन्ध सम्पादकको रुपमा गणेश उचैसँग विश्लेषणात्मक शैलीमा छलफल तथा सल्लाह गरी हाम्रो प्रकाशनलाई अझ समय सापेक्ष र राष्ट्रिय घटनाक्रमलाई जोड्दै स्तरीय बनाउने र अनलाईन पनि सञ्चालन गर्ने हाम्रो परिकल्पना एक वर्ष नपुग्दै उहाँको निधनपछि तुसरापात भयो। उहाँहरुको निधनमा हामी निकै मर्माहित भयौं फेरि पनि हामी आत्मवल तयार गरी अघि




बढ्यौं। उहाँहरुको स्वस्थ पत्रकारिता गर्ने तिब्र चाहना र पत्रकारितामा फरक पहिचान दिने हाम्रो उद्देश्यलाई चन्द्रा थापा मगर, तिलक पुन र पछिल्लो समयमा तारा पुनको सक्रियता एवम् अहोरात्र क्रियाशील र मेरो पुरानो अनुभव काठमाण्डौबाट प्रकाशित भएको आदिवासी जनजातिको आवाज उठान गर्ने जनजाति मञ्च मासिक पत्रिकाको कार्यकारी सम्पादक, पोखराबाट प्रकाशित भएको पोखरा सुचना साप्ताहिकको सम्पादक/प्रकाशक, कला संस्कृतिलाई समेटी प्रकाशित भएको लोकलहरीको सम्पादक र नेपाल जडिबुटिको लागि विश्वमै खानी भएको कारण नेपालकै जडिवुटीलाई विश्वभर फैलाउन पर्छ भन्ने महान उद्देश्य लिई प्रकाशित भएको क्रिष्टल बुलेटिनको सम्पादक लगायतका विभिन्न पत्रपत्रिका तथा मुख पत्रमा सम्पादन सहयोगीका रुपमा काम गरेकै कारण व्यवसायीक रुपले मिशन पत्रकारितालाई हाम्रो गोरेटोको माध्यमबाट मूर्त रुप दिन खोजिएको छ। विभिन्न संघसंस्थाहरुमा आवद्धता हुने क्रममा आदिवासी जनजाति पत्रकार महासंघ तत्कालिन अनिज हाल फोनिज कास्की शाखाका संस्थापक सहसचिव हुँदै केन्द्रीय उपाध्यक्ष हाल केन्द्रीय पार्षद भई आदिवासीका हक अधिकारका आवाज उठान गर्दै आएको र नेपाल मगर संघ प्रदेश समिति लगायतका विभिन्न सामाजिक संघ संस्थाहरुमा आवद्ध भएका कारणले पनि हाम्रो गारेटोलाई निरन्तर मासिक रुपमा प्रकाशन हुन मद्दत पुग्यो।

विशेष गरी आदिवासी जनजाति, समुदाय पत्रकारीतामा भन्दा धेरै जसो अन्य पेसा व्यवसाय र वैदेशिक रोजगारीमा संलग्न हुने भएकोले पनि पछाडि परेका वर्ग, समुदायको संस्कृति राज्यको आफ्नो सम्पत्ति बनाउँदै र समाजमा सचेतना फैलाउँदै नागरिकलाई गतिशील बनाउन अत्यावश्यक देखिन्छ। राज्यमा प्रत्येक

व्यक्तिमा आफ्नो हक, अधिकार, कर्तव्य र जिम्मेवारी बोध गराउँदै आफ्ना-आफ्ना पहिचानको राष्ट्रिय रुपमा मूल्य, मान्यता स्थापित गराउन सकेमा समाजको लागि सवल पत्रकारीताको एउटा नमूना बनाउन सकिनेछ। समायनुकुल समाजमा अल्पसंख्यक र पछाडि परेका वर्ग, जातिमा पनि भ्रष्ट आचरण, अंहकार विद्यमान छ। तिनका गुण दोष पत्ता लगाएर चिरफार गर्न जरुरी देखिन्छ।

नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएर पनि नेपाली मिडियाको अनुपातमा आदिवासी जनजातिद्वारा प्रकाशित मिडियाहरु फस्टाउन सकिरहेका छैनन् । अझै पनि राष्ट्रियस्तरका ठूला मिडियाहरु सकरात्मक र गहन अध्ययन, अनुसन्धान एवम् खोजि पत्रकारीता गरी समाचार सम्प्रेषण गरेको कमै पाइन्छ। त्यो त आम संचारमा अधिनायकवादी संचार सिद्धान्त, स्वच्छन्दवादी संचार सिद्धान्त, सोभियत कम्युनिष्ट सञ्चार सिद्धान्त तथा सामाजिक उत्तरदायित्वको सिद्धान्तहरु प्रतिपादन भएका छन् । भने पछिल्लो समयमा नेपालमा पनि विकासवादी सिद्धान्त र प्रजातान्त्रिक सहभागिताको सिद्धान्त प्रतिपादन भएका छन् । यस सिद्धान्तले समाज विकासमा जाति, वर्गको प्रतिनिधित्व गरी पत्रकारीता कै क्षेत्रमा नयाँ आयाम थप्ने काम गरेको छ। जसको कारण सबैखालको समुदाय, जातिको आवाजलाई न्याय गरेको आभास दिलाएको छ।

**हालसम्मका उपलब्धीहरु**

अहिले हजारौं सहिदहरुले ज्यूँज्यानको बलिदान दिएर सामन्ति एकात्मक व्यवस्था परिवर्तन भई संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । यद्यपि आम संचारमा ओझेल भित्रका आवाजहरु मुखरीत हुन सकेको छैन। उच्चस्तरीय मिडिया सुझाव आयोग२०६३ ले समेत सबैको आवाज उठाउने मिडियाको कर्तव्य हो भनेको छ । आयोगले लैङ्गिक, भौगोलिक तथा जातीय विभेद भोगिरहेका नागरिक एवम् समान अवसरबाट बञ्चित पक्षका तर्फबाट आवाज उठाउनु पत्रकारहरुको कर्तव्य हुन आउँछ । पत्रकारीतामा जनजातिले एकल प्रकाशन गरेका पत्रिका आम रुपमा विस्तारीत हुन नसकेता पनि पत्रकार सम्बन्धि सीप, विकासमा प्रभावकारी रहेको छ। हाम्रो गोरेटो मासिक पत्रिकाले पनि सामाजिक विभेदका खोजमूलक र विचार, विश्लेषण, दृष्टिकोणका खोजमूलक लेखहरु प्रकाशित गरी सम्बन्धित निकायलाई खबरदारी गर्दै जवाफदेही गराउँदै आएको छ।

यसका साथै सामाजिक, राजनैतिक एवम् सांस्कृतिक साथै विभिन्न विषयमा बलियो र प्रभावकारी ढंगले मुद्दा उठाई समाजलाई सचेत एवम्र गतिशील बनाउँदै आएको छ । त्यसैगरी यस मिडियाले समग्र राज्यको विकास तथा मानव अधिकार एवम् सुशासनको पक्षमा निरन्तर आवाज बुलन्द गराइरहेको छ । मिडियाको जवाफदेहीतालाई नियमकानुन परिधि भित्र रहेर गरिने छलफल, वहस, संवाद र समाधानको अनेकौं विकल्प खोज्ने कार्यमा गम्भिर भई अहोरात्र क्रियाशील छ । त्यसैले सबै राजनीतिक दल, सामाजिक अभियान्ता, जातीय मुक्ति आन्दोलनका अभियान्ता, धार्मिक अभियान्ता लगायतका व्यक्तित्वहरुका विचार, दृष्टिकोणलाई समान स्थान दिई दस्तावेजी करण गर्दै सतिसाल झै ठिङ्ग उभिने प्रयत्न गरिरहेको छ। त्यसैले हाम्रो गोरेटो आफैमा एक आन्दोलनको रुप हो।

**चुनौती र सम्भावना**

भर्खर जन्मिएको बच्चालाई हुर्कन, बढ्न र बौद्धिक तथा सामाजिक विकास गर्द जसरी संघर्ष गर्नु पर्छ त्यसरी नै हाम्रो गोरेटोले पनि सातौं वर्षसम्म आईपुग्दा गोरेटो तयार गर्दै राजमार्गमा जाने दृढ संकल्प गरेको छ । यस बीचमा विभिन्न अप्ठ्यारा बाटाहरु नभएका होइनन् । काँडैकाडा र ऐजेरु बीचमा धारिलो, तिखो बाणको रुपमा आफूलाई उभ्याउँदै अघि बढेको छ । बासी मक्किएका विचारको साम्राज्य हाम्रा लागि सधै बाँधक बने । यस्ता विचारधारीहरुबाट हामीलाई जहिले पनि खुट्टा तान्ने प्रवृत्ति भई रह्यो तर निर्दिष्ट गन्तव्य तय गरेको हाम्रो गोरेटोले कहिल्यै पछि फर्कनु परेन र सधै खुट्टा तान्ने मान्छेहरु जहिले पनि हाम्रो खुट्टाको तल हुन्छन भन्ने महशुस गर्दै कुकुर भुक्दै गर्छ हात्ति लम्कदै गर्छको नीति अपनायौं।

पछिल्लो समयमा सरकारी कार्यालय, विभिन्न संघसंस्था एवम् उद्योग, व्यवसाय, व्यापारीक प्रतिष्ठान एवम् बुद्धिजिवी व्यक्तित्व वर्गहरुको अनवरत साथ सहयोग छ। ओझेलमा रहेका वास्तविक कुराहरुलाई जब हामी उजागर गर्छौं तब हामी सधै आम जनसमुदायको साथमा रहनेछौं । त्यसैगरी हामीलाई बुद्धिजिवी, लेखक, साहित्यकारहरुबाट सल्लाह सुझाव र स्वस्थ प्रतिक्रियाहरु आइरहेका छन्। जसले हामीलाई सात वर्षकै उमेरमा पनि ठिङ्ग उभिएर अघि बढ्न हौसला र प्रेरणा दिइरहेको छ।

**आगामी कार्यभार**

सञ्चार सहकारीता तिर विकास गर्नेः

मोफसलमा विभिन्न मिडिया हाउसहरु जन्मिने र हराउने काम भइरहेको छ । हामीसँग बलियो आधार स्तम्भको रुपमा आम नागरिकको आवाज उठाउने बलियो मिडिया हाउस आवश्यकता छ। त्यसैले हाम्रो गोरेटो मासिक पत्रिका र हाम्रो गोरेटो अनलाईन न्यूजलाई समयको

माग अनुसार परिस्कृत गर्दै समाजको परिवर्तन, मूलुकको रक्षा, उत्पीडित र आम शोषित पीडित नागरिकहरुको समेत आवाज बनाउने सोंच लिएका छौं। यसले आम उत्पीडित, अपहेलित वर्गको हक, अधिकारको कुरालाई अवश्य बुलन्द गर्नेछ।

**अनलाईन सञ्चालन र व्यवस्थापनः**

अहिलेको युग सुचना प्रविधिको हो। विश्वको कुनै कुनामा भएका घटना क्रममा अहिले छिन भरमै विश्वभर सम्प्रेषित हुन्छ। त्यसैले सातौं वर्षमा मासिक रुपमा प्रकाशन भइरहेको हाम्रो गोरेटो मासिक पत्रिका अहिलेबाट अनलाईनमा जाने निर्णय गरेको छ। अनलाईनमा जाँदा अहिलेको डिजिटल प्रविधिले गर्दा अहिलेका जनशक्तिले आफ्नो भूमीकामा मात्र सिमित होइन कि स्पेशमा समेत ठाँउ खोज्न पर्ने अवस्था आइसकेको छ। अहिलेको पुस्ता त्यो तरिकाले तयार छन्। त्यसैले यस किसिमको दुर दृष्टि अघि सारिएन भने नयाँ पीढिको जनशक्तिको ठूलो दुरुपयोग हुने र पलायन हुने स्थिति छ। त्यसैले कुशल व्यवस्थापनको साथ अनलाईन सञ्चालन गरेमा व्यवसायीक रुपमा सबै पक्षको उन्नति र समृद्धि हुन सक्नेछ।

**आजीवन सदस्यता र जनशक्ति व्यवस्थापनः**

मिडियालाई दिगो व्यवसायीक बनाउन अपनत्वको एकदमै आवश्यकता पर्दछ। तसर्थ मिडियालाई ठूलो उद्योग बनाउन आजीवन सदस्यता र जनशक्ति तयार गर्ने अवधारण लिएका छौं। साथै हाम्रो गोरेटो दिगो यात्राको सुनिश्चितता, बलियो र भरपर्दो आर्थिक व्यवस्थापनका लागि सहकारी मोडलमा विकास गर्ने लक्ष्य थप अगाडि सारेका छौं। ठूलो र व्यवस्थित संचार सहकारीताले मात्र हाम्रो आगामि भविष्य सुनिश्चित हुन सक्दछ।


**Full Body Checkup मा विशेष छुट**

हामीले मोटरसाइकल अथवा आफ्नो सवारी साधन प्रत्येक ६/६ महिनामा नियमित जाँच गरिन्छ ताकि सवारी साधनको इन्जिनहरु ठिक अवस्था छ छैन भन्ने थाहा हुन्छ। त्यसैगरी तपाईको शरीरको सबै अङ्गहरु इन्जिन सरह ठिक छ वा छैन भनी प्रत्येक ६ महिना अथवा वर्षमा एक पटक चेक जाँच गर्नुभएको छ ? सवारी साधनहरुभन्दा मानव जीवन मूल्यवान छैन र ? तसर्थ समयमै विशेषज्ञद्वारा जाँच गरी दिर्घायू जीवन बिताउँ।

Fullbody Check-up मा विशेष छुट

| PACKAGE-A | PACKAGE-B | PACKAGE-C | NEURO PACKAGE |
|---|---|---|---|
| Rs. 7000/- | Rs. 12120/- | Rs. 14320/- | Rs. 6700/- |
| Rs. 4500/- | Rs. 7000/- | Rs. 9000/- | Rs. 5000/- |

OPD सेवा मात्र रु. १००/-


SIH

सिद्धबाबा हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.

बुटवल–८, सुख्खानगर, ऊँ मार्ग, रुपन्देही (राजमार्ग चौराहाबाट ५०० मि. पूर्व)

फोन नं. ०७१–५४९२०१, ५४९२०२, ५४९२०३, ५४९२०५,

E-Mail:- siddhababa.hospital@gmail.com



प्रो. तुल बहादुर राना मगर
मो. ९८४७०२६२२०

प्रो. युवराज राना मगर
मो. ९८०६९१५३७०

**न्यू राना फर्निचर उद्योग**

बुटवल–८, नेपालगंज रोड, पुष्पलाल पार्क, रुपन्देही
(सेवा विकास बैंकको छेउमा), फेक्ट्रिः पारी बुटवल–३



हामीकहाँ शोफा, दराज, बक्स पलङ्ग, डाइनिङ्ग तथा झ्याल, ढोका, चौकोस, पल्ला, एवम् कार्पेटहरु सुपथ मूल्यमा होलसेल तथा फुटकर बिक्री गरिन्छ।

होमडेलिभरीको व्यवस्था छ।

"ओझेल भित्रका वास्तविक सचेतना अभियान" का साथ प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिका**ले छैठौं वर्ष सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनमा अझ निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न सफल होस् हार्दिक शुभकामना !

**दर्ता नं.: २२४५/०७२/०७३**

# एम. जि. क्लब परिवार

बुटवल उ.म.न.पा.-११, देवीनगर, रुपन्देही

**प्रो. गौतम थापा मगर**

# हेमन्त मोबाईल एण्ड इलेक्ट्रोनिक्स

गल्याङ नगरपालिका-३, मेनरोड, स्याङ्जा, फोन: ०६३-४६०१३३, ९८४६११६८०७



हाम्रा सेवाहरु: विभिन्न ब्राण्डका मोबाईल, घडी, टि.भी., साउण्डसिस्टम, आइरन, पंखा, फ्रिज, इन्भर्टर, राईसकुकर, डिस होम, लिड बल्ब अन्य इलेक्ट्रोनिक्स सामानहरु होलसेल तथा खुद्रा बिक्री गर्नुका साथै मर्मत पनि गरिन्छ ।
नोट: NTC, NCELL, SMART CELL, SIM तथा रिचार्ज कार्ड बिक्री गर्नुका साथै फोटोकपी पनि गरिन्छ ।

"ओझेल भित्रका वास्तविक सचेतना अभियान" का साथ प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिका**ले छैठौं वर्ष सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनमा अझ निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न सफल होस् हार्दिक शुभकामना !

**प्रो. धन बहादुर राना**

# डि. डि. आर. सप्लायर्स

सुरुखानगर, मिलनपथ, बुटवल-८, रुपन्देही, फोन: ०७१-५४१७२४, ९८४७०४८८७७

हामीकहाँ सम्पूर्ण ब्राण्डका मदिराहरु सुपथ मूल्यमा होलसेल तथा फुटकर बिक्री गरिन्छ ।

# देश विकासको लागि उद्योग व्यवसाय जरुरी



**कृष्ण थापा** (व्यवसायी)

मानिसले आफ्नो लक्ष्य जति छिटो निर्धारण गरेको हुन्छ त्यति नै छिटो जीवनले सार्थकता पाएको हुन्छ । त्यही उद्धेश्यलाई आत्मसाथ गरी कलिलो उमेरमा सफल व्यवसायी बनेका छन् कृष्ण थापा मगर । २०४६ साल बुटवल उपमहानगरपालिका १५ सेमलारमा जन्म भएको कृष्ण थापा सामान्य परिवारमा हुर्केका व्यक्ति हुन् । बुवा नर बहादर थापा र आमा ईश्वरी थापाका एक्लो छोरो कृष्णले सानो छदा दुःखको खासै अनुभव गर्नु परेन ।

बुटवल १३ को एल. बि नमुना बोर्डिङ स्कलबाट २०६३ सालमा एस.एल.सी. गरेपछि आइ.ए. मा पढ्दै गर्दा लाहुरे हुने सौँच भएपनि लाहुरे हुन भने सकेनन् । यसैक्रममा ब‍ुटवल औद्योगिक क्षेत्र थापा इन्जिनियरिङमा एक वर्ष काम सिकेपछि बुटवलको बि.टि.आई.बाट हाइड्रोपावरमा नाम छनोट भए लगतै त्यहाँ दुई वर्ष पढ्ने र काम सिक्ने गरेका थिए । त्यहाँ वल्डर सम्बन्धि काम गरेपछि प्रमाण पत्र लिएर केहि समय स्याङजाको कालीगण्डकी हाइड्रोपावरमा पनि काम गर्न पुगे । त्यस लगत्तै बुटवलको औद्योगिक क्षेत्र गौतम इन्जिनियरिङबाट बाँकी अध्ययन पुरा गरेर ति कामको अनुभवबाट पुर्वको इलामसम्म काम गर्न पुगेका थिए ।

आफुले काम सिकेको ५ वर्षपछि २०७४ सालमा आफ्नै व्यवसाय गर्नुपर्छ भन्ने सौँचले बुटवल उपमहानगरपालिका १४ मा श्री एन. के. ग्रील उद्योग सञ्चालन गर्दै आएका छन् । सुरुमा ३ लाख लगानी र केही महिनापछि २ लाख गरी ५ लाखको लगानीबाट सञ्चालन भएको ग्रील उद्योग व्यवसाय यसैबाट लगानी बढाउदै अहिले ४०/४५ लाखको लगानी पुगेको बताएका छन् । उनको उद्योगमा आधुनिक डिजाइनले फलाम र स्टील सम्बन्धि सम्पूर्ण सामानहरु दक्ष कालिगढद्धारा बनाइने हुदा ति सामानहरु बढी टिकाउ र गुणस्तरीय हुन्छन् । त्यसैले होला कृष्ण थापाको ग्रील उद्योगमा सोध्दै र खोज्दै आउने ग्राहकहरुको चाँप बढ्दो छ । ग्राहकहरुको खुशी नै आफ्नो खुशी हो भन्ने लागेर आफ्नो ग्राहकहरुलाई कसरी खुशी बनाउन सकिन्छ त्यसरी नै ग्राहकहरुसँग डिलिङ गरेका हुन्छन् ।

हिजो बाध्यताले अरुको कम्पनीमा काम गर्नुपरे पनि आज ५/७ जना बेरोजगार युवाहरुलाई रोजगारी दिन सक्ने भएका छन् । यसरी आफ्नो मिहनेत र परिश्रमले छोटो समयमा व्यवसाय क्रमिकरुपले अगाडि बढेको देख्दा कृष्ण थापालाई व्यवसायप्रति खुशी लाग्न स्वभाविकै हो । त्यसो त यो व्यवसायलाई यहाँसम्म ल्याउन थुप्रै संघर्ष र चुनौतीहरुसंग जुझारु नबनेका होइनन् ति चुनौतीहरुलाई सामना गर्दै व्यवसायलाई अगाडि बढाउन सकेमा अवस्य पनि सफल बन्न सकिदो रहेछ भन्ने लाग्छ उनलाई ।

उनी भन्छन् व्यवसाय गर्दा आइपर्ने प्रत्येक चोटले जीवनमा मानिसलाई जिउन गतिलो पाठ सिकाउदो रहेछ । यद्यपी व्यवसायलाई लामो समयसम्म टिकाइराख्न त्यति सजिलो कहाँ छर ? एउटा ढुङ्गाले पनि हजारौ चोट सहेर नै एउटा सुन्दर मुर्ति बनेको हुन्छ । त्यसैले मानिसलाई पनि व्यवसाय गर्दा अनेकौ समस्याहरु आइपरेका हुन्छन् त्यसलाई पार गर्दै अगाडि बढ्न सकियो भने व्यवसायलाई लामो समयसम्म टिकाइ राख्न सकिने कुरा बुझेका छन् कृष्ण थापाले । उनी भन्छन् उद्योग व्यवसाय भनेको देशको मुल आधार हो ।

देशलाई विकासको बाटोमा लान र भावी सन्ततिलाई बाटो देखाउन आफु दक्ष भई क्षमताअनसार स्वदेशमै व्यवसाय गर्न ति विदेशको भुमिमा श्रम बेचिरहेका युवाहरुलाई सुझाव दिएका छन् साथै यो व्यवसायलाई पछिसम्म निरन्तरता दिदै अझै व्यवस्थित गर्दै लैजानुका साथै यो बाहेक अन्य व्यवसाय पनि सञ्चालन गर्ने सौँच बनाएका छन् ।

प्रस्तुतिः चन्द्रा थापा

# भारतीय मगर जनजातिमा सूचिकृत गराउन माग गरिरहेका छौं

**भारतमा भारतीय राष्ट्रिय समन्वय समितिका महासचिव रहेका विष्णु राना मगर सिक्किमका स्थानीय वासिन्दा हुन। समग्र मगर समुदायलाई हक अधिकार एवम् सचेतना फैलाउँदै भाषा, संस्कृति पहिचानका लागि भारत सरकारसँग आवाज उठाउँदै आइरहेका छन् विष्णु राना मगरले। सिक्किम सरकारका सूचना तथा सम्पर्क विभागका सहायक निर्देशक रहेका राना दोस्रो अन्तर्राष्ट्रिय मगर सम्मेलनबाट सचिव बनेका छन्। भारतीय मगरहरुका विषयमा केन्द्रीत रहेर हाम्रो गोरेटोले सचिव रानासँग गरिएका कुराकानीका केही अंशहरुः**



**विष्णु राना मगर**
**सचिव – अन्तर्राष्ट्रिय मगर संघ**

**यहाँ सिक्किम सरकारको स्थायी कर्मचारी पनि हुनुहुन्छ, सिक्किममा मगरहरुको कुरा कसरी उठाउनु भएको छ ?**

सर्वप्रथम हामीले मगरका माग जनजातिमा समेट्नलाई मगर संघको माध्यमबाट सरकारसँग मागहरु राख्दै आएका छौं। सिक्किम सरकारले मगरहरुलाई आधारभूत सुविधा र सहुलियत त दिएकै छ। जस्तै सिक्किम सरकारले विभिन्न भाषामा मुख पत्र प्रकाशन गर्दछ। पछिल्लो समयमा सिक्किम सरकारले आफ्नो गतिविधि र कार्यक्रमका बारेमा मगर भाषामा पनि प्रकाशन गरेको छ। जस्ले मगर समुदायसँग सरकार पुग्न र मगरहरु सरकारसम्म पुग्नका लागि कोशेढुङ्गा सावित बनेको छ।

**त्यसो भए सिक्किम सरकारले मगरहरुलाई समानुपातिक प्रतिनिधित्व हुने गरी के कस्ता व्यवस्थाहरु गरेको छ ?**

सिक्किम सरकारले सन १९९५ देखि मगर भाषालाई राज्य भाषाको रुपमा मान्यता दिएको छ। मगर भाषा लगायत राई, गुरूङ, तामाङ, शेर्पा, नेवार लगायत जातिका भाषालाई सिक्किम सरकारले राज्य भाषाको मान्यता दिएको छ। यदि सिक्किम सरकारको संसदमा कुनै मगरले जितेर जान्छ भने सरकारले नै दोभाषेको समेत व्यवस्था मिलाइ दिएको छ। सन २००४ देखि मगरहरुको बाहुल्य भएको ठाउँमा मगर भाषाको पाठ्यक्रम तयार गरी विद्यालयहरुमा पठन-पाठन गर्नेसमेत व्यवस्था गरेको छ। अहिलेसम्म सिक्किममा ३७ वटा स्कूलमा कक्षा ८ सम्म मगर भाषामै शिक्षा प्रदान भइरहेको छ। त्यसैगरी ९ र १० को लागि CBSE बाट मान्यता लिई अघि कक्षा बढाउन प्रयत्न गर्दैछौं। त्यसको लागि सिक्किम सरकार शिक्षा विभागमा स्टेट युनिभर्सिटि सिक्किम अन्तरगत भाषा निर्देशानलय खुलेको छ। जुन स्टेट युनिभर्सिटिसंग समन्वयन गरी दुर शिक्षाको माध्यमबाट पढाई सुरु भएको छ। पछि स्नातक तहसम्म पुऱ्याउनलाई हामी पहल गरिरहेका छौं। र सरकारले पनि हाम्रो मागलाई सम्बोधन गर्ने संकेत पाएका छौं। त्यसैगरी भारतको पश्चिम बंगालमा पनि त्यहाँको सरकारले कालिङपोङ, दार्जिलिङमा मगर विकास बोर्ड गठन गरेको छ त्यहाँ पनि मगरका भाषा, संस्कृति विकास एवम् पहिचानको विषयमा काम भइरहेको छ।

**भारतमा मगरहरुलाई सरकारले कुन स्थानमा अधिकार दिई राखेको छ ?**

भारत सरकारले मगरहरुलाई पनि सम्मानजनक तरिकाले राखेको छ। अझ हामी भारतमा जनजातिको मान्यताको लागि आवाज उठाइरहेका छौं। भारत सरकारले मगरहरुलाई अहिलेसम्म जनजातिको मान्यता दिइएको छैन। जब सरकारले मगरहरुलाई

पनि जनजातिको मान्यता दिन्छ त्यसपछि मगरहरुलाई पनि भारत सरकारबाट नैंसर्गिक अधिकार प्राप्त हुन्छ । हरेक सहुलियत र सुविधा पाइन्छ।

**सिक्किममा त मगरहरुको मूल थलो नै हो भनिन्छ नि ?**

हो, मगरहरु सिक्किममा धेरै पहिलादेखि बस्दै आएका थिए। विभिन्न इतिहास विदहरुको कथन र लेख्य दस्तावेज अनुसार मगरहरुको आफ्नै मगर जोङ्ग, मगर गढी, मङसरी जस्ता जनपथ राज्यहरु थिए। सन १६४२ पछि घले राजाहरुसँग मगर राजाहरु हारेपछि मगरहरुको राजकाज क्षत विक्षत भयो र कोही नेपालतिर लागे कोही अन्य मुलुकतिर लागे तर अझै पनि मगरका राज खलकको रुपमा अवशेषहरु बाँकी नै छन्।

**भारतीय मगरहरुले संस्कार कसरी मान्नु हुन्छ ?**

भारतीय मगरहरुले विशेषतः भान्जाहरुद्वारा नै कर्म काण्ड गर्ने चलन छ । कर्मकाण्ड संस्कार चलाउदा लामा, झाँक्रीहरुद्वारा गराइन्छ । मगरहरु प्राय गरी प्रकृतिवादी हुन र बोन धर्म प्रति आस्था राख्दछन् तर पछिल्लो समयमा बुद्ध धर्म संस्कार मान्नेको संख्या पनि थपिएका छन्।

त्यसैगरी मगरहरुको आफ्नै खालको कला संस्कृतिहरु छन् । जन्मिदाको दिन गर्ने संस्कार, न्वारनको दिन गर्ने संस्कार, विहेमा गरिने संस्कार, मृत्यु पश्चात गरिने संस्कार अन्य जातिको भन्दा फरक छ। जन्मेको ७ वा ९ दिनमा न्वारन गरेर नाम दिने, ५/६ महिनामा भात ख्वाई गरिने जस्ता मगर संस्कृति अनुसार गर्दछन्।

**सिक्किममा मगरको लागि सामाजिक संरचनामा संघसंस्था संचालन प्रक्रिया के कस्तो रहेको छ ?**

सिक्किम मगरहरुको एउटा संस्था छ अखिल सिक्किम मगर संघ यसको स्थापना गर्न सन १९३९ सालमा केही मगर बुद्धिजिवीहरुले कोशिष गर्नु भएको रहेछ तर यो संस्थालाई सायद राजनीतिक वातावरण नमिलेर या मगरहरुले नै ध्यान नदिएर हो दर्ता हुन सकेन। लामो समयपछि मगरहरुले आफ्नो पहिचान बचाउन साथै शैक्षिक तथा आर्थिक एवम् राजनीतिक रुपमा स्थापित हुन आवश्यक पर्ने भएको महशुस गरी १९९५ अगस्त १४ मा स्थापना गरेका थिए। जसको संस्थापक अध्यक्ष गोविन्द थापा हुनुहुन्थ्यो र म पनि पश्चिम जिल्लालाई प्रतिनिधित्व गर्ने गरि सचिवको रुपमा कार्यसमितिमा रहेको थिए। म त्यस बेलादेखि मगर संघमा सक्रिय रुपमा आबद्ध छु । त्यसैगरी भारत राष्ट्रिय समन्वय समितिमा पनि सक्रिय रुपमा क्रियाशील छु । भारतका विभिन्न ठाउँ दार्जिलिङ्ग, कालिङपोङ, अरुणाञ्चल आदि जस्ता ठाउँहरुमा मगरहरुका विभिन्न समिति छन्। त्यस्तै पश्चिम बंगाल , आसाम, विजयनगर, नागाल्याण्ड, त्रिपुरा, मरहाराष्ट्र, लगायतका ठाउँहरुमा मगरहरुको बसोबास रहेको छ। ति सबैलाई समन्वयन गर्नको लागि भारत राष्ट्रिय मगर समन्वय समितिले काम गरिरहेको छ।

**मगर भाषा शिक्षामा सिक्किम सरकारले सहयोग गरेको रहेछ, सरकारले बजेट के कति छुट्टाएको छ ?**

सिक्किम सरकारले जुन स्कूलमा मगर विद्यार्थी धेरै छन् त्यहाँ शिक्षक नियुक्त गर्ने गरेको छ। अन्य साधारण शिक्षकहरुलाई जस्तै मगर भाषाका शिक्षकलाई पनि समान सेवा सुविधासहित सरकारले नै छान्ने गरेको छ । मगर भाषाका शिक्षक पनि सरकारकै कर्मचारीको रुपमा नियुक्त हुन्छ।

त्यसैगरी मगर संग्राहलय पनि सरकारले नै स्थापना गरि दिएको छ । सिक्किममा मात्र नभई सरकारले विभिन्न ठाउँ ठाउँमा मगर समुदायको बस्ती रहेको ठाउँहरुमा मगर विकास बोर्ड गठन गरि आर्थिक र सामाजिक स्तर उठाउन र मगर भाषा संरक्षणको काम पनि सरकारले नै गर्दै आएको छ। सिक्किम तथा समग्र भारतमा पनि मगरले सरकारको सचिव पदसम्म जागिर खाएका छन्। अन्यमा डाक्टर, इन्जिनियरहरु पनि थुप्रैको संख्यामा छन् । सरकारले समुदायको लागि आर्थिक रुपमा स्तर उठाउन विभिन्न खालका योजनाहरु पनि लिएको छ। मगरहरुले त्यसको सुपरभिजन मात्रै गर्दै आएका छौं।

**अब तपाईहरुको सरकारसँगको माग के छ त ?**

सरकारसंग हाम्रो प्रमुख माग नै मगरहरुलाई जनजातिमा सूचिकृत गराउन पहल गर्नु हो। भारतमा जनजातिमा सूचिकृत हुनासाथ भारत सरकारले उपलब्ध गराउने हरेक सुविधाहरु र सहुलियतहरु मगरहरुले पनि प्राप्त गर्न सक्नेछन्। राजनीतिक, शैक्षिक एवम् प्रशासनिक क्षेत्रमा समेत उच्च पदमा हामी निसर्त प्रतिस्पर्धा गर्न पाउँछौं । जनजातिहरु जति छन् ति सबैलाई समान अवसर हुन्छ। त्यसबेला समानुपातिक प्रतिनिधित्वको आधारमा मगरहरुको भागमा पनि आरक्षणको कोटा पर्दछ । सरकारी निकायबाट अहिले जनजातिका रुपमा मान्यता प्राप्त गर्न मगरहरुको आफ्नो छुट्टै भाषा, धर्म, संस्कार, संस्कृति, रितिथिति, रहनसहन, परम्परा फरक छ कि छैन भनेर मगरहरुकै विषयमा नै अध्ययन, अनुसन्धान र अनुगमन गरिरहेका छन्।

**अन्त्यमा केही भन्नु छ कि ?**

विशेष गरी नेपाल प्राकृतिक क्षताले भरिपूर्ण देश हो । यहाँका आदिवासी जनजातिहरुका भाषा, कला, संस्कृति देख्दा मलाई अत्यन्तै रमाईलो लाग्छ । यहाँका जनजातिहरुको शैली, स्वभाव र आत्मियता अत्यन्तै राम्रो लाग्छ त्यसैले म बेला बेलामा नेपाल घुम्न आइरहेको हुन्छु र मगरहरुको संस्कार, संस्कृति, भाषा र हाम्रो सिक्किमको भाषा, संस्कृति पनि अधिकांश मेल खाने हुनाले विश्वभरका मगरहरुको भाषा, संस्कार, संस्कृति एकीकृत गराउँदै आदान-प्रदान गर्ने वातावरण मिलाउन यहाँका मगर संघसंग पनि अनुरोध गर्दछु।

# लैङ्गिक हिंसा विरुद्ध उत्रेको १६ दिने अभियान



रीमा बि.सी.

भनिन्छ जहाँ विभेद हुन्छ, त्यहाँ संघर्ष हुन्छ, विभेदका विरुद्ध प्रतिवाद हुन्छ, संघर्ष विना परिवर्तन असम्भव रहेछ । त्यस कारण लिङ्गको आधारमा हुने हिंसाका विरुद्ध पनि प्रतिवाद हुन थाल्यो जसका कारण हामी अहिले आएर लैङ्गिक हिंसा विरुद्धको अभियानलाई साझा सवालका रुपमा लिएर 'समानताको पुस्ताः बलात्कार विरुद्ध ऐक्यवद्धतां' भन्ने मुल नारा सहित यो दिवशलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा मनाइदैछ । यो दिवहरेक अंग्रेजी महिनाको नोभेम्बर २५ तारिखदेखि १० डिसेम्बरसम्म विभिन्न कार्यक्रमको आयोजना गरी मनाइरहेका छौ । लैङ्गिक हिंसा विरुद्धको यो अभियानलाई विभिन्न कार्यक्रम गरी वर्षभरी नै मनाउदै आएपनि यसलाई विशेष गरेर आफूले भोगेका बाधा र व्यावधानहरुलाई पन्छाई आफ्ना समुदाय र आ-आफ्नो देशमा आफ्नो अधिकारको दावी गर्न र आफ्नो क्षमताको पूर्ण रुपमा महशुश गर्न सक्षम महिलाहरुको संझना स्वरुप यो दिवशलाई मनाउने गरेको यसको इतिहास छ । आजको यस लेखमा लैङ्गिक हिंसा विरुद्ध उत्रेको १६ दिने अभियानले दिन खोजेको सन्देश यसको इतिहास र सरकारले लैङ्गिक हिंसा न्यूनीकरणका लागि बनाएको राष्ट्रिय कार्ययोजनाका विषयमा चर्चा गर्न खोजेको छु ।

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको ईतिहासको कुरा गर्दा ल्याटिन अमेरीका एवं क्यारिवियनका अग्रज महिला अधिकारकर्मीहरुद्धारा हिंसा मुक्त जीवन जीउन पाउने समानताको अधिकार तथा न्यायका लागि लडन सिकाएको अभियान १६ दिने अभियान हो । जस अनुसार यो दिवश हरेक वर्ष अंग्रेजी महिनाको नोभेम्बर २५ तारिकदेखि १० डिसेम्बरसम्म मनाउन थालिएको हो । सन् १९६० मा विशेष गरेर अमेरीकाको डोमेनिकल रिपब्लीकन गणतन्त्रका एकै मिरावेल परिवारका राजनीतिक कार्यकर्ता तीन जना दिदीबहिनीहरु पेटिया, मिर्नभा र मारियालाई तत्कालिन त्रिजिलो तानाशाही सरकारले निर्मम पूर्वक हत्या गरेको प्रसंग जोडिएर यस घटनालाई लिङ्गको आधारमा हुने राजनीतिक हिंसाको रुपमा लिएर महिला अधिकारको क्षेत्रमा विश्वास राख्ने महिला अधिकारकर्मीहरुले ती तीन दिदी बहिनीहरुको संझनामा मनाउन थालिएको हो ।

१६ दिने अभियानभित्र पनि विभिन्न खालका अभियानहरु रहेका छन् । जस अन्तरर्गत महिला हिंसा विरुद्धको दिवश, महिला मानव अधिकार रक्षक दिवश, विश्व एड्स दिवश,विश्व अपाङ्गता दिवश, विश्व स्वयंसेवक दिवश, शहिद महिलाहरुको सम्मान दिवश र डिसेम्बर १० मा अन्तरराष्ट्रिय मानव अधिकार दिवश जस्ता दिवशहरु रहेका छन् । मानव अधिकारसँग जोडिएका यी राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवश पनि यही १६ दिने अभियान भित्र पर्ने भएकोले १६ दिने अभियानको महत्व अत्यान्त्यै महत्वपूर्ण रहेको छ । नेपालले सन् १९१० देखि विधिवत रुपमा यो दिवशलाई मनाउन थालेको हो । विशेष गरेर यो अभियानलाई महिला अधिकार र समानताको लागि ऐतिहासिक र गौरवपूर्ण रुपमा अभियानका रुपमा लिने गरिन्छ ।

हाम्रो समाजमा टड्कारो रुपमा रहेको पितृसत्तात्मक सोंच,सामाजिक मूल्य मान्यताका कारण रहेको विभेदपूर्ण आर्थिक, सामाजिक, साँस्कृतिक र राजनीतिक संरचना र मुल्य मान्यताका कारण महिला तथा बालिकाहरुमाथि सदिऔं देखि विभिन्न खालका हिंसा र शोषणले जरो गाडिरहेको र जसका कारण कतिपय महिलाहरु पटक-पटक मरेर बाँचिरहन बाध्य छन् । यस्तो खालको अवस्थालाई तोडेर हिंसा रहित समाजको निर्माण गर्न र मानव अधिकारको प्रत्याभूति दिलाउनका लागि यो अन्तराष्ट्रिय लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानले सहयोग पुर्‍याउने अपेक्षा यो दिवशबाट गरिएको छ ।

लैङ्गिक हिंसा भन्नाले पुरुष,महिला वा तेस्रो लिङ्गी भएकै कारण गरिने हिंसा भन्ने बुझिन्छ । हिंसा जसलाई पनि हुन सक्छ। तर यौजन्य हिंसा महिला र बालिकामा सबैभन्दा बढी हुन्छ। हरेक नागरिकले सम्मान जनक रुपमा बाँच्न पाउँने उसको नैसर्गिक अधिकारका साथै व्यक्तिको मानव अधिकार पनि हो । हिंसालाई जगन्य अपराधको रुपमा लिने गरेको भएपनि समाजमा महिला तथा बालिकामाथि हुने हिंसालाई सामान्य रुपले

लिने प्रचलन भएको कारण यो व्यापक रूपमा बढ्दो अवस्थामा छ। लैङ्गिक हिंसामा महिलाहरूले विभिन्न प्रकारका हिंसाजन्य कार्य एवं दुर्व्यवहारको अनुभव गरेका हुन्छन् र पिडकका रूपमा मुख्यतया पुरुषहरू नै हुने गर्दछन्। यस्ता हिंसाजन्य कार्य एवं दुर्व्यहारका विभिन्न स्वरूपहरू हुन्छन् जस्तैः हत्या, कुटपिट, यौन शोषण, दाइजोसँग सम्बन्धित हिंसा, बलात्कार, वैवाहिक बलात्कार, बलात्कार र वलात्कारपछि हत्या,जबर्जस्ती करणीबाटगर्भधारण,यातना, महिलालाई हानी हुने परम्परागत प्रचलनहरू,श्रीमान् वा श्रीमान्का नजिकका आफन्तले गर्ने हिंसाजन्य व्यवहार,शोषणसँग सम्बन्धित हिंसा, शैक्षिक संस्था वा अन्य क्षेत्रमा काम गर्ने सिलसिलामा गरिने यौन दुर्व्यवहार, मानव बेचबिखन एवं जबरजस्ती रूपमा गरिने देह व्यापार जस्ता कुराहरु पर्दछन् ।

लैङ्गिक हिंसा कुनै न कुनै हिसावले महिला तथा बालिकाको सम्पूर्ण जीवनचक्रमा हुने गर्दछ। गर्भमा छोरा रहे जन्माउने छोरी रहे गर्भपतन गराउने कामबाटै लैङ्गिक हिंसाको शुरुवात हुन्छ । त्यसैगरी खाना, औषधी उपचार तथा शिक्षाको पहुँचमा गरिने विभिन्न प्रकारका विभेदात्मक कार्यहरू,बलपूर्ण देहव्यापार,समुदाय एवं कार्यक्षेत्रमा गरिने यौन शोषण एवं बलात्कार, यौन दुर्व्यवहार आदि यसभित्र पर्दछन् । युवतीहरूले जबर्जस्ती विवाह, दाइजोसँग सम्बन्धित हिंसा र वैवाहिक बलात्कार जस्ता हिंसाको सामनासँगै तितो यथार्थसँग रमाउनु पर्ने बाध्यता पनि त्यत्तिकै देखिन्छ।

नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण (ल्म्ज्क०, २०१६ का अनुसार १५ देखि ४९ वर्ष उमेर समुहका ७ % महिलाहरु आफ्नो जीवनकालमा कम्तीमा एक पटक यौन हिंसाबाट पीडित पारिएका छन भने १५ देखि ४९ वर्ष उमेर समूहका २६ % विवाहित महिलाले आफ्नो पतिबाट भावनात्मक, शारीरक र यौन हिंसा भोगेका छन्। १७ % ले



एक वा एक भन्दा बढी स्वरूपका हिंसा बिगत १२ महिना भित्र भोगेको छन्, त्यस्तै नेपालका ३७ % बालिकाहरुको १८ वर्ष भन्दा कम उमेरमा विवाह हुन्छ, १० % को त १५ वर्ष उमेर नपुग्दै विवाह हुन्छ। २८.५ % महिलाले निश्चित परिस्थितिमा आफ्ना पतिबाट कुटाई खानुलाई जायज मानेका हुनाले नेपालमा लैंगिक हिंसा सामान्य जस्तै भएको देखिन्छ।

अझ दुखद कुरा अपाङ्गता भएका महिला र उमेर ढल्किदै गएका महिलाहरूमा हुने शोषणलाई सामान्य रूपमा लिने गरिन्छ । वञ्चितीमा परेका, लैङ्गिक तथा यौनिक अल्पसंखयक समुदाय,सडक बालबालिका, सामाजिक समूहका महिला एवं बालिकाहरूले थप बाधा व्यवधानहरूको सामना गर्नुपर्ने हुन्छ र उनीहरू नै अझ बढी हिंसाको जोखिमभित्र पर्दछन्। लैङ्गिक हिंसा जनस्वास्थ्यको सवाल भए तापनि नेपालमा स्वास्थ्यको दृष्टिकोणबाट यस्ता सवालहरुलाई सम्बोधन गरेको पाइदैन। लैङ्गिक हिंसालाई स्वास्थ्य क्षेत्रबाट पनि महत्वका साथ सम्बोधन गर्नुपर्ने भनी सरकारले कार्ययोजना तयार गरेको छ। लैङ्गिक हिंसालाई सम्बोधन गर्न स्वास्थ्य, शिक्षा, कानूनी अधिकार, सुरक्षा र संरक्षणका क्षेत्रमा केन्द्रित भई प्रयास गर्नुपर्ने कुरालाई यस कार्ययोजनाले आत्मसात गरेको छ।

हिंसालाई नियन्त्रण गर्न पुरुषहरुसँग पनि सहकार्य गर्नुपर्दछ भन्ने कुरालाई समेत जोड दिएको छ। नेपाली महिला एवं बालबालिकाहरू घरेलु हिंसाका साथै सार्वजनिक हिंसाको जोखिममा पर्दछन् । घरेलु हिंसा भौतिकजन्य दुर्व्यवहार (जस्तै कुटपिट गर्ने, गाला चड्काउने, कपाल तान्ने, लात्ति हान्ने, आगोमा जलाउने, लौरोले कुट्ने, संवेशनशिल अंगमा छुन खोज्ने,छुरा प्रयोग गर्ने) प्रष्टरूपमा देखिने हुन्छ भने मानसिक यातना (भय, त्रास, गालीगलौज, बेवास्ता) पति वा उसका अरु नातेदारहरूबाट हुने गर्दछ।

त्यसैगरी उनीहरूको सानै उमेरमा विवाह, दाइजोसँग सम्बन्धित हिंसा, घरमा यौन शोषण, बहुविवाह, वैवाहिक बलात्कार जस्ता हिंसाबाट पनि महिलालाई झनै पीडा हुने गरेको पाइन्छ। कानूनीरूपमा केटीको विवाह गर्ने उमेर २० वर्ष तोकिए तापनि परिवारबाट बलपूर्वक र सानै उमेरमा विवाह गर्ने प्रचलन यद्यपि विद्यमान छ। सार्वजनिक क्षेत्रमा हुने

लैङ्गिक हिंसामा बलात्कार, यौन शोषण तथा कार्यक्षेत्रमा गरिने यौनजन्य दुर्व्यवहार, महिला तथा बालिकाको बेचबिखन र परम्परागत विभेदपूर्ण प्रचलनहरू जस्तै दाइजोका लागि रकम भुक्तानी, देउकी, बोक्सी एवं छाउपडी प्रथाहरू पर्दछन्।

त्यस्तै ४३ प्रतिशत महिलाहरू उनीहरूको कार्यक्षेत्रमा यौनजन्य दुर्व्यवहारका शिकार भएको पाइएको छ भने प्रत्येक वर्ष १० देखि २० वर्ष उमेर समूहका ५,००० देखि घरेलु हिंसा (नियन्त्रण र सजाय ) ऐन २०६६ र लैङ्गिक हिंसा विरुद्ध राष्ट्रिय कार्ययोजना २०१० सम्बन्धी अवधारणागत राष्ट्रिय महिला अधिकार सरोकार मञ्च र जागरण नेपालले तयार पारेको निर्देशिकामा उल्लेख छ। लैङ्गिक हिंसा मानव अधिकारको उल्लङ्घन मात्र नभई यसले उत्पादकत्वमा अवरोध पुऱ्याउने, मानव संसोधनमा कमी ल्याउने र आर्थिक वृद्धि समेतलाई असर पार्ने गर्दछ। लैङ्गिक हिंसा अनैतिक एवं मानव अधिकारको उल्लङ्घन तथा परिवार, समुदाय एवं राज्यले समेत यसको परिणामबाट उच्च मूल्य चुकाउनुपर्ने तथ्यलाई मनन् गर्दै सन् २०१० लाई "लैङ्गिक हिंसाविरुद्धको वर्ष" भनी घोषणा गरिएको छ। जसमा भनिएको छ नेपाली समाजका सम्पूर्ण क्षेत्र र व्यक्तिहरूलाई आ-आफ्नो तहबाट लैङ्गिक हिंसाविरुद्ध लाग्न आव्हान समेत गरिएको छ।

कार्ययोजनाले दीर्घकालीन लक्ष्य महिला, पुरुष, केटी एवं महिला, पुरुष एवं केटाहरूले आफ्नो सम्भावना पूर्णरूपमा उपयोग गर्न सक्ने एवं सम्मानित जीवन जिउने लैंङ्गिक हिंसा मुक्त नेपाल रहेको छ। यस कार्ययोजनाको उद्देश्य सन् २०१० का लागि सरकारको अभिप्राय समेटिएको एकल नीतिगत दस्तावेजमा प्रस्तुत गर्नु हो। यस कार्ययोजनाले ६ वटा उद्देश्य एवं निर्दिष्ट क्रियाकलापहरू समेटेको भए पनि त्यसको कार्यान्वयनको पाटो सन्तोषजन छैन्। यी सबैको महत्व आफैंमा उत्तिकै भए तापनि यिनीहरू एक-अर्काको परिपूरकको रूपमा समेत रहेका छन्। उल्लेखित उद्देश्य एवं क्रियाकलापहरूले "लैङ्गिक हिंसा सम्बोधन" एवं "लैङ्गिक हिंसा नियन्त्रण" दुवैलाई समेटेका छन्। सरकारले एकवर्षे कार्ययोजना कार्यान्वयनको अनुभवबाट दीर्घकालीन योजना तर्जुमा गर्ने सोच बनाए पनि पछिल्लो समयमा आएर खासै चासो दिएको देखिदैन्। घरेलु हिंसा (नियन्त्रण र सजाय) ऐन २०६६ र लैङ्गिक हिंसा विरुद्ध राष्ट्रिय कार्ययोजना २०१० सम्बन्धी अवधारणागत स्पष्टता सम्बन्धी निर्देशिका निकालिए पनि त्यसले समुदायस्तरसम्म खासै प्रभाव पार्न सकिरहेको छैन्। यो दुखद पक्ष हो।

अन्त्यमा सरकारले यो वर्षलाई लैङ्गिक हिंसा विरुद्धको वर्षमा रुपमा घोषणा गरेको छ। सरकारले गरेको कार्ययोजना छ त्यसलाई पुरक बनाउनका लागि म, तपाई अनि हामी सबै एकजुट भएर लाग्न सके लैङ्गिक हिंसा न्युनीकरण गर्न सकिन्छ।





हार्दिक बधाई



राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसियसन, नेपाल (एन प्याप्सन) रुपन्देहीको पाँचौ अधिवेशनबाट सिद्धार्थ ग्यालेक्सी पब्लिक हाई स्कूलका प्रबन्ध निर्देशक **बिल प्रसाद गुरुङ्ग उपाध्यक्ष** पदमा निर्वाचित हुनु भएकोमा हार्दिक बधाई तथा सफल, सिर्जनशील कार्यकालको शुभकामना व्यक्त गर्दछौं।

**चन्द्रा थापा**
कार्यकारी सम्पादक
**तथा हाम्रो गोरेटो परिवार**

# लोक संगीत जगेर्नाका लागि मौलिकपन हुन जरुरी

चन्द्रा थापा मगर

२०४२ सालमा रेडियो नेपालबाट स्वर परिक्षण गरी प्रमाण पत्र प्राप्त गरेका लोक दोहोरी गायक बलराम पुनलाई चिनाइरहनु पर्ने कुनै नौलो नाम होइन । नेपालीलाई सुख दुःखमा सहज र सरल ढंगले अत्यन्तै आकर्षक शैलीमा व्यक्त गर्ने माध्यम हो लोक संगीत। हरेक मानव जीवनका सुख दुःखलाई बोलेको हुन्छ गीत संगीतले। गाउँघर वनपाँखा भन्ज्याङ चौतारीमा गुन्जने लोकभाका भनेर धेरैको परिभाषामा सुन्न पाइन्छ । पहिले पहिले गाउँकी साईली माईलीहरुलाई मन छुने लोकभाकाले अचेल सहरीया मैयाहरुको पनि मन छुन थालेको छ।

गुल्मी जिल्ला चन्द्रकोट गा.पा. ४, रेमीमा २०२५ सालमा जन्मिएका बलराम पुन लाहुरे परिवारमा जन्मेर त्यही सस्कारमा हुर्की बढेका व्यक्ति हुन । शान्तिपुर उदय माध्यमिक विद्यालयमा अध्ययन गर्दा उनी भलिबल खेलाडी पनि थिए । त्यसैले थुप्रै ठाउँबाट भलिबल खेल्न बोलाउने हुँदा पहिले देखि गुल्मी जिल्लामा बलराम पुनको नाम प्रख्यात नै थियो। त्यसो त उनी विद्यालयको साहित्यिक कार्यक्रममा कथा, निबन्ध तथा कविता प्रतियोगितामा पनि प्रथम नै हुने हुँदा उनको नाम अग्रस्थानमा नै गनिन्थ्यो।

सानै उमेरदेखि लोक संगितलाई असाध्यै मन पराउने पुन विद्यार्थी जीवनदेखि नै लोक दोहोरी क्षेत्रमा लागेका थिए। पहिला राष्ट्रिय खेलको रुपमा लोक नृत्य तथा लोक दोहोरी गीतलाई समावेस गरिन्थ्यो, त्यति बेला लुम्बिनी अञ्चलबाट नृत्य र लोकगीत लिएर विभिन्न ठाउँमा भाग लिन जाने गर्थे। त्यसैक्रममा अञ्चल स्तरीय लोक दोहोरी प्रतियोगितामा गुल्मी जिल्लाबाट प्रतिनिधित्व गरेर लुम्बिनी अञ्चलबाट लगातार ७ पटक प्रथम स्थान हासिल गरेका थिए । २०४२ सालमा शान्तिपुर उदय माध्यमिक विद्यालयबाट एस.एल.सी. गरेपछि बाँकी अध्ययनको लागि बुटवल र काठमाण्डौंबाट बि.कम. पास गर्दासम्म खेल साहित्य र संगीतबाट अगाडि बढेको विद्यार्थी जीवन उनले निकै रमाइलोसँग बिताएका थिए। २०४२ सालमै गुल्मीबाट बसाइ सराइ गरी बुटवल १३ नयाँ गाउँमा स्थायी बसोबास गर्न आए पछि पनि पुनले रुपन्देही जिल्लाबाट प्रतिनिधित्व गर्दै अञ्चलस्तरीय लोकदोहोरी प्रतियोगितामा २ पटकसम्म प्रथम भएका थिए । यसरी लुम्बिनी अञ्चलको प्रतिनिधित्व गर्दै राष्ट्रिय लोकदोहरी प्रतियोगितामा पनि २ पटक प्रथम भएका थिए।

यद्यपी धेरै पटक दोहोरी प्रतियोगितामा प्रथम भए पछि बलराम पुनलाई थप आत्मबल बढेको हुनाले उनी रेडियो नेपालमा भएको अधिराज्यव्यापी लोकगीत प्रतियोगितामा पनि ३ पटकसम्म भाग लिएका थिए । पहिलो पटक **फुल झर्‍यो डाली उराठ मनमा पिर होला नि सबैलाई मलाई झै छैन कसैलाई** भन्ने गीतले चौठो स्थान प्राप्त गरेका थिए । त्यो प्रतियोगितामा अधिराज्यभरिका ४/५ सय जना मध्ये १०० जना जतिलाई छनोट गरिन्थ्यो।



**बलराम पुन**
लोक दोहोरी गायक तथा शब्द सर्जक

त्यो छनोटमा उनी रेडियो नेपालबाट चौंथो हुनु भनेको धेरै उपलब्धि मानिन्थ्यो । यसै गरी १ पटक तृतीय २ पटक सान्त्वना भएर बलराम पुन रेडियो नेपालबाट पुरस्कृत भएका थिए ।

उनले लोकगीत, राष्ट्रिय गीत लगायत मगर भाषाको थुप्रै गीतहरु रेडियो नेपालमा गाइसकेका छन् । साथै पश्चिमाञ्चल क्षेत्रमा पहिलो चोटी नेपाल टेलिभिजनबाट बलराम पुनको लाईभ दोहोरी "**रेलीमाई**" भन्ने गीत प्रसारण भएको थियो । त्यो बेला लोक दोहोरी क्षेत्रबाट निकै चर्चाको शिखर चुमेका थिए । त्यति बेला अहिले जस्तो मेला महोत्सव र कार्यक्रमहरु कम हुने हुँदा त्यतिखेर लोक संगीत क्षेत्रमा लागेका कलाकारहरुलाई जीविका चलाउन हम्मे हम्मे नै पर्थ्यो ।

त्यसैले उनको बुवा पनि भारतीय सेनाको क्याप्टेन थिए । त्यो बेला लाहुरे हुने प्रथाले जरो गाडेको यो समाजमा घरपरिवारबाट लाहुरे हुन जोडबल गरेपछि उनी वृटिसमा भर्ती भएर २ महिना तथा भारतीय सेनामा भर्ती भएर ३ महिना जागिर खाएको लाहरे जीवनको अनुभव पनि उनीसँग छ । त्यसो त बलराम पुन जिल्ला र अञ्चल स्तरीय लोकदोहोरी प्रतियोगितामा प्रथम हुँदै राष्ट्रिय स्तरमा पुगेर रेडियो नेपालबाट स्वर परिक्षण गरी प्रमाण पत्र प्राप्त व्यक्ति थिए साथै रेडियो नेपालमा भएको अधिराज्यव्यापी लोकगीत प्रतियोगितामा भाग लिएर पुरस्कृत भइसकेका बलरामको रुची गीत संगीतमै थियो ।

त्यसकारण लाहुरे जीवन बिताएर बस्न मन पटक्कै लागेन र उनी जागिर छोडेर गीत संगीतमै फर्केका थिए । गायक बलराम पुन भनेर चिनाउने पहिलो गीत **फुल झन्यो डाली उराठ, अहिले त मरिन्छ क्यारे राम्दीमा पिपलु ओइलायो** र कौडा गीत **यो नानीको शिरैमा फूलको थुङ्गा बावरी घुमी घुमी बस्यो माहुरी** भन्ने गीतले देशव्यापीरुपमा चिनाउँनुका साथै उनलाई अत्यन्तै चर्चाको शिखरमा पुऱ्याएको थियो । यी गीतहरु चर्चामा आउदै गर्दा आफ्नै देशमा राष्ट्र सेवक बन्दै गीत संगीतलाई अगाडि बढाउने सोंचले नेपाल प्रहरीको असई पदमा नाम निकालेर सई भएपछि ८ वर्ष सम्म राष्ट्र सेवकका रुपमा रहँदा माओवादी द्वन्दका कारण जागिर छोड्न



बाध्य भएका थिए । यसरी गीत संगितमा लागेर लोक संस्कृतिलाई बचाउन पर्छ भन्ने सोंच भएको व्यक्ति भए पनि मानिसलाई समय, परिस्थिति र बाध्यताले बाँधेको हुँदा त्यसको केही वर्षपछि बेल्जियम तिर लागेर हाल उनी बेल्जियममा रहदै आएका छन् । उनले व्यवसायीक रुपमा गीत संगीतलाई नलिए पनि यसलाई बचाई राख्न र आफ्नो सृजनालाई सबै सामु ल्याउन प्रत्येक वर्ष ६/७ लाखको लगानीले २/३ वटा गीत रेकर्डिङ र भिजल गरी बजारमा ल्याएका हुन्छन् । केही वर्ष पहिले लोकदोहोरी गायक बलराम पुन भनेर परिचित भएपनि अहिले नेपाली मौलिकपनको टिपिकल **गुल्मेली सालैजो ठाडो भाका ,मगर भाषाको गीत, यानीमाया, कौडा, सोरठी, राष्ट्रिय गीत** लगायत थुप्रै गीतहरु सृजना गरी अहिलेसम्म आफ्नै लय, शब्द, स्वरमा १५० भन्दा बढी गीतहरु बजारमा ल्याइसकेका छन् । ती गीतले अहिलेसम्म चर्चा नै कमाएको छ ।

उनले गाउँघरमा देखे भोगेका कुरालाई लिएर मौलिकपनका गीतहरु सृजना गरेको हुनाले ति गीतहरु कहिल्यै मरेर जान सक्दैनन् । यद्यपी पहिले पहिले बजारमा ल्याएका गीतहरु आज पनि गाउँघरका वनपाँखामा, बजारका विवाह पार्टी, महोत्सवहरुको स्टेज नृत्यमा उनकै गीत गुन्जिरहेका हुन्छन् । उनी दर्शक माझ कम देखिए पनि पुनले गाएका सबै गीतहरुले बजार तताएकै हन्छ । आज ति गीतहरुले हजार होइन लाखौं लाख दर्शक स्रोताको मन जितेको छ र उत्तिकै माया पनि पाएको छ साथै हरेक नेपालीको मन मटुमा बस्न सफल भएको छ ।

उनी बेल्जियममा रहे पनि विदेशमा भएका नेपाली प्रवासीहरुले कार्यक्रम गर्दा गीत गाउन फ्रान्स, यु.के., होल्याण्ड, पोर्चुगल लगायत थुप्रै देशमा गीत गाउन जाने गर्दछन् । उनले अन्य कलाकारहरुलाई दिएको सुझाव, कलाकार हुँ भन्दैमा यो समाजमा विकृति फैलिने खालका शब्द राखेर बजारमा गीत नल्याउनुहोस् नेपाली कला संस्कृतिलाई जोगाउन छ भने यो देशको लागि मौलिकपन झल्कने गीत गाउनुहोस्, आफू मरेर गए पनि त्यो गीत सधै बाँचि रहोस् भन्ने उनी सुझाव दिन्छन् । आफु बेल्जियम भए पनि लोक संस्कृतिलाई जगेर्ना गर्नुपर्छ र बचाउँनु हाम्रो कर्तव्य हो भन्ने उद्देश्यले बेल्जियममा युरो नेपाल कलाकार सँघको स्थापना गरी अध्यक्ष भई सञ्चालन गरेका छन् ।

त्यहाँ नेपाली प्रवासीका छोराछोरीहरुलाई नेपाली कल्चरका डान्स सिकाउँनुका साथै सबै नेपाली बाजाहरुको पहिचानका लागि नेपाली पञ्चेबाजा सिकाइरहेका छन् । उनको अहिले बजारमा आएको गीतहरु सोरठी- **गयो जोवान राजै गयो जोवान ढल्की ढल्की गयो जोवान, प्रदेश जाने परदेशी आउ चाडै फर्केर छोडेर नजाऊ आमालाई एक्लो पारेर, यी मेरा पाइला अभागि हुन कि साइत परेन, बाँच्ने रहर नहुँदा पनि म किन मरेन** , यो आधुनिक गीत लगायत **छिनिङ हिके मराङ्च सेचाले रेटिङ कि राक्याले छान्चाले** भन्ने मगर भाषाको गीत पनि युटुवमा आइरहेको छ । अरु यस्तै थुप्रै गीतहरु रेकडिङ्ग भई सकेको र भिजवलमा आउन बाँकी छन् । अहिले उनले आधुनिक गीत पनि सिर्जना गरेको हुनाले आगामी दिनमा आधुनिक लगायत सबै प्रकारका गीतहरु सिर्जना गरी गीत संगीतलाई निरन्तरता दिने सोंच बनाएका छन् ।

# मर्निङवाकले दिएका सन्देशहरु



मथुरा पिया

२४ फागुन २०७५ को घटना हो। बुटवलबाट नारायणगढको लागि बस चढे। त्यहाँ आफन्तीको विवाह थियो। बेहुलीको घर लायन्स चोक र भरतपुर ओरालोको बिचमा पर्दछ। बिहा घरमा पाहुनाहरुको घुँइचो छ। काठमाण्डौं, पोखरा, बुटवल, धरान अलवा अमेरिका न्यूजिलैण्ड ईङ्ल्याण्ड सम्मका पाहुनाहरु आएका छन्। मलाई पनि सारोगारो घरमा नै बस्ने व्यवस्था मिलाएको पाए। दुई चारजना गेष्टहरुलाई भने आफन्त कहाँ बस्ने व्यवस्था गरेका छन्। दोश्रो दिन मनिङवार्कको लागि घरबाट निस्के। लायन्स चोक क्षेत्रपुर, पोखरा बसपार्क हुँदै लिलाचोक पुगे। त्यहाँबाट ओरालो लागे। अगाडि नारायणी नदी छ। नदीसंगै बडेमाको ग्राउण्ड छ। ग्राउण्डमा पुराना मित्रहरु हरिषचन्द्र पिया र दिकम्बर पिया तहलिरहेको अवस्थामा पाए। नारायणी नदीको विकास बारे प्रसंग चल्यो। नेपाल र भारत बीच जल यातायात विकास सम्बन्धमा काठमाण्डौंमा संयुक्त बैठक बसेको छ। संयुक्त बैठकले नारायणी नदीमा जल यातायात प्राविधिक टोली गठन गर्ने भएको छ। यसले नारायणी नदिमा जल यातायात सञ्चालन सम्बन्धी प्राविधिक अध्ययन तत्कालै शुरु गर्न दुई देश बिच सहमती भएको छ।

फागुन २३ र २४ गरी दुई दिन बसेको बैठकले दुवै पक्ष सम्मिलित संयुक्त प्राविधिक टोली गर्न सहमती जुटाएको हो। उक्त टोलीमा दुवै देशका तीन तीन सदस्य रहनेछन्। बैठकमा नेपालको तर्फबाट नेपाल पानी जहाज कार्यालयका प्रमुखले नेतृत्व गर्ने संभावना रहेको छ। त्यस्तै भारतको तर्फबाट पनि त्यही तहको सहभागिता हुनेछ। बैठकले बहुपक्षीय प्राविधिक सहायता परिचालन गरी विस्तृत अध्ययन गर्ने सहमती जनाएको छ। हरिशचन्द्र पियाले बताए। हाल नदिको किनारमा हात्तीकोमुर्ति, बुद्धको मुर्ती, र बहर पीपल चौतारो निर्माण गरिएको छ। ग्राउण्ड माथि फराकिलो बाटो छ। बाटोको दुवै साइडमा मन्दिरहरु छन्। मन्दिरमा आरती दिने बेला भएको छ। मन्दिरको घण्टमा बजेका मंगलमय ध्वनीहरु यहासम्म सुनिएको छ। नदि पारी दुईचारवटा स्टीमर पनि देखीए। माथि बजारमा साहित्यप्रेमी भूषण प्रधान पनि भेट भए। ८४ बर्ष टेकेका उनी मेरो नाताले मामा पर्दछन्। सकारात्मक सोच बिना कुनै पनि मानिस योग्य बन्न सक्दैन। सकारात्मक विचार राख्नेहरु मुर्ख हुँदैनन्। आँखामा पट्टि बाधेर जीवन गुजार्ने सोच पनि बनाएका हुँदैनन्। उनीहरु बिजय अभियानतिर फड्को मार्दै लम्कने मान्छे हुन्। तिनीहरुलाई आफ्नो सिमाको बोध, राम्रैसंग भैराख्छ। त्यसैले त त्यस्ता मान्छे आफ्नै सामर्थ्यमा टेक्ने, उभिने र हिड्ने गर्छन्। सकारात्मक सोच भएका मानिसहरु नकारात्मक कृयाकलापमा लागि परिरहँदैन। उल्झनमा फसी रहन्नन्। नेगेटिभ सोच भएका मान्छेहरुलाई वास्ता गर्दैनन्। प्रत्येक बिहान पहिलो काम असल र सकारात्मक सामाग्री पढ्ने सुन्नमा बानी बसाल्नुपर्दछ। भूषण प्रधानले बताए। हाल उनी साईराम भक्त छन्।

त्यहाँबाट क्याम्पा चौर पुग्न हतारिए। मैन गेटमा मेयर कप फुटबल प्रतियोगिताको ब्यानर टाँगेको छ। चौरमा भर्खरका युवाहरु फुटबल खेल्दै छन्। गोलपोष्ट पछाडि जालीको प्लेयर बक्स छ। बक्स भित्र युवाहरु क्रिकेट प्राक्टिस गर्दैछन्। दुईचार जना लब्ध प्रतिष्ठित व्यक्तिहरु पाल्तु कुकुरसंगै तहलिरहेका छन्। मैले पनि चौरमा दुई, तीनपटक फन्को मारे। पहिले यहाँ आर्मीहरुको क्याम्प खडा गर्ने भएकोले यो ठाउँलाई क्याम्पा चौर भनेका रहेछन्। नारायणी विकास रनिङ शिल्ड ए डिभिजन फुटबल प्रतियोगिता पनि यही चौरमा सञ्चालन हुने गर्दछ। चौरबाट निस्के। बाटो छेउमा तरकारीको हाटबजार छ। भित्र एक दुईवटा चिया पसल छन्। त्यहाँ चिनेजानेका कोही भेट्टिएनन्। अगाडि बढे। एउटा सानो चौक छ। यो चौक पुतली बजार, प्रगति पथ, मिलन रोड र क्याम्पा चौर रोडको बिचमा छ। यसलाई बालकुमारी चौक भन्दो रहेछ। यहाँ चल्तीको सानो चिया पसल छ। पुष्पा होटल भन्दो रहेछ। भित्र देखि बाहिर फुटपाथसम्म लामा लामा कुर्सीहरु टम्म मिलाएर राखेका छन्। कुर्सीभरी मानिसहरु छन्। पत्रिका पढ्दै चियासंग बिस्कुट खाँदैछन्। कसैकसैको पोल्टामा हरियो परियो तरकारीको पोको छ। सबै गफमा मस्त छन्।

धार्मिक, सांस्कृतिक कला, पोलिटिक्स, रोटरी, लायन्स, जेसीज, उद्योग, व्यापार बिषयमा छलफल छ। यस समूह मध्ये कलेज संगै पढेका मित्र प्रचण्ड प्रधानलाई पनि भित्र भेटे। मनिङवार्ककै विषयमा प्रसंग चलयो। यो समूहको नाम नारायणगढ मर्निङ वार्क ग्रुप हो। एक बिहान आफ्नो आफ्नो रुटहरु जस्तो नहर क्षेत्रपुर, नारायणी नदी, मौलाकाली मन्दिर बसेनी घुमिफिरी यहाँ आउने गर्दछन्। आफ्ना कुरा राख्दछन्। अरुका कुरा पनि सुन्दछन्।



हाटबजारबाट तरकारी किन्छन् । यो समूहको नित्यकर्म नै हो । यो ग्रुपलाई दुई भागमा विभाजन गरिएको छ। एउटा सिनियर ग्रुप दोश्रो जुनियर ग्रुप। प्रायः राउण्ड रोवीनको आधारमा यहाँ भएको खर्च सबैले पालैपालो भुक्तानी गर्ने परिपाटी छ । बर्षमा एकपल्ट विदेश भ्रमण, वनभोज, पर्यटकीय स्थलहरु घुम्ने कार्यक्रम बन्दछ । प्रचण्ड प्रधानले बताए । आफुले बुटवलबाट लगेको बुटवल टुडे पत्रिका यहि समुहलाई छोडिदिए।

त्यसपछि निस्के । अर्का मित्र पवन पियाले रोके । भन्न थाले बन्दीपुरका रेसम (सर) श्रेष्ठले किताब प्रकाशित गरेको छ। किताब पढु पढु लाग्यो। यता मर्निङ्वार्क का सदस्य अमर दिप प्रधानले मलाई आफ्नो मोटर साइकलमा लिएर गए। नारायणी कला मन्दिर भित्र छिराए। उनी यस संस्थाको प्रीजेन्ट प्रेसिडेण्ट रहेछ । भित्र लगेर बसाले । यहाँ दैनिक भोकल ट्रेनिङ संचालन छ। संगीतको ट्रेनिङ छ। नाचगानको ट्रेनिङ छ। बैशाख १ गते सोभिनियरको प्रकाशन गर्ने कार्यक्रम छ। लेखको लागि मलाई पनि अनुरोध गर्नुभएको छ। संघको पुराना नयाँ सोभिनियर मलाई थमाइ दिए। बाहिर निस्के। सबैतिर नियाले। विल्डिङ साह्रै ठूलो रहेछ। लायन्स चौक र बालकुमारी चौकको बिचमा थुप्रै बुक स्टलहरु छन्। त्यहाँको दुईचारवटा दुकानहरुमा चाहार्दै हिडे। बल्ल बल्ल एउटा दुकानमा रेशम सरको किताब भेटियो। पुस्तकको नाम त आराधना पो राखेका रहेछन्। बन्दीपुरमा जन्मेका, हुर्केका, खेलेका जीवनको धेरै बसन्त पार गरेका रेसम सरले पक्कै पनि किताबको नाम बन्दीपुर पदले कतै न कतै जोडेका होलान् भन्ने आफुलाई लाग्याथ्यो। तर त्यो देखिएन।

बिवाह घरमा सबै व्यस्त छन्। मस्त छन्। हल्लाखल्ला छ। संगीतको चर्को धुन छ। कौसीमा आगो बालेका छन्। साँझको बेला छ। नारायणी नदीको स्याठ चलेको छ। चिसो छ। केटाहरु बियर र हुस्की पिउँदैछन्। केटीहरु रेडवाइनमा झुलीरहेका छन्। मैले एक्सपेरो कफी पिए। बाहिर कौसीमा मलाई साह्रै चिसो भयो। डिनर हतारमा लिए। कोठामा लागे। सिरक ओढे। भित्तामा अडेस लागेर बसे। जेसमीन टि संगै हटवारले भरिएको किटली झ्यालको किनारमा राखे। रेसम (सर) श्रेष्ठको पुस्तक आराधना पल्टाउन थाले। रेसम श्रेष्ठको यो दोश्रो कृति हो। माया बन्दीपुरको उनको पहिलो कृती हो। गिलासको चियासंगै किताबको एउटा अंसमा आएर म झस्किए। पुस्तक भित्रको एउटा अंस यसप्रकार छ। म (रेसम श्रेष्ठ) भानु हाइस्कुल गएर मित्र सरलाई भेटे। सरले मलाई कक्षा आठसम्म गणित र विज्ञान विषय पढाउने जिम्मा दिनुभयो। त्यतिबेला कक्षा आठमा शिवराम प्रधान, श्याम पिया, ठाकुर पिया, पदम पिया, देशीराम पिया आदि भाईहरु अध्ययन गर्थे। त्यस मध्येका शिवराम प्रधान नेपाली सेनाका ख्याती प्राप्त जर्नेल भए। र देशीराम पिया प्रमुख जिल्ला अधिकारी भए।

त्यो समूहबाट मलाई सरले छुटाउनु भएछ। ९, १० बर्षसम्म भानु मा.वि.का हेडसर भएका ऋषिराम भट्टराईलाई पनि सरले भुल्नु भएछ। उनी पनि त्यही समूहका एक (विद्यार्थी) सदस्य हुन्। मेरो डेडिकेसनलाई सरले आफ्नो लेखमा कही घुसारेको कतै देखिएन। म रेसम सरको विद्यार्थी । बन्दीपुर माविमा पढेको हुँ। २०२५ सालमा बन्दीपुरको सदरमुकाम दमौलीमा सऱ्यो। बन्दीपुर खण्डहर बन्यो। म बुटवल पुगे। रेसम सर नारायणगढ झरे। हामी बिच धेरै बर्ष हिमचिम, चाइचुइ केही भएन। म बुटवलमै रमाए। रेसम सर नारायणगढमै बिलाए। अहिले यो किताब पढेसी पो सबै त्यो व्यहोराहरु छर्लङ भयो। सरको जानकारीको लागि यो एउटा सानो घटना यहाँ जोडेको छु। डायरीमा उल्लेखित नगर्ने बानी आफ्नो भएकाले यकिन मिति याद भएन। १९८७ तिरको कुरा हो सायद। इण्टरनेशनलले यूठ कन्फरेस जापान जेसीसले आतीथ्य गरेको थियो। नेपालबाट दुईजना प्रतिनिधि जाने व्यवस्था छ। योकोहामा पोर्ट देखि भिक्टोरिया पोर्ट हङकङसम्म पानी जहाजमा सफर गर्दै कार्यक्रम गरिने भएकोले यसलाई यूठ भायोज नाम पनि राखिएको हो। उक्त कार्यक्रमको लागि म र नेपालगञ्जको उमा शाह (लेक्चर) नेपालबाट छनिएका हौ। देशको प्रतिनिधित्व गर्दै एउटा एम्बेडरको रुपमा त्यहाँ हामी सहभागी भएका थियौ। संसारभरीका डिलेगेटर्सहरु (यूनिर्भसिटीका विद्यार्थीहरु) बीच नेपालको विषयमा मैले आफ्ना कुराहरु अंग्रेजी भाषामा राख्न सफल भए। यसको मुख्य श्रेय रेशम सरलाई जान्छ। उहाँकै कर्मठ अध्यापनले गर्दा मैले यो कर्तव्य निभाउन सफल भएको हुँ। अर्का दुईजना उहाँका विद्यार्थीहरु अन्त सिं गुरुङ आर्मीको कर्नल भए। कुलप्रसाद भट्टराई

राज दरबारभित्रको माथिल्लो स्तरको असिफर सम्म हुन पुगे । यी दुवैको नाम पनि पुस्तकमा कतै देखिएनन् ।

आराधना किताब मूलतः (रेशम) श्रेष्ठ सम्बन्धी कथा हो । कथा सत्य घटनामा आधारित छ । एक संघर्षशील जीवनमा आधारित छ । व्यक्तिबारे पढ्ने रुची सायद सबैलाई हुन्छ । कथा रुचीकर घटनामा मात्र हुँदैन । लेखकले रोचक बनाउन ठूलो हात हुन्छ । रेशम श्रेष्ठले आफ्नो कृति आराधना रोचक तथा सरल बनाउन सक्दो प्रयास गर्नुभएको छ । देशकै पुरानो ऐतिहासिक एवं सांस्कृतिक नगरी बन्दीपुरको आर्थिक र सामाजिक पाटाको बारेमा शिक्षाप्रेमी रेशम श्रेष्ठको किताब पाठक माझ आएको छ । पहिले बाकुन्चा हाल बाकुन्टोलमा जन्म भै बन्दीपुरमा हुर्केका र शैक्षिक क्षेत्रमा देश विदेशमा नाम कमाएका शिक्षाप्रमी हुन् श्रेष्ठ । त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट शिक्षाशास्त्रमा डिप्लोमा इन एजुकेशनको सम्म अध्ययन गरेका उनी लामो समय शिक्षा क्षेत्रमा जोडिए। प्रारम्भिक कालमा शिक्षा अनि पछि गैर सरकारी क्षेत्रबाट औपचारिक तथा अनौपचारिक शिक्षाको विकासमा सकृय उनै रेशम श्रेष्ठका आँखाबाट देखिएको बन्दीपुरको इतिहास खोतल्ने पुस्तक आराधना बजारमा हालैमात्र बिमोचन गरिएको छ । पुस्तक केही हदसम्म आत्मबृतान्त र केही अंशमा संस्करण पनि हो ।

किताबको कभर डिजाइन राम्रो छ । शिर्षक निकै आकर्षण लाग्दछ । किताबले मूलतः पाठक समक्ष शिक्षा बारे सन्देश पुऱ्याउन ठूलो भूमिका खेलेको छ । शिक्षा भनेको गतिशिल कुरा हो । समय जसरी अघि बढ्दै जान्छ परिवर्तन हुँदै जान्छ । मानिसको आवश्यकता फरक हुँदै जान्छ । देश विकास बारे पनि प्राथमिकता बदलिदै जान्छ। कुनै बेला देशका लागि एकदमै प्राविधिक जनशक्तिको खाँचो हुन्छ। कुनै बेला बौद्धिक र अरु क्षमता भएको मानिसको आवश्यकता हुन सक्छ। कुन क्षेत्रमा कति बेला कति मानिसको आवश्यक छ भन्ने सरकारलाई थाहा हुनुपर्छ। त्यसबाहेक आफु कस्तो बन्ने, कस्तो शिक्षा लिने भन्ने नागरिकको रुचीमा भरपर्ने कुरा हो। तर देशको आवश्यकता पनि हुन सकछ। त्यो आवश्यकता अनुसार शिक्षामा परिवर्तन हुनुपर्छ । विकास भनेकै समय अनुसार परिवर्तन, परिमार्जन र परिवर्तन हो।

रेशम श्रेष्ठ ४५ बर्ष लामो शैक्षिक यात्रापछि आफ्नै घरको चार सुरमै समय बिताइरहनु भएको छ। घरको एउटा कोठालाई पुस्तकालयको रुप दिनु भएको छ । आफ्ना अनुभूतीहरु कोर्ने जमर्को अझ गदैछन्। छिटफुट सामाजिक कार्यमा पनि संलग्न छन् । शैक्षिक क्षेत्रमा पनि थोर बहुत लगाव छ । आराधना छ। गीताको श्लोक "त्रतत्ते ज्ञानन्न मुक्त" को धकधकी अझै उनमा छ।






# वैवाहिक जीवनमा रुप महत्वपूर्ण कि गुण



किशोर गुरुङ्ग

बैवाहिक जीवनमा रुप महत्वपूर्ण कि गुण ? यसमा निर्विवाद जवाफ हो, गुण।

तर, जब बिहेको कुरा आउँछ, गुणभन्दा पहिले रुपमा चियोचर्चा हुन्छ। जो कोही चाहन्छन् सुन्दर अनुहार र आकर्षक जिउडाल भएको व्यक्तिलाई नै आफ्नो जीवनसाथी बनाउन चाहन्छन । तर, विवाहपछि त्यो शारीरिक सुन्दरता भन्दा उनको गुण-अवगुणले बढि महत्व राख्छ। त्यसो भए के कुनै वैवाहिक सम्वन्ध आफ्नो पार्टनर सुन्दर नभएको बहानामा तोडिन सक्छ ? पटक्कै सक्दैन। एक पटक विहे गरिसकेपछि सुन्दरताको विषय गौण बन्ने भुक्तभोगीहरु बताउँछन।

**आकर्षण के हो ?**

आकर्षण शब्दलाई धेरै किसिमले परिभाषित गर्न सकिन्छ। कसैले यसका लागि बायोलोजिको सहारा लिन्छन। कसैले वैचारिक-भावनात्मक समानतालाई महत्व दिन्छन भने कसैले आफ्नो पार्टनरमा ती गुणहरुको खोजी गर्छन जुन उनीहरुमा हुँदैन। बायोलोजिकल सिद्धान्तले भन्छ कि प्रकृति (हार्मोन्स वा प्रेमको भावना) ले पार्टनरको चयनमा काम गर्छ। जबकि व्यवहारिक धारणाले मान्छ कि भविष्यमा कोसँग विहे हुन्छ यसको बीउ बाल्यकालमा नै रोपिएको हुन्छ। मानिसहरु पार्टनरमा ती गुण देख्न चाहन्छन जुन आफ्नो बुवाआमामा पाउँछन । केटीहरुका लागि पिता आदर्श हुन्छन भने केटाहरु आफ्नी आमाबाट प्रभावित हुन्छन। बिना कुनै आकर्षण पनि वैवाहिक सम्वन्ध सुमधुर रुपमा अघि बढेका धेरै घटना पाइन्छन। यसका पछाडि थुप्रै सामाजिक-आर्थिक र नैतिक आधारहरु हुन्छन।

**अमिल्दो जोडी नै हुँदैन**

केही दम्पत्तिलाई उनीहरुको सर्कलमा 'परफेक्ट कपल' कहलाउँछन भने कुनै दम्पत्तिलाई 'मिसम्याच्ड' अर्थात अमिल्दो जोडीको ट्याग लगाइन्छ। कस्तो जोडीलाई अमिल्दो भन्ने ? यसको कुनै मानक छैन। पार्टनरहरुबीच सम्पर्क, संवाद र एकअर्काप्रति स्वीकार्यताको आधारमा दाम्पत्य सम्वन्ध टिकेको हुन्छ। आमरुपमा हेर्दा, केही समयसँगै बिताएपछि मात्रै पति र पत्नीको वास्तविक स्वभाव प्रकट हुन थाल्छ। जब कसैले आफ्नो पार्टनरलाई मानसिक, शारीरिक, भावनात्मक वा आर्थिक आधारमा स्वीकार गर्न सक्दैन, त्यतिबेला 'मिसम्याच्ड' को अवधारणा काम लाग्छ।

**सुन्दरता आँखामा हुनुः**

प्रेमका डुबेका जोडीहरुको आँखाले एक-अर्कामा गुणैगुण खोज्छन। वास्तविक जीवनमा कथित 'मिसम्याचड कपल' कमै देखिन्छन किनकी हरेक व्यक्तीले आफ्नो लागि उपयुक्त पार्टनर नै खोजेको हुन्छ। अनुहार हेरेर कसैको मूल्याङ्कन गर्न सकिँदैन। एक वैवाहिक वेवसाइटले केही वर्षअघि गरेको सर्वेक्षणमा ३३ प्रतिशत पुरुष र ४३ प्रतिशत स्त्रीले भनेका थिए कि उनीहरुले प्रेम वा बिहे गरेको व्यक्तिसँग सुरुमा आकर्षित थिएनन् तर बिस्तारै आकर्षण बढ्दै गयो। वास्तवमा सुन्दरता हेर्नेको आँखामा



भर पर्छ।

**परिभाषा बदलिन्छः**

नेपाली समाजको सन्दर्भमा हेर्दा पतिभन्दा पत्नी सुन्दर देखिनुपर्छ भन्ने मान्यता राखिन्छ। परम्परागत सोंचअनुसार पुरुषको कमाई र स्त्रीको सुन्दरता महत्वपूर्ण हुन्छ। अघिल्लो वर्ष साइकोलोजिकल साइन्समा प्रकाशित एक रिपोर्टका अनुसार आकर्षक व्यक्तित्व हुनुले नै सम्वन्धमा सन्तुष्टी प्राप्त हुँदैन। पति र पत्नी दुवै सुन्दर छन भने पनि सम्वन्ध टिकाउ र सुमधुर हुने ग्यारेन्टी गर्न सकिँदैन। सेलिब्रिटीहरुमा सम्वन्ध तोडिने प्रवृत्ति बढि हुनु यसैको द्योतक हो।

**वैवाहिक सम्बन्ध बन्धन होइनः**

हाम्रो समाज पितृसत्तात्मक छ। यहाँ पुरुषले नारीलाई विवाह गरेर ल्याउँछन। समाजले दिएको यौन सम्बन्धको छुटको परिपक्व रूप विवाह हो। विवाह पुरुष र नारीको आपसी समझदारीमा निर्धारण हुन्छ। यो सम्बन्धले एउटा परिवार बन्छ र क्रमिक रूपमा समाजको संरचनाको निर्माण हुन्छ। पाश्चात्य देशमा विवाह गर्न र तोड्न धेरै समय लाग्दैन भने हाम्रो समाजमा त्यो चलन छैन। जसले सामाजिक सञ्जाल फराकिलो पाइन्छ। अहिले आएर पाश्चात्य देशको जस्तै वैवाहिक सम्बन्ध विभिन्न कारणले असमझदारी हुँदा सम्बन्ध आपसमा तोडिएका छन्। त्यो पनि शिक्षाका पहुँचका कारण महिलाले मानसिक यातना सहन नसकेर बाहिर आवाज उठाई आफ्नो सहजतामा बाँच्न चाहेर ल्याएका छन् भने कतिपय पुरुषले यस्ता कारण बीच सहज वातावरण सिर्जना गर्न नसक्दा सम्बन्धविच्छेदको परिस्थिति सिर्जना भएको छ। नारीका लागि यो स्थितिमा कानुन बलिया बने। जसअनुसार आफ्ना दबिएका पीडित आवाजलाई बुलन्द गरे। यो परिवर्तनलाई समाजको आवश्यकता नै ठान्नुपर्छ किनकि समाज सधै परिर्वतनगामी हुन्छ। पुराना कुरालाई नयाँ ज्ञान र सीपले प्रतिस्थापन गरिन्छ। यो विकासको अघि बढ्ने आधार हो। कुनै पनि मानिस शारीरिक रूपमा सबल हुनु ऊ मानसिक तवरले बलियो हुनुपर्छ। तबमात्र उसले दैनिक आफ्ना क्रियाकलापलाई सहज रूपले संचालन गर्न सक्छ। हामी नारी हौं, हामीलाई विवाह गरेर ल्याइन्छ। घरको कामकाज, इष्टमित्रको सौहार्द्रता, श्रीमानको हेरचाह, बालबच्चाको लालनपालन हाम्रो दायित्व अवश्य हो र पुरुषले पैसा कमाउने र घरलाई व्यवस्थित गर्ने, तर नारी अब त्यतिमा मात्र सीमित छैनन्। पुरुष सरह जिम्मेवारी काँधमा बोकेर उनीहरू पनि आफ्नो क्षमता प्रस्तुत गर्न सक्छन।तसर्थ उनीहरूलाई पनि ती स्वतन्त्रता दिनुपर्छ। जसभित्र उनीहरू क्षमताअनुसारका काममा सहभागी गराई उनीहरूलाई हौसला र प्रेरणा भरिदिन सक्नुपर्छ। तबमात्र वैवाहिक सम्बन्ध नारीलाई कहिल्यै बन्धनको हावी हुँदैन। घरको चार दिवारभित्र संकुचित बनाएर राखिनु हुँदैन। उसले हासिल गरेको शिक्षा, सिक्न र बुझ्न चाहेका सीपमूलक तालिममा सहभागी गराई हौसला साथ सहयोग र प्रेरणा विवाह गरेको हो भने उनीहरूको परनिर्भरतालाई पनि घटाउन सकिन्छ। आत्मविश्वास बनाउन सकिन्छ। वैवाहिक जीवन हौसलादायी रहन्छ एक-अर्कालाई हैन दृष्टिकोण सकारात्मक रहन्छ। आपसमा प्रेम, सद्भाव प्रस्तुति बहन्छ। जिम्मेवारीबोध हुन्छ जसले गर्दा वैवाहिक जीवन सधैँ हौसला र प्रेरणादायक बन्छ। प्रकतिले कमजोर रूपमा दिएको नारी जीवनलाई संकुचित दायराभित्र राख्दा त्यसको विकास न्यून हुन्छ, क्षमता सबैमा हुन्छ। मात्र फरक धेरै र थोरैको रहन्छ। ती क्षमता प्रस्तुत गर्ने अवसर वैवाहिक बन्धनमा बाँधिएका नारी उही र उत्तिकै प्राथामिकता साथ दिनुपर्छ।जसले मानसिक रोगको सिकार हुँदैनन् जीवनमा आइपर्ने अप्ठ्यारासँग लड्न सक्छन। यो बाटोलाई केही थोरै वर्गले मात्र बुझिदिएको हुँदा धेरै वैवाहिक जीवन बिताइरहेका नारीहरू भित्रभित्रै पिल्सिएका छन। ती सबै र समुदायकाले बुझिदिएर यसमा चेतानाको स्तर वृद्धि गरिनुपर्छ।

**वैवाहिक सम्बन्ध असफल हुने कारण**

असफल वैवाहिक सम्बन्धले जीवनको रंग फिका हुन्छ। यसले जीवनमा नैराश्य तथा तनाव निम्त्याउँछ। बेमेल विवाहको परिणाम प्रायः नकारात्मक नै हुन्छ। बेमेल विवाहले दम्पतीको जीवन मात्र नभएर उनीहरूसँग जोडिएका मानिसको जीवनमा समेत असर गर्छ। बेमेल विवाह असफल हुनुका धेरै कारण छन। पहिलो त जो मानिस यो बेमेल विवाह गर्छन उनीहरू दिमागले होइन मनले सोंच्छन। जब घर-व्यवहार सम्हाल्नुपर्छ त्यतिबेला उनीहरूलाई एक-अर्काको कमी-कमजोरी तथा जीवनको सत्यप्रति खेद हुन्छ। यसले आफू र साथीको बीचको फरक महसुस हुन्छ। यसले गर्दा दम्पतीको माया कम हुँदै जान्छ। जोस तथा आवेगमा लिइएको कदमप्रतिको पश्चातापले एक अर्काप्रति वितृष्णा उत्पन्न हुन्छ।

**उमेरमा भिन्नता**

हामी सबैलाई थाहा छ बलिउडका अभिनेता सेफ अली खानले केही वर्ष पहिले आफ्नी श्रीमती अमृता सिंहसँग सम्बन्धविच्छेद गरे। यी दुईको सम्बन्धविच्छेद हुनुको प्रमुख कारण थियो-उमेरको फरक। अमृता सेफभन्दा दस वर्षले जेठी थिइन। पुरुषको तुलनामा महिलाको उमेर चाँडो ढलेको देखिन्छ। त्यसैले यदि महिला पुरुषभन्दा बढी उमेरकी हुन्छिन भने विवाहको केही वर्षपछि उनीहरूले एक-अर्काको फरक दुनियाँका बारेमा अनुभव गर्न सक्छन। उदाहरणका लागि यो जोडीलाई लिन सकिन्छ। अझै पनि सेफ नायकका रूपमा सक्रिय छन भने अमृता आमाको भूमिकामा देखा पर्छिन।

मनोवैज्ञानिकहरूका अनुसार उमेर बित्दै गएपछि शारीरिक संरचनामा फरक आउँछ। यसले अनुहारमा पनि स्वाभाविक

परिवर्तन देखा पर्छ । यसले गर्दा बढी उमेर भएको साथी आफ्नो जीवनसाथीप्रति झर्किरहन्छ र शंका पनि गर्छ । यसले गर्दा अर्की साथीले आफ्नै उमेरको साथी आफ्नो जीवनको नभएकोमा पश्चाताप गर्न थाल्छ। फलस्वरूप सम्बन्धमा चिसोपन आउँछ । यसले घरपरिवारमा तनाव तथा निराशा निम्त्याउँछ।

**विचारको अन्तर**

पाकिस्तानी क्रिकेटर इमरान खानले ब्रिटेनका खर्बपतिकी छोरी जेमिमा गोल्डस्मिथसँग विवाह गरेका थिए। जेमिमा खुला विचारकी यहुदी परिवारकी छोरी थिइन। विवाहपछि कडा मुस्लिम परिवारमा घुलमिल हुने प्रयास असफल भएपछि उनीहरू ९ वर्षपछि सम्बन्धविच्छेद गरे। यसले पनि विचारको अन्तर देखाउँछ। एउटा खुला विचारयुक्त र अर्को संकीर्ण विचारधाराको छ भने त्यहाँ विचारको अन्तर देखिन्छ।

**सुन्दरताको अन्तर**

अनुहार जस्तो भए पनि दुवैको सुन्दरताको बीचमा धेरै फरक हुनु हुँदैन। यदि एक सुन्दर तथा अर्को कुरूप भए वैवाहिक सम्बन्धमा खटपट उत्पन्न हुन्छ। नराम्रो अनुहार भएको साथीले अर्कोलाई देख्दा मन खिन्न बनाउन सक्छ। यसले गर्दा वैवाहिक सम्बन्धमा प्रेम कम हुन्छ।

**स्टेटसको फरक**

स्टेटसमा भिन्नता छ छ भने यो कुराको मानसिक समस्या कम स्टेटस भएको साथीमा देखिन्छ। उसलाई आफ्नो जीवनसाथीले सधै तल खसाएको आभास हुन्छ। आफैदेखि आफूलाई दिक्क लाग्न सक्छ। स्टेटसको फरकले वैवाहिक सम्बन्धमा प्रशस्त असर पुऱ्याएको देखिन्छ।


"ओझेल भित्रका वास्तविक सचेतना अभियान" का साथ प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिका**ले छैठौं वर्ष सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनमा अझ निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न सफल होस् हार्दिक शुभकामना !


**न्यू कालिका मेटल उद्योग**

बुटवल-११, देवीनगर, रुपन्देही



हामीकहाँ स्टील गेट, रेलिङ्ग, फेन्सी गेट, ट्रस्ट तथा फलाम सम्बन्धी सम्पूर्ण कामहरु ग्यारेण्टीका साथ तयार गरिन्छ ।


"ओझेल भित्रका वास्तविक सचेतना अभियान" का साथ प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिका**ले छैठौं वर्ष सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनमा अझ निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न सफल होस् हार्दिक शुभकामना !

प्रो. प्रेम बुढा मगर

**बुढा हार्डवेयर**

घोराही-१०, नयाँ बसपार्क, दाङ, फोनः ०८२-५६३५३९, ९८०१३३४१०८



हाम्रो यहाँ घर निर्माणको लागि सिमेन्ट, छड, किला, कब्जा जस्ता पाता इत्यादि सामानहरू थोक तथा फुटकर बिक्री गरिन्छ।

# ग्रेटर नेपाल



**संजय काउछा**

सायद तीन महिना भो क्यार, मलाई यस तिहाड जेलमा सारेको तर यति दिन भो भनेर ठ्याक्कै भन्न पनि सक्दिनँ । यो काल कोठरीमा दिनरात छुट्ट्याउन पनि मलाई गाह्रो छ। आठवाइ चारको यो अँध्यारो कोठामा ४० वाटको यही बत्ती नै मेरो घाम र जून हो।

मलाई कसैसँग भेट्न दिइएको छैन । पत्रपत्रिका पढ्नबाट पनि बञ्चित छु। समय समयमा विपश्यना ध्यान गरिरहने मान्छे यो स्थितिलाई त्यति असहज मानेको छैन। बाहिरको माहौल कस्तो छ ? के भैरहेको छ ? बिल्कुलै बेखबर छु। प्रधानमन्त्री कन्हैया कुमारको ताजा अवस्था के हो ? जान्न उत्सुक छु। खाना, चिया दिने बेला चौकिदारसँग संवाद गर्न खोज्छु । ऊ मेरो कुनै पनि कुराको जवाफ दिँदैन।

"हिन्दुस्तान टाइम्स, टाइम्स अफ इन्डिया, इन्डियन एक्सप्रेस जे भए पनि कुनै एउटा पत्रिका ल्याइदेऊ भाइ, तेब्बर पैसा दिउँला।" न त्यो चौकिदार केही बोल्छ, न त पत्रिका नै आउँछ। फेरि पनि आफ्नो माग राखिरहन्छु।

त्यो घटनापछि विश्व समुदायले कस्तो प्रतिक्रिया जनायो होला। चिनले स्वतन्त्र बृहत् नेपालको आन्दोलनप्रति खुलेर समर्थन जनायो होला या अझै उस्तै मौन होला ? विशेषतः संगठित भइनसकेको स्वतन्त्र बृहत् नेपाल चाहने ठूलो जमातलाई यो घटनाले कस्तो प्रभाव पार्‍यो होला ? यस्तै थुप्रै जिज्ञासाहरू थिए। ठ्याक्कै यस्तै भैराखेको छ भन्ने कुरा जान्न नपाएपछि म अनुमान गर्दै बस्नुबाहेक अरु के नै गर्न सक्थेँ र ?

जेल जीवन एक रसको छ। खाना पनि उस्तै निरस। खानामा रोटी, दाल, सब्जी र कहिलेकाँही कुखुराको डेढ चोक्टा मासु आउँछ। ४० वर्ष कटेपछि मैले धुमपान, मद्पान, मासुहरू खान छोडेको छु। माछा भने हप्तामा एक पटक खाने गरेको छु। भनौँ न कमसे कम हप्तामा एक पटक माछाचाँहि खानै पर्ने 'लत' झैँ भएको छ। यहाँ मलाई कस्ले देओस् माछा । तीन महिना नै भयो माछा नखाएको। एक डेढ महिना आफैलाई त्यस्तै खास माछा खान मन लागेन तर केही दिनयता माछा खान मन लागेर 'सिक' जस्तो भएको छ।

आज सात तारिख रहेछ। सिदा स्वरूप केही रकम आएको थियो। हातमा पैसा परेको दिन माछा खाने खुब इच्छा जागेर आयो। तर, कल्ले ल्याइदिएर खानु र माछा ? एउटा माध्यम त्यही एउटा चौकिदार हो तर ऊ कठोर छ। ऊ पत्रिका मरिगए ल्याइदिँदैन, माछा के ल्याइदेओस् ? फेरि पनि सेल भित्रबाट चिच्याउँछु, "ओ, सन्तरी भाइ! बाहिरबाट ४ पिस तारेको माछा ल्याइदिनोस् न। आज सिदा आएको दिन माछा खानु पर्‍यो। म हजुरलाई १०० रुपैँया सर्भिस चार्ज दिउँला।"

उसको कुनै जवाफ आउँदैन।

... ... ....

आफू बस्ने सेलको सरसफाइ गरिसकेपछि दरीमाथि यसो पल्टेको भुसुक्कै निदाएछु। चौकिदारले सेलको फलामे डण्डीमा लठ्ठीले खाना दिने बेलामा जस्तै 'ठक' 'ठक' पार्दा पो ब्युँझिएँ। खाना बाँड्ने बेला भैसके जस्तो त लाग्दैन, के परेछ ? जेल सरुवा गर्ने पो हो कि ? कि फेरि मुद्दा ब्युँतिएर मृत्युदण्ड कै फैसला नै पो भो कि ? सोच्दै आँखा मिच्दै उठेर बसेँ।

'ठक' 'ठक' फेरि उसै गरी चौकिदारले डण्डा बजार्‍यो।

"हजुर, हजुर भाइ !" भन्दै म बारतिर गएँ।

"ए, लेलो भाइ !" भन्दै चौकिदारले सानो रोल गरेको पत्रिका बारबाट छिराइदियो।

"अरे वा ! धन्यवाद भाइ,

धन्यवाद ।" यति धेरै पछि पत्रिका पढ्न पाइने भो भनेर म दङ्दास भएँ । र हतार हतार रोल गरेको पत्रिका हातमा लिएँ । फेरि भने, "भाइ म तपाईंलाई यस्को १०० रुपैँया दिन्छु है ।" रोल गरेको पत्रिका लिइसकेपछि थाहा भो, यो रोल गरिएको पत्रिका होइन रहेछ । बरु भित्र भएको केही चिजलाई पत्रिकाले बाहिरबाट रोल गरिएको रहेछ । खोलेर हेरेँ, सिङ्गै तारेको 'सालमन' माछा रहेछ ।

"वा, वा !" मुखमा रसाएको पानी भिजेको शब्द बाहिर आयो । "फेरि पनि धेरै धेरै धन्यवाद भाइ !" कृतज्ञ हुँदै मैले भनेँ ।

ऊ चुपचाप थियो ।

"यो माछाको पैसा चाहिँ कति नि भाइ ?" खल्तीबाट १००/१०० का चारओटा नोट झिकेर ऊतिर बढाउँदै भनेँ ।

"पैसा पर्दैन !" ऊ मेरो सेलबाट अलि पर सधैं उभिने ठाँउमा गैसकेको रहेछ । मतिर नहेरीकनै उसले हिन्दीमा भन्यो ।

"त्यसरी कहाँ हुन्छ भाइ ? तपाईंले पैसा लिनै पर्छ । साहिँली औँला र चोर औँलामा पैसा च्यापिराखेको दाहिने हात बारबाट छिराएर उतिर तन्काउँदै भनेँ ।

"यो मेरो घरमा बनेको माछा हो । आज मेरो बाबाको पुण्य तिथि हो, मेरो बाबाको लागि प्रार्थना गर्दिनुभए हुन्छ । पैसा पर्दैन ।" उसले यसो भने पछि म अरू बोलिनँ ।

अब म बिस्तरामा बसेर पकापक बोनलेस 'सालमन' माछा खान थाले । २ मिनट मै २ ओटा माछा खाई सिध्याएँ । माछाको भोक सकाइसकेपछि भित्तामा अडेस लगाएर बसी माछा रोल गरेर ल्याएको, तारेको तेलले गर्दा लपक्कै भिजेको पत्रिकाको टुक्रा हेर्न थालेँ ।

२०५० जुलाई १० तारिख अर्थात अस्ति बुधवार प्रकाशित 'नवभारत दैनिक' पत्रिकाको एउटा टुक्रा रहेछ । एकापट्टि अविवाहित सलमान खानको निधनपछि एकजना व्यक्तिले आफैले आफैलाई सलमान खानको छोरा भएको दावी गरेको समाचार थियो । अर्कोपट्टि नेपाललाई जनमत संग्रह गराएर भारतमा विलय गराएको ठिक तीन वर्षपछि सगरमाथालाई 'नेहरू पिक' नामकरण गर्नको लागि सगरमाथा बेसक्याम्पमा आयोजित समारोहमा सरिक प्रधानमन्त्री कन्हैया कुमारमाथि बम प्रहारपछि ग्रेटर नेपाल आन्दोलन सन १९५० अघिको सबै भूभागमा झन चर्कदै गएको, यस आन्दोलनको नेतृत्व सिद्धार्थ काउछाले गरेको भन्ने खबर थियो ।

भारत नेपाललाई अस्थिर बनाएर आफूमा आश्रित गराई आफू अनुकूल चलाई राख्ने नेहरूको पालादेखिको नीतिमा चलिरहेको थियो । खासमा भारतको अभिष्ट नेपाललाई भारतमा विलय गराउनु नै थियो । त्यसको पक्का पूर्वाधार नागरिकता विधेयकले तयार पारेको थियो । अन्ततः भारत आफ्नो उद्देश्यमा सफल भएरै छाड्यो ।

सगरमाथा वेसक्याम्प बमकाण्ड त्यसैको परिणाम थियो ।

"भारतका कठपुतली दलहरूले नागरिकता विधेयक पारित गराइहाले । नेपाललाई भारतले गाभेरै छोड्ने भयो ।" मैले चिन्ता व्यक्त गर्थें ।

"बाबा हामीले यो बारेमा धेरै सोंच्ने हैन, नेपाल भए पनि हामीले व्यवसाय गर्ने हो, भारतमा विलय भए पनि हामीले व्यवसाय नै गर्ने हो, हामीलाई यसले के फरक पार्छ र ? अहिले हामीले "मगर्स किचन"को बारेमा मात्र सोंच्ने हो ।" त्यस्तो कुरा गर्ने मान्छेले अहिले आएर देश पहिले भन्ने सोंचेकोमा मलाई यो कालकोठरीमा पनि औधी आनन्द महसुस भयो ।

हुन सक्छ, ७३ वर्षे आफ्नो बाबुले देशको स्वतन्त्रता संग्रामको लागि प्रधानमन्त्रीमाथि बम हान्ने साहस गरेकोले पनि उसलाई प्रेरणा जागेको होस् । खैर, प्रधानमन्त्री कन्हैया कुमारको बारेको खबर त्यो टुक्रामा कतै भेटिन । मलाई अझै प्रधानमन्त्री कन्हैया कुमारको चिन्ता थियो ।

हो, मैले प्रधानमन्त्रीलाई बम हानेकै थिएँ तर मेरो उद्देश्य उनको हत्या गर्ने नभएर आन्दोलनलाई ऊर्जा पुग्ने गरी काण्ड घटाउनु थियो । तर निशाना भुलचुक हुँदा उनी अलि गम्भीर घाइते भएका थिए ।

७३ वर्ष पुगिसकेको मलाई मृत्युदण्डको कत्ति डर थिएन । मानवताको नाताले उनको सलामती चाहन्थेँ म । 'उनलाई केही नहोस् ।' पत्रिकाको टुक्रा कच्याक कुचुक पारेर कुनातिर मिल्काउँदै सोंच्छु र सोंच्छु, 'भारतले नेपालप्रति गलत नीति र कन्हैया कुमारले गलत निर्णय नलिएको भए, यस्तो त हुन्नथ्यो ।'

जे हुनु भैसकेको थियो र अब जे हुने छ, त्यो भएरै छाड्ने छ । बिचरा भारत, यति लामो सङ्गत गरेर पनि नेपालीलाई चिन्न सकेन । विशाल नेपाल, जिन्दावाद !

# एम.जि. क्लवद्वारा समाजसेवी सरुलाई सम्मान




प्रत्येक महिनाको १५ गतेका दिन बुटवलका एम.जि.क्लवले सम्पूर्ण सदस्यहरु उपस्थित बनाई भेटघाट तथा परिचयात्मक कार्यक्रमको अवसर पारेर समाजमा आफ्नो पहिचान बनाई सकेको एक जना समाज सेवी व्यक्तित्वलाई निमन्त्रणा गरी प्रमुख अतिथिको रुपमा कार्यक्रम सञ्चालन गर्दै आएको छ। उक्त कार्यक्रममा यसपटकको प्रमुख अतिथि नमस्ते किड्स नेपालको केन्द्रिय अध्यक्ष सरु बुढाथोकी मगरको उपस्थिती रहेको थियो। सो कार्यक्रममा क्लवका पूर्व अध्यक्ष वसन्त थापाले प्रमुख अतिथिको बारेमा छोटो जानकारी गराएका थिए।

उक्त कार्यक्रममा बोल्दै सरु बुढाथोकीले आफू कसरी समाज सेवा गर्न पुगिन भन्ने बारे प्रस्ट पारेकी थिइन। उनी मगर विद्यार्थी संघ र नेपाल आदिवासी विद्यार्थी संघमा काम गर्दै जाने क्रममा बुटवलका अनाथ बालबालिकालाई देख्दा उनको मन दुख्ने गर्थ्यो र यि बालबालिका लाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने कुराले सरुको मन सधै खड्की रहन्थ्यो। यसै क्रममा नेपाल घुम्न आएको एक जना जमर्नीसँग सहकार्य गरेर पोखरा लेख नाथ ८ सभागृह पथमा नमस्ते किड्स नेपाल संस्था सञ्चालन गर्दै आएकी छिन। त्यो संस्थामा अहिले २०० भन्दा बढी अनाथ तथा विपन्न वर्गका बालबालिकाहरुले आश्रय लिंदै आएको कुरा जानकारी दिएकी छिन्। अहिले यो संस्थाले १८ वटा जिल्लामा आफ्नो शाखा विस्तार गरी ति बाल बालिकाहरुलाई सेवा प्रदान गर्दै आएको कुरा पनि उनले बताएकी थिइन।

उक्त कार्यक्रममा एम.जि.का अध्यक्ष तुलजी सारुले बोल्दै हामी जिवित रहनसम्म हाम्रो नाम रहेने हुँदा हाम्रो मृत्यु पछि पनि नाम जिवित राख्नलाई हामीले समाज सेवा गर्नु पर्ने रहेछ त्यसैले यो एम.जि.क्लव सञ्चालन गरेका हौं। यो क्लवले सुखमा मात्र होइन दुःखमा पनि साथ दिने हुँदा जसले पनि दुःख पर्दा एम.जि.क्लवलाई संझन सक्नु हुनेछ भन्ने जानकारी दिएका थिए। सो कार्यक्रममा प्रमुख अतिथि सरु बुढाथोकीलाई मायाको चिनो प्रदान गरिएको थियो भने क्लवले अहिलेसम्म गरेका सामाजिक कामहरुको विवरण अवगत गराएका थिए।उक्त कार्यक्रम तुल जी सारुको अध्यक्षतामा भएको थियो भने स्वागत मन्तव्य निर बहादुर गाहाले गरेका थिए र क्लवको बरिष्ठ उपाध्यक्ष श्रीधर अर्घालीले कार्यक्रम संचालन गरेका थिए।

७औं हार्दिक शुभकामना

"ओझेल भित्रका वास्तविक सचेतना अभियान" का साथ प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिका**ले छैठौं वर्ष सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनमा अझ निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न सफल होस् हार्दिक शुभकामना !

**प्रो. सन्तबहादुर रोका मगर**

**न्यू स्वर्गद्वारी हार्डवेयर पसल**

घोराही-११, दाङ, दीपशिखा रोड, फोन. ०८२-४१४०१८, ०८२-४१४०६०, ९८४७८५९८६८, ९८४७८६६९६९

हामीकहाँ घर निर्माणको लागि सिमेन्ट, छड, पाईप फिटिङ्ग, टायल फिटिङ्ग, किला, कब्जा, रङ रोगन इत्यादी सामानहरु उचित मूल्यमा पाइन्छ।

# भावना



सीता गाहा

झुट लाग्न थाल्यो किन तिम्रा सबै कुराहरु
रोपिएझैं लाग्न थाल्यो किन मनमा छुराहरु
बन्न थाल्यो कुरा पनि सधै बनावटी
माया पनि रैछ तिम्रो सबै देखावटी
म तिम्रो नभएनी तिमी सधै मेरै थियौं
माया कहिल्यै नदिएनी दुःख चाहि धेरै दियौं
धन्यवाद छ तिमीलाई मलाई छोडि दिएकोमा
बधाई छ तिमीलाई अर्कै संगी रोजेकोमा






## हार्दिक बधाई

हाम्री छोरी **जुनु बलाल मगर** ले त्रिभुवन विश्व विद्यालयबाट **स्नातकोत्तर** उत्तीर्ण हुन सफल भएकोमा हार्दिक **बधाई** तथा आगामी दिनमा उज्ज्वल भविष्यको कामना व्यक्त गर्दछौं ।



**बुवा : सु. अगन बलाल मगर**
**आमा : कल्पना बलाल मगर**
**छेमा : चन्द्रा थापा मगर**
चन्द्रकोट गा.पा., शान्तिपुर, गुल्मी

# वही छत पे वही जुत्ते ?



लीला राना मगर

स्याङ्गजा जिल्ला बैदीछाप गांव, सिंजाली लोगोका घरबार
पुश पालन खेत खलियान "जिरे मिर्च" को मल-जल तार-बार
लडके लोगो को गल्ला करते है वार-पार, इसपार-उसपार
भारत, सिंगापुर, मलाया, हङकङ, बोर्नीयो, बेलायत सात समुन्दर पार

"कान्छी, फौजीका खत आया है ?" माँ झुकी नजरसे देखती
पत्र पढने का आठआना, लिखने का भी आठ आना देती थी
छुट्टी में आया फौजीको देख, दादी जोर-जोर से हंसती थी
हंसती दादी को देख छोटी बहन जोर-जोर से रोती थी

"कुजात हम" रात-दिन ऐसा दिन नही था
अनेक अभद्र शब्द से दादा-दादी ने गाली गलोच न किया
हम दोषी हमारे कारण पिताजी, "जापानी कैदी" घर नहीआए
ताउ का लड्का "बाबु साहिब" नाम से कभी नहीं बुलाया

संन्धी हो गया, युद्ध थम गया, युद्धबन्दी लौट रहे थे
कुछ महिने में पिताजी छुट्टी आने का खुश खबर था
निमेष भर याद है, पिताजी आयेगे हम बहुत खुश थे
माताजी ने हर्ष के आँसु, चुन्नी से पोछ लिए थे

बकरा और खसी को हरा घास, मक्की का आटा खिलाया
काला स्थानीय बंगुरको भुसा के साथ विटामीन पिलाया
पुराने धान को मजदुरी देकर, कुट कर चावल बनाया
"सिंजाली कान्छा फौजी आ रहा है" गांव-गांव मे कटुवाल ने संदेश फैलाया

बहुत महिने वाद जगतभंञ्याङ्ग मे आदमियो का लस्कर देखा गया
"सिंजाली कान्छा फौजी आ रहा है" गांव के लोग घर पर ही आ गए
झटपट गायको खुटे में, बहरियों को खोर में बन्द किया
पिताजी आ रहे हैं, दूर पनघट पर पानी लेने दौड्कर गयी

घना जंगल, पगडण्डी, धावा, कुवां यहाँ-यहाँ
अपने आप पकाना, खाना, विकल्प नहीं, भुखा रहना
बढे-बढे टिन के काले सन्दुक, बढे-बढे सामान उठाकर कुली आया
काला नमक, सुखा मच्छी, मिट्टि का तेल, लाल्टेन, चमेरा मार्क, सिगरेट, नरियल, मिश्री लाया

गागर मे छोटा मटका रखकर पनघट् से ठण्डा पानी लाया

हातमे अमखरा, करुवा, सिलेट का लोटा जमिन मे रख दिया
मातीजाँड, मठलिया, गिलास मे दिया, सिंकी अचार दुना मे डाल दिया
"पिताजी को नमस्ते नही किया ?" झटसे देखा, हाथ जोड् लिया

पिताजी ने "बिटीया" भी नहीं कहाँ, मै भी पास नही गयी
युद्ध के क्षण, कैदी के कारण हम दोषी मै नहीं भुली
पिताजी पैर मे बंधा रस्सी खोल्ने लगे मैं दूर खडी होकर देखने लगी
ऐ जुत्ते और मोजे। सडी सी बद्बु, सब थुकने लगे

माताजी ने जुत्ते मोजे धोकर छतपर धुम में सुखाया था
"धराप-धराप" करते पिताजी के जुत्ते पहनना मेरा मनसाया था
उलट पलट के देखा, पतला पांव जुत्ते पहनना कहाँ आता था
जैसे तैसे जुत्तों में पांव डाला, खुश, चलें कैसे ? मैं अनजान थी

दादी चिल्लायी "ये कैसी अनहोनी, इस मनहुस को क्या क्या आतीहै !
पिता के जुत्तो में पांव डालना अभागीन, भाग्य में होना पड्ता है"
दादीने डण्डी बजाई कमर नहीं टुटा बडा सा सुजन हुआ है
बहुत देर तक सिसकती-सिसकती रोती रही जुतों को देख देख कर मैं

"लड्किया चुलबुली नही होना" पिता जी बिच में बोल पडे
दिन भरका चरवाहा, रोते-रोते थर कर सो गयी थी छत पे
माता बोली, खा लिया होगा जाकर सो जाओ चटाई मे
डण्डे का चोट से ज्यादा चोट थी पिताजी के शब्दओं मे

रात भर रोयी थी मैं, जल्दी सुबह हुआ माँ भी बोली दोषी मैं
पिताजी आए अैं "गौ चराना नही जाना" जायेगा कौन ? जाना ही मैं
गाय, बकरी चर्ने चल पडी, कमर से ज्यादा दर्द दिल मैं
नजर उठाकर देखा पिताजी के जुत्ते, छत पर, सुख रहे थे धुपमें !

जुत्ते-मोजे पहनकर चलना, सौख था सौख ही रह गये
रात और दिन, हफ्ता-महिना होत होते, सालौं साल हो गये
पिताजी सेवा निवृत् हो गये, सुकता वही वैसे जुत्ते ?
मैं कभी कभी मायेके आती हुँ, वही सुकता, वहीं छत पे वही जुत्ते ?

प्रस्तुत कविता मनुमुक्त मानव मेमोरीयल ट्रस, नारनौल, हरियाणाद्वारा आयोजित अन्तर्राष्ट्रिय नागरी लिपि सम्मेलनमा डा. मनुमुक्त मानव नगरि सम्मान कार्यक्रमा २४ मार्च २०१९ वाचन गरिएको सम्मानित कविता हो।

# विश्वकै सबैभन्दा कान्छी प्रधानमन्त्री

फिनल्याण्डमा सोसियल डेमोक्रेटिक पार्टीवाट सन्ना मारिन प्रधानमन्त्री चयन भएकी छिन् । यिनको उमेर ३४ वर्षको छ । अहिले यी विश्वकै सबैभन्दा कान्छी प्रधानमन्त्री बनेकी छिन् । यो गठबन्धन सरकार हो । जहाँ वामपन्थीहरुको शक्ति बलियो छ ।

हाल यातायात मन्त्री रहेकी मारिन यो साताभित्रै प्रधानमन्त्रीको सपथ खानेछिन् । विश्वका धेरै देशले युवाहरुलाई राजनीतिमा प्राथमिकता दिएका छन् । युवाको नेतृत्व राम्रो हुने विकसित मुलुकले देखाइसकेका छन् । हुलाक सेवामा भएको हड्तालका विषयमा विश्वासको मत गुमाउँदा फिनल्याण्डका प्रधानमन्त्री आन्ती रिन्नेले राजीनामा दिनु परेको थियो ।

रिन्नेले राजीनामा दिएपछि सत्तारुढ सोसियल डेमोक्रेटिक पार्टीले सन्नालाई प्रधानमन्त्री बनाउने निर्णय गरेको हो । सन्ना नेतृत्वको सरकारमा सदनका ५ दल सहभागी हुनेछन् । जसमा दलको प्रतिनिधित्व पनि महिलाकै नेतृत्वमा हुनेछ । सोसियल डेमोक्रेटिक पार्टीबाट मारिन प्रधानमन्त्री बन्नेछिन् । वामपन्थी गठनबन्धले ३२ वर्षीया ली एन्डरसनले नेतृत्वमा सरकारमा सहभागिता जनाउनेछ ।



ग्रीन लिग पार्टीबाट ३४ वर्षीया मारिया ओसिसालो, सेन्टर पार्टीबाट ३२ वर्षीया क्याट्री कुल्मुनी र स्विडिस पिपुल्स पार्टी अफ फिनल्याण्डबाट ५५ वर्षीया अन्ना हेर्निकसनले सरकारमा पार्टीको नेतृत्व गर्नेछन् । प्रधानमन्त्रीमा चुनिएपछि सन्नाले भनिन्,'मैले मेरो उमेर वा लिङ्गबारे कहिल्यै सोचेकी छैन । म राजनीतिमा आफू आउनुका कारण र हामीले निर्वाचन मण्डलबाट विश्वास पाउनुका कारणबारे सोच्छु ।'

विश्वकै सबैभन्दा कान्छी प्रधानमन्त्री बन्न गइरहेकी सन्ना आफ्नो परिवारबाट अध्ययनका लागि विश्वविद्यालय जाने पहिलो व्यक्ति हुन् । उनलाई उनकी आमाले एक्लै पालेकी थिइन् ।

"ओफेल भित्रका वास्तविक सचेतना अभियान" का साथ प्रकाशन भइरहेको **हाम्रो गोरेटो राष्ट्रिय मासिक पत्रिका**ले छैठौं वर्ष सफलता साथ पूरा गरी सातौं वर्षमा प्रवेश गरेको सुखद अवसरमा उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी दिनमा अझ निश्पक्ष, रचनात्मक र विश्लेषणात्मक लेख, रचना एवं समाचार सम्प्रेषण गरी पाठकवर्गको मन जित्न सफल होस् हार्दिक शुभकामना !

**दर्ता नं.: २२४५/०७२/०७३**

**एम. जि. क्लब परिवार**

बुटवल उ.म.न.पा.-११, देवीनगर, रुपन्देही

# तेह्रौं साग खेलकूदमा नेपाललाई अभूतपूर्ण उपलब्धि

१३ औं दक्षिण एसिया खेलकुदको आयोजक नेपाललाई ऐतिहासिक ५१ स्वर्ण पदक दिलाउँदै दक्षिण एसियाली खेलकुद (साग) को १३ औं संस्करण मंगलबार सम्पन्न भएको छ। मंसिर १५ गतेदेखि १० दिनसम्म चलेर मंगलबार सम्पन्न सागको अन्तिम नतिजाअनुसार दोस्रो स्थानमा रहेको नेपालले ५१ स्वर्ण, ६० रजत र ९५ कांस्य जितेको छ । सागको ३५ वर्षे इतिहासमा नेपालले ऐतिहासिक नतिजा निकालेको हो । यसैगरी भारत सर्वाधिक १७४ स्वर्ण जित्दै पहिलो बन्न सफल बनेको छ। उसले ९३ रजत र ४५ कांस्य पनि जितेको छ । यस्तै तेस्रो स्थानमा रहेको श्रीलंकाले ४० स्वर्ण, ८३ रजत र १२८ कांस्य जितेको छ भने चौथो स्थानमा रहेको पाकिस्तानले ३१ स्वर्ण, ४१ रजत र ५९ कांस्य जितेको छ । यसैगरी पाँचौ स्थानमा रहेको बंगलादेशले १९ स्वर्ण, ३२ रजत र ८७ कांस्य जितेको छ। माल्दिभ्स एकमात्रै स्वर्ण जितेर दै छैटौं बनेको छ। यस्तै उसले ४ कांस्य जितेको छ भने भुटान स्वर्ण पदकबिहीन बनेको छ। उसले ७ वटा रजत र १३ वटा कास्य पदकमात्रै जितेको छ। समग्रमा सागमा दक्षिण एसियाली सदस्य राष्ट्रका देश भुटान र माल्दिभ्स कमजोर देखिएका छन्।



समापन कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले भने भिडिओमार्फत् सन्देश दिएका छन् । मंगलबार खेल समापनपछि भिडिओमार्फत् प्रधानमन्त्री ओलीले भने, 'भूकम्पबाट ध्वस्त भएका संरचनाहरू तयार गरेर खेल आयोजना गर्न सफलता मिलेको छ । यसपल्टको खेलमा पहिले भन्दा बढी खेलाडीको सहभागिता र खेलहरूको संलग्नता रहेको छ । पदकहरू पनि यस पटकको तेह्रौं साग गेममा पहिले भन्दा धेरै राखिएका छन्। समग्रतामा भन्दा यो सफल र ऐतिहासिक खेलकूद रहेको छ ।' उनले १३ औं सागमा कास्य पदक जित्नेलाई सरकारले ३ लाख, रजत पदक जित्नेलाई ६ लाख र स्वर्ण पदक जित्ने खेलाडीलाई ९ लाख दिने घोषणा गरेका छन्। साथमा २/२ भन्दा बढि स्वर्ण जित्ने खेलाडीलाई जनही ११ लाख दिने र समूह खेलमा जित्नेलाई ५-५ लाख पाउनेछन् । स्वर्ण जित्ने खेलाडिका प्रशिक्षकले पनि ५ लाख पाउने घोषणा गरेका छन्।


यसका साथै, खेलमा सहभागिता जनाएका राष्ट्, प्रशिक्षक र खेलाडीलाई समेत उनले धन्यवाद दिएका छन्।

दुई सातासम्म करिव ५ हजार विदेशी पाहुनाको सुरक्षा/व्यवस्थापन र भव्य उद्घाटन तथा समापन समारोह आयोजना त्यति सजिलो थिएन। एउटा ठूलो अन्तर्राष्ट्रिय प्रतियोगिताको सफल आयोजना र यसमा स्वदेशी खेलाडीहरुले प्राप्त गरेको अभूतपूर्व उपलब्धी दुबै भएको छ।

१३औं दक्षिण एशियाली खेलकुद प्रतियोगिता (साग) को तीन घण्टा १४ मिनेट लामो नेपालको कला, संस्कृति र प्राकृतिक सौन्दर्यको रुपमा आकर्षक र भव्य समारोहबीच राष्ट्रपति विद्यादेवी भण्डारीले दशरथ रङ्गशालामा उद्घाटन गरेकी थिइन् । राष्ट्रपतिको आगमनपछि सहभागी मुलुकका खेलाडीको मार्चपासबाट उद्घाटन समारोहमा शुरु भएको थियो। सन् १९८४ मा नेपालबाटै शुरु भएको सागको आठौं संस्करण नेपालले १९९९ मा र २०१९ मा गरी तेस्रो पटक आयोजना गरेको हो । समारोहमा सात हजार ५०० को संख्यामा रहेका कलाकारले नेपालका साथै सदस्य मुलुकको मौलिक संस्कृति झल्कने विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्दै नेपालको नक्साको आकारसहितको राष्ट्रिय झण्डाको आकृति बनाएका थिए। मुलुकका सातै प्रदेश पुऱ्याएर ल्याइएको सागको ज्योति समारोहमा प्रवेश गराइएको थियो । भव्यरुपमा सिँगारिएको दशरथ रङ्गशालामा आयोजित विशेष समारोहमा राष्ट्रपति विद्यादेवी भण्डारीले साँझ १७:५७ बजे प्रतियोगिता शुरुआत भएको घोषणा गरेकी थिइन्।

समारोहलाई सम्बोधन गर्दै

उपप्रधानमन्त्री ईश्वर पोखरेलले यो खेलकुद प्रतियोगिता प्रतिस्पर्धा र पदक मात्र होइन, सार्क मुलुकबीचको एकता र मित्रता पनि हो भनि बताए थिए। दक्षिण एसियाली ओलम्पिक काउन्सिलका अध्यक्ष जिवनराम श्रेष्ठले साग मिनी ओलम्पिकको रुपमा रहेको र युवा खेलाडीका लागि प्रतिभा देखाउने अवसर रहेको बताए भने साग कार्यकारी समितिका अध्यक्ष तथा राष्ट्रिय खेलकुद परिषदका सदस्यसचिव रमेशकुमार सिलवालले थोरै समयमा पूर्वाधार तयार पार्दै साग आयोजना गर्न सफल भएको बताए। काठमाडौं, पोखरा र जनकपुरमा मंसिर १५ गतेदेखि २४ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगितामा ७ देशका २७ सय भन्दा बढी खेलाडीले ३१७ स्वर्ण, ३१७ रजत र ४८१ कास्यका लागि १० दिनसम्म प्रतिस्पर्धा हुने सिलवालले जानकारी दिएका थिए। सागमा नेपाल, भारत, बङ्गलादेश, पाकिस्तान,माल्दिभ्स, भूटान र श्रीलङ्काका खेलाडीले २६ खेल विधामा प्रतिस्पर्धा गरेका थिए।



| Participating Country | | Gold | Silver | Bronze | Total |
|---|---|---|---|---|---|
| India | | 174 | 93 | 45 | 312 |
| Nepal | | 51 | 60 | 95 | 206 |
| Sri Lanka | | 40 | 83 | 128 | 251 |
| Pakistan | | 31 | 41 | 59 | 131 |
| Bangladesh | | 19 | 32 | 87 | 138 |
| Maldives | | 1 | 0 | 4 | 5 |
| Bhutan | | 0 | 7 | 13 | 20 |

सागको उद्घाटन र समापन समारोहको बजेट मात्र १५ करोड रुपैयाँ रहेको छ। साग आयोजनाका लागि नेपाल सरकारले ५ अर्ब २५ करोड लगानी गरेको छ। सागलाई सफल तुल्याउन करिब १८ हजार सुरक्षाकर्मी र ५०० स्वयंसेवक परिचालन गरिएको छ। साग उद्घाटन समारोह कार्यक्रम अवलोकनका लागि उपराष्ट्रपति नन्दबहादुर पुन, प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणा, नेकपाका अध्यक्ष पुष्पकमल दाहाल, पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल लगायका विशिष्ट महानुभाव रङ्गशाला पुगेका थिए।

## सागमा ४ स्वर्ण पदक बिजेता को हुन् गौरिका सिंह




बझाडमा पुख्र्यौली घर भएका डाक्टर पारससिंह र गरिमा राणाको कोखबाट जन्मिएका गौरिका सिंह १७ वर्षकै सानो उमेरमा यति ठूलो सफलता पाउनेछिन् भन्नेमा स्वयम् उनैलाई विश्वास थिएन। आफू सहभागी सबै प्रतिस्पर्धामा पदक जितेकी गौरिकाले सागको एकै संस्करणमा सबैभन्दा धेरै ४ स्वर्ण २ रजत र ३ कांस्य समेत गरी ९ वटा पदक प्राप्त गरिन्। गौरिकाले ४ वटा स्वर्णबाट ४४ लाख र २ वटा रजतबाट १२ लाख रुपैयाँ गरी ५६ लाख नगद प्राप्त गर्ने छिन्। त्यसो त प्रधानमन्त्रीले पनि विशेष प्याकेज घोषणा गर्ने बताएका छन्।

गौरिकाकी आमा गरिमा राणा २०५० सालको एस.एल.सी. बोर्ड फस्ट हुन्। गौरीका २ वर्षको हुँदा उनलाई लिएर बाबुआमा लण्डनमा गई स्थायी बसोबास गरिरहेका छन्। लण्डनको रोयल फ्रि हस्पिटलमा यरोलोजिष्टका रुपमा डा. पारस कार्यरत छन्। ९ वर्षमा स्थानीय प्रतियोगितमा भाग लिएपछि गौरिकामा पौडी प्रतिको लगाव बढेको थियो।

ब्राजिलको रियो ओलम्पिक्स कि कान्छी खेलाडी बन्दा उनी विश्वभर चर्चामा आएकी थिइन। १२ औं दक्षिण एसियाली खेलकूदमा उनले नेपाललाई २०० मि. इन्डिभिजुअल मिडलेमा रजत पदक जितेकी थिइन।